चैत २९, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

**अन्तरिम सरकारमा माओवादी छलाङ्ले राजनीतिक स्थिरताको अपेक्षा गरिए पनि उनीहरूको आचरण र व्यवहार परीक्षणकै क्रममा छ ।**

# छलाङ



मूल्य रु. २५



भास्वर ओझा

अन्तरिम सरकारका मन्त्रीहरूलाई सपथ गराउँदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला




वर्ष ३, अंक १५१, चैत २३–२९, २०६३




आवरण : माओवादीका मन्त्रीहरू

*तस्वीर : भास्वर ओझा*


**आवरण :** एक दशकभन्दा लामो हतियारको राजनीति औपचारिक रूपमा विसर्जन गरेर माओवादी अन्तरिम सरकारमा सामेल भएको छ । सशस्त्र विद्रोहबाट राज्यसत्ता कब्जा गर्ने उद्देश्य बोकेको माओवादीमा आएको छलाङ हो यो । अब माओवादीले आफूलाई आचरण र व्यवहारगत रूपमा पनि प्रमाणित गर्नुपर्छ २४

**अन्तर्वार्ता**

प्रदीप नेपाल : हिंसाका मानसपिता माओवादी नै हुन् २८

कृष्णबहादुर महरा : अमेरिकी धारणामा परिवर्तन हुनसक्छ ३०

**शिक्षा**

विश्वविद्यालयका पदहरूमा भयो भागबन्डा १९

**रिपोर्ट**

अझै बनेन विस्थापितहरूलाई घर फर्कने आधार २०

**पर्यटन**

भिजिट पोखरा २००७ का अवसरमा पर्यटक लोभ्याउन प्याकेजहरू २३

**योजना**

तीनवर्षे अन्तरिम योजनाको प्राथमिकता हुनेछ– पुनर्निर्माण ४०





**रंग :** राजधानीबाट १ सय ८० किमी टाढा जिरीमा गत साता महोत्सवको रंग राम्रै चढ्यो ५४

सम्पादकीय ................................ ५
डाँक ......................................... ८
टिपोट ....................................... १०
मुलुक ....................................... १२
साहित्य ..................................... ५१
अनुहार ..................................... ५७
शून्य समय ................................ ५८

# अन्तरिम सरकारको त्रुटि

**अन्तरिम सरकारको** गठन र त्यसमा माओवादीको प्रवेशले नेपालमा शान्ति प्रक्रिया निर्दिष्ट गन्तव्यतर्फ महत्त्वपूर्ण फड्कोका साथ अगाडि बढेको देखिन्छ। निश्चय पनि यो स्वागतयोग्य उपलब्धि हो। तर, यसले बढाएको चुनौतीलाई खासगरी माओवादीले आत्मसात गर्दै त्यसअनुसार आफ्नो व्यवहार चरित्र र मान्यतालाई बदल्न सकेनन् भने दुर्घटनाको सम्भावना यथावत् नै रहनेछ। अबको मान्यता संसदीय व्यवस्था र प्रजातन्त्र तथा त्यसमा निहित सबै स्वतन्त्रता एकातिर र अर्कोतिर उत्तरदायित्व तथा जवाफदेहिताको सिद्धान्तमा बाँधिएको सरकारको हुनेछ।

माओवादीको सरकारमा प्रवेशका साथै द्विपक्षीय वार्ताटोलीहरूको विघटन स्वभाविक प्रक्रिया हो। तर, शान्ति प्रक्रिया अन्त भइसकेको छैन। सत्य तथा मेलमिलाप आयोगको गठन भइसकेको छैन। सरकार गठन द्वन्द्व समाप्तिको दिशामा एउटा महत्त्वपूर्ण चरण हो। तर, द्वन्द्वका समयमा भएका मानवताविरोधी र ठूला अपराधका अभिलेख तयार गर्ने, दोषीहरूका कबुलनामा रेकर्डमा ल्याउने र क्षमा आदानप्रदानका कार्यमा माओवादी र पूर्वको सत्तापक्षले गम्भीरता देखाएनन् भने भावी राजनीति पनि दण्डहीनताको जगमा उभिनेछ।

## सम्पादकीय

मन्त्री रामचन्द्र पौडेलले दाबी गरेजसरी नवनिर्मित शान्ति तथा पुनर्निर्माण मन्त्रालयले प्रस्तावित आयोगलाई विस्थापित गर्न सक्दैन र त्यस्तो प्रयास मुलुकविरुद्धको अपराध हुनेछ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकारका विभिन्न घटकहरूको सिफारिसमा सरकार बनाए पनि आफ्नै दलबाट आएको विरोधलाई बेवास्ता गरी कृष्णप्रसाद सिटौलालाई गृहमन्त्री बनाएर राजनीतिक समझदारीभन्दा बढी आफू विकल्पहीन भएको दम्भबाट उनी ग्रस्त भएको देखिन्छ। मुलुकको कानुन व्यवस्था बिग्रेको मात्र हैन, विगत दुई महिनामा मधेसी जनाधिकार फोरम तथा माओवादीतर्फबाट भएका कमसेकम ६० नागरिकहरूको हत्याका लागि सिटौलाको आपराधिक अक्षमता दोषी छ।



अन्तरिम सरकार गठन भएको दिन

समय

तराईमा असन्तोष एकातिर र राजनीतिको अखडा र मनोबलरहित प्रहरीबलको नेतृत्व पुनः उनलाई दिएर कोइरालाले राज्यलाई विखण्डनतिर धकेल्ने खतरनाक खेल खेलेका छन्। यो अपराधका लागि मुलुकले उनलाई क्षमा दिनेछैन। हुन सक्छ, माओवादीको दबाबमा कोइराला यसो गर्न विवश भएका हुन्। तर माओवादी नेतृत्वले सिटालाको बैसाखी टेकी तराई आन्दोलन र त्यहाँका आफ्ना राजनीतिक प्रतिद्वन्दीलाई दबाउने सोच राख्नु राजनीतिक समझदारीको अभाव हो।

लहान रमेश महतोको हत्यादेखि गौर नरसंहारसम्मको हत्या हिंसाको शृंखलामा छानबिन हुनै पर्छ र छानबिनको त्यो प्रकरण नसकिएसम्म सिटौलालाई सत्तामा राख्नु प्रजातन्त्र र कानुनी राज्यको मान्यतालाई पूर्णरूपमा नकार्नु सरह हुनेछ।

अन्तरिम सरकारको गठनपछि मुलुकका समस्याहरू समाप्त भएका छैनन्। जनचाहना र जनसंलग्नतालाई प्रोत्साहित गर्दै शान्ति प्रक्रियालाई शान्ति, प्रजातन्त्रको स्थायित्व र आर्थिक समृद्धिलाई लाने जिम्मेवारी सरकारको बन्न गएको छ। तर, आपराधिक अक्षमताका व्यक्तिहरूलाई जिम्मेवारी दिएर त्यो कर्तव्य पूरा गर्न सकिनेछैन। ■


समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१




**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता (ब्यूरो चिफ)**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा



**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२




## समय साता

### एसएलसी सुरु



२०६३ सालको एसएलसी परीक्षा सुरु, मुलुकभरका ३ लाख ६८ हजार ७ सय ७८ विद्यार्थी सम्मिलित। १ हजार १ सय ८६ केन्द्रबाट परीक्षार्थीहरू परीक्षा दिँदै।

### सार्क सम्मेलन

भारतको नयाँ दिल्लीमा दक्षिण एसियाली राष्ट्रहरूको १४ औं सार्क शिखर सम्मेलन।

### महिला प्रतिनिधित्व माग

सरकारमा महिलाहरूको समानुपातिक प्रतिनिधित्व नभएको भन्दै दुई दर्जन महिलाअधिकारवादी समूहद्वारा सभामुख सुवासचन्द्र नेम्वाङलाई ज्ञापनपत्र। कानुनमाझैं व्यवहारमा पनि महिलाहरूको भूमिकालाई उचित ठाउँ दिन अधिकारवादीको माग।

### पूर्व प्रधानसेनापतिसँग बयान



शाही शासनकालमा भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन प्रधानसेनापति प्यारजंग थापासँग अख्तियार अनुसन्धान आयोगमा बयान।

### लोडसेडिङ घट्यो

साताको ४० घन्टा हुने गरेको लोडसेडिङ विद्युत् प्राधिकरणले २ घन्टामा झार्‍यो।

### विधेयक पारित

निर्वाचनसम्बन्धी कसुर र सजाय विधेयक व्यवस्थापिका संसद्द्वारा पारित। संविधानसभाको निर्वाचनमा जान निर्वाचन आयोगलाई सजिलो होस् भनेर।

### दल दर्ता खुला

संविधानसभाको निर्वाचनमा भाग लिनका लागि दलदर्ता गराउन निर्वाचन आयोगद्वारा दलहरूलाई आह्वान। दल दर्ताको अन्तिम मिति वैशाख १४।

### सुझाव

नेपालको यातायात प्रणालीलाई समयसापेक्ष बनाउन यातायात मजदुरहरूको सुझाव। यसका लागि यातायात नीति परिमार्जन गर्न जोड।

### बाढीले मृत्यु

अफगानिस्तानको राजधानी काबुल र पूर्वी हिन्दुकुश पर्वतीय शृंखलाका बस्तीहरूमा आएको बाढीबाट तीसजनाको मृत्यु, सयौं अलपत्र।

### ग्याँस अभाव

नेपाल आयल निगमले खाना पकाउने ग्याँस सर्वसुलभ गर्न नसकेको भन्दै राजधानीका ग्याँस वितरकद्वारा नेपाल आयल निगम घेराउ। राजधानीमा अहिले पनि ग्याँसको अभाव।

### क्षेप्यास्त्र परीक्षण

पाकिस्तानद्वारा जमिनबाट जमिनमा प्रहार गर्न मिल्ने परमाणु क्षमतायुक्त ब्यालेस्टिक क्षेप्यास्त्रको परीक्षण।

### सहमत

दक्षिण एसियाली मुलुकहरूमा पत्रकारहरूको संचार अभिव्यक्ति र स्वतन्त्रताको अधिकारलाई सुनिश्चित गर्ने कुरामा सार्क सरकार सहमत। संचारकर्मीलाई प्रोत्साहन गर्न तत्काल लागू हुने गरी हरेक देशका ५०-५० जनालाई भिसा स्टिकर दिन सहमत।




## अब हिंसा होइन

*समय* (वर्ष ३, अंक १४९) मा छापिएको गौर घटनाको बारेमा समाचार पढियो। गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजीनामा मागेको जनाधिकार फोरमको माग उनीहरूले गराएको घटनासँगै सकिएका छन्। यस्ता घटनाहरू जो सुकैले गरेका हुन्, तिनलाई क्षमा गर्न सकिँदैन। मधेसी जनाधिकार फोरमले पनि यस्तै गरेको छ। मुलुक संक्रमणकालमा गुज्रिरहेका बेला हिंसात्मक घटना हुनु असामान्य होइन, तर जसरी दर्जनौंको ज्यान लिने गरी फोरमले घटना गरायो। यो मधेसकै लागि नराम्रो धब्बा सावित हुन सक्छ।

शान्तिपूर्ण राजनीतिमा ओर्लिएको माओवादीको व्यवहार परिवर्तन हुन नसकेको भए पनि उनीहरूलाई जनताले निर्वाचनमा सकब सिकाउँछन्। अब जोसुकैले पनि आक्रमण र हिंसाको राजनीतिलाई त्याग्नु पर्छ। गौर घटनाको जति निन्दा गरे पनि कम छ। माओवादीले बदलाको भावना त्याग्यो भने यो माओवादीको राजनीतिक विजय समेत मान्न सकिन्छ।

■ **प्रचेश आचार्य**
नयाँबानेश्वर, थापागाउँ-१०

## गुणस्तर खस्कियो

म *समय*को नियमित पाठक हुँ। विगतका अंकहरूमा जस्तो समयको गुणस्तरमा केही कमी आएको जस्तो अनुभव भएको छ, अहिले मलाई। हुनत चिनी पनि सधैं खाँदा तितो हुन्छ भन्छन्। पहिलेका अंकहरूमा केही खोजमूलक समाचार पढ्न पाइन्थ्यो, अहिले यस्ता समाचारमा कमी आएको छ। *समय*को साख बचाउन ठूलो सहयोग पुर्‍याउँदै आएका यस्ता समाचारलाई नियमित रूपमा राख्नु पर्‍यो।

■ **दिवेश पोखरेल**
कपन, काठमाडौं

## खै ग्याँस ?

*समय* (वर्ष ३, अंक १५०) मा छापिएको 'संकटग्रस्त दैनिक' हेरें। तराईको आन्दोलन भएदेखि विशेष गरी राजधानीको जनजीवन संकटग्रस्त बन्दै गएको छ। ठूलाहरूलाई त चैन नै होला, तर गरिबहरूको लागि यो अवस्था सहज छैन। कतै ग्याँस छैन, स्टोभ बालौंला भन्दा मट्टितेल छैन। तैपनि सरकारी पक्ष संवेदनशील देखिएको छैन। पक्कै हो राज्य मुलुकको ठूलो समस्या समाधान गर्न रातदिन लागिरहेका बेला यस्ता समस्या ठूला होइनन्, तर बजारमा नुनसम्म नपाउने अवस्था आउँदा मात्र सरकार सक्रिय हुने नीति त्याग्नु पर्छ। पेट्रोलियम पदार्थ त ठूलाबडाले प्रयोग गर्ने भए मट्टितेल त सर्वसाधारणले प्रयोग गर्ने वस्तुमा पर्छ। यस्ता कुरामा पनि किन सरकारी पक्षको


समय

ध्यान पुग्न नसकेको हो ? के सानोभन्दा सानो कुरा पाउनलाई पनि जनताले आन्दोलन नै गर्नु पर्ने हो ?

■ **ईश्वर खड्का**
रामेछाप
हाल : लैनचौर, काठमाडौं

## ऐतिहासिक समय

अहिले अन्तरिम सरकार दलितहरूका लागि ऐतिहासिक घडी हो। माओवादीलाई र मन्त्री पदमा पुगेका खड्कबहादुर विश्वकर्मा र एमालेको तर्फबाट मन्त्री बनेका छविलाल विश्वकर्मालाई बधाई दिन चाहन्छु। तर, पदमात्र ठूलो कुरा होइन, सही समावेशीकरण मुख्य मुद्दा हो। जनताको माग र मुद्दालाई कमसेकम दुई पार्टीले बुझ्ने प्रयास गरेका छन्। यसलाई पनि सकारात्मक पक्ष मान्न सकिन्छ। आगामी दिनमा अन्य दलहरूले समेत जनमतको सम्मान गरून्।

■ **सरोज दिलु**
काठमाडौं

## विवशता

■ **उमेश खतिवडा**

पारी पड्केको बमको आवाजले
मनमा भुइँचालो ल्याउँछ
र, निर्जन गल्छीमा
सानो आक्रोशित बालक
मेरो ख्याउटे अनुहार हेरिरहेछ।
उसको आँखाबाट ज्वारभाटको अस्त्र
प्रहार हुन खोज्दै छ र, म
केवल थाकेको उसको हेराइ बुझ्न
खोजेर पनि बुझ्न सकेको छुइनँ
अनेकौं प्रेतात्माहरू जो बारुदको
आवाजसँगै बिलाए र मेरो कानमा
आएर बरबराउन लागेका छन्
विद्रोहले भरिएका उसका
मुट्ठीहरू प्रहार हुन मात्र बाँकी छन्
तर, म विवशतामा छु
डरलाग्दो सपना जस्तै ती बालकहरूले
भोगेका यथार्थहरू बिर्सन सक्दिनँ
आँखाअगाडि आएर जिस्काइरहेका छन्
मेरा विवशताहरू

## गजल

■ **भाग्यशाली अधिकारी**

जलस्रोतको धनी देश, बल्ल थाहा आजै भयो
के भन्नु खै धनी देश भन्न पनि लाजै भयो।

जताततै अन्धमुष्ठी रात गाढा अझै भयो
कुर्दाकुर्दै बत्तीलाई न त भात खाजै भयो।

बगेको त्यो पानी सबै हेर खोलाखोलै गयो
बाटो कुर्दा सिँचाइको खेत सबै बाँझै रह्यो।

पर्‍यो पानी निकै पोहोर र त बाली राम्रो भयो
यसपालि त आउँछ नहर भन्दा खेत बाँझै रह्यो।

एकलौटी पार्‍यौं भन्यौं पानी सबै हाम्रै भयो
भयौं हामी हेर्‍याहेर्‍यै न त कुनै साँझै भयो।

जलस्रोतको धनी देश, बल्ल थाहा आजै भयो
के भन्नु खै धनी देश भन्न पनि लाजै भयो।

## कसैलाई मान्य छैन

*समय* (वर्ष ३, अंक १४९) को गौर घटनाको बारेमा पढ्ने मौका पाइयो। आम नेपाली जनता मुलुकले खेपेको जनयुद्धबाट आजित भएका छन्। यस्ता बेलामा भएको गौर घटना कसैलाई पनि

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोन: ४४४३८८८/२११२०९४

मान्य छैन। फोरमले यो बुझ्न जरुरी छ। गौर घटनाअघि जति तराईको फोरमप्रति झुकाव थियो गौरपछि त्यो रहेन। जनताको आवाज कसैलाई मारेर फस्टाउँदैन। ११ वर्षसम्म यस्तै रणनीति अपनाएको माओवादी समेत परिवर्तनको बाटोमा हिँडिरहेका बेला फोरमको यो कदमको जति निन्दा गरे पनि कम हुन्छ।

अब नेपालीले मारकाटको राजनीतिलाई तिरष्कार गरेका छन्। सबैलाई मुलुकले समेट्नु पर्छ, तर ज्यान लगेर कुनै पनि मुद्दा सफल हुन सक्दैनन्। गौर घटनाले फोरमको उचाइ ध्वस्त बनाएको छ। तराईका मागलाई थाती राखेर मृत्युको राजनीति अँगाल्नेलाई तराईको समर्थन पनि हुनेछैन।

■ **ईश्वरी यादव**
सुनसरी
हाल : कालिमाटी, काठमाडौं

## अब किन अवरोध ?

*समय* (वर्ष ३, अंक १५०) मा छापिएको 'माओवादीद्वारा निर्माणमा अवरोध' शीर्षकको समाचार हेरें। शान्तिपूर्ण राजनीतिमा आइसकेपछि र राज्यसत्तामा पुगिसकेपछि माओवादीले गर्ने यस्ता क्रियाकलाप कमसेकम जनतालाई मान्य हुँदैनन्। यस्ता क्रियाकलाप माओवादीले नसच्याउने हो भने भोलि संविधानसभाका लागि जनतासँग भोट माग्न जान पनि लाज हुनेछ। अब जनता विकास चाहन्छन्, विकासमा बाधा होइन। अहिले पनि जनताले माओवादीका खुट्टा समाएर र रोएर विकास देऊ भन्ने अवस्था हुने हो भने माओवादी कहिल्यै जनताको पार्टी मानिनेछैन। बेलैमा माओवादीलाई यसको जानकारी होस्। जनताकै लागि लगिएका विकासहरूमा माओवादी तगारो बन्ने हुन् भने मुलुकले कहिले विकासको स्वाद पाउने ?

■ **शान्ता अधिकारी**
संखुवासभा
हाल : धापासी

## कथा उत्कृष्ट

*समय* (वर्ष ३, अंक १५०)मा छापिएको रोशन थापा 'निरव'को कथा अति राम्रो लाग्यो। यसका लागि कथाकारलाइ धन्यवाद नदिइरहन सक्दिनँ। पछिल्ला वर्षहरूमा कथालेखन बढे पनि पुस्तकका रुपमा बजारमा कथाहरू आउन सकेका छैनन्। कथाकारलाई यस्ता उत्कृष्ट कथाहरू समेटेर एउटा कथासंग्रह निकाल्न आग्रह गर्छु।

■ **विनय 'राज'**
रत्नराज्यलक्ष्मी क्याम्पस
काठमाडौं



***समय* साप्ताहिक (वर्ष ३, अंक १५०)मा प्रकाशित कास्की घान्द्रुक गाउँका बारेमा छापिएको समाचारमा प्रयोग भएको तस्बिर सौरभ शर्माले खिचेका हुन्। भूलवश अर्कै नाम पर्न गएकोमा क्षमाप्रार्थी छौं।**




# भोटेकोशीको ९५ प्रतिशत हिस्सा नेपालीको

**हिमाल इन्टरनेसनल** इनर्जी प्रालिले इन्टरनेसनल फाइनान्स कर्पोरेसनको भोटेकोशी पावर कम्पनीमा रहेको १० प्रतिशत सेयर खरिद गरेको छ। उक्त कारोवार सम्पन्न भएपछि हाल भोटेकोशी पावर कम्पनी प्रालिमा हिमाल इन्टरनेसनल इनर्जी प्रालि र यसको भगिनी कम्पनी हिमाल इन्टरनेसनल पावर कर्प प्रालिको समेत गरी ९५ प्रतिशत सेयर स्वामित्व कायम भएको छ। अमेरिकी इन्जिनियरिङ कम्पनी मोन्टगोमेरी वाट्सन हार्जाको स्वामित्वमा रहेको आरडिसी अफ नेपालको भोटेकोशी पावर कम्पनी प्रालिमा ५ प्रतिशत सेयर स्वामित्व भने कायमै छ। इन्टरनेसनल फाइनान्स कर्पोरेसन कम्पनीको प्रमुख ऋणदाताको रूपमा कायमै रहेको कम्पनीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

भोटेकोशी पावर कम्पनी प्रालि सिन्धुपाल्चोक जिल्लामा अवस्थित जनवरी २००१ देखि संचालनमा आएको ३६ मेगावाट क्षमताको 'रन अफ दी रिभर' विद्युत् परियोजना हो। ९ करोड ८० लाख अमेरिकी डलरको लागतमा निर्मित यस परियोजनाले विद्युत् खरिद सम्झौताअन्तर्गत नेपाल विद्युत् प्राधिकरणलाई विद्युत् बिक्री गर्दै आएको छ। हाल भोटेकोशी नेपालको स्वतन्त्र निजी विद्युत् उत्पादकहरूमध्येको अग्रणी कम्पनी हो। भोटेकोशी पावर कम्पनीको व्यवस्थापन हाल तारा म्यानेजमेन्ट प्रालिले सम्हालेको छ।

# लक्ष्मी बैंकका पाँच वर्ष

**लक्ष्मी बैंक** लिमिटेडले स्थापनाको पाँच वर्ष पुरा गरेको छ। सन् २००२ मा वीरगन्जमा केन्द्रीय कार्यालय स्थापना गरी संचालनमा आएको यो बैंकले छोटो समयमै आफ्ना लोकप्रिय सेवाहरूमार्फत ग्राहकको मन जित्न सफल भएको छ। विज्ञप्तिमा बैंकले संस्थागत सुशासन तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको जोखिम व्यवस्थापन र अत्याधुनिक सूचना प्रविधिको अंगीकार गरेको उल्लेख छ। आठ शाखाहरूमार्फत सेवा उपलब्ध गराइरहेको लक्ष्मी बैंकको कुल सम्पत्ति ८ अर्ब रुपैयाँ रहेको र निष्क्रिय कर्जा शून्य दशमलव पाँच प्रतिशत मात्रै रहेको बताइएको छ। लक्ष्मी बैंकमा सन् २००४ मा हाइसेफ फाइनान्स लिमिटेड गाभिएको थियो। पाँच वर्षको अवधिमा सक्षम प्रणाली र जोखिम व्यवस्थापनको स्तम्भ तयार गरेको आगामी दिनमा त्यसलाई थप मजबुत पारिने प्रतिबद्धता कार्यकारी अधिकृत सुमन जोशीले बताएका छन्।

# जेन एस्टिलो बजारमा

**अरुण इन्टर** कन्टिनेन्टल ट्रेडर्सले नयाँ कार जेन एस्टिलो नेपाली बजारमा ल्याएको छ। भारतको प्रख्यात मोटर उत्पादक कम्पनी मारुतीले उत्पादन गरेको उक्त कार नेपाली बजारमा लोकप्रिय बन्ने विश्वासमा कम्पनी छ। अरुण इन्टर कन्टिनेन्टल मारुती सुजुकीको नेपालका लागि अधिकृत बिक्रेता रहेको छ। यसअघि बजारमा ल्याइएको जेनभन्दा जेन एस्टिलो उपभोक्ताका लागि थप सुविधायुक्त रहेको दाबी गरिएको छ। यो कार विभिन्न आठ रङमा उपलब्ध छ।


IDEAL MODEL SCHOOL
Announces
ADMISSION OPEN
for the Academic Session 2064 (2007/08)




School Prospectus and Admission forms are available at the school office from Sunday to Friday between 10:00 a.m. to 3:00 p.m. at Dhobighat, Lalitpur.

LEARN ABOUT US
- Operated and patronized by a group of highly prominent educationists of the nation.
- A team of 'Qualified' 'Dedicated' and 'Experienced' faculty members.
- Quality and life related education with emphasis on personality development and positive attitude building.
- Excellent academic environment for all round development and analytical thinking enhancement.
- Spacious and fully equipped infrastructure with modern facilities.
- Numerous co-curricular activities, games and sports.

COME VISIT US,
WE HAVE MUCH MORE

Limited seats for admission.

For further details contact us at: 5527703, 5521331

# 'स्वच्छ छवि'

**राजनीतिक नेताहरूको** आर्थिक छवि गिर्दै गइरहेको यथार्थलाई चुनौती दिँदै निवर्तमान एक मन्त्रीले दसमहिने कार्यकालमा आफूले एक पैसा पनि अतिरिक्त आय आर्जन नगरेको र सम्पत्ति नजोडेको विवरण सार्वजनिक गरेका छन् ।

निवर्तमान सरकारमा एमालेका तर्फबाट संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री रहेका प्रदीप ज्ञवालीले पदमुक्त भएको भोलिपल्टै सम्पत्ति विवरण सार्वजनिक गरेका हुन् । दस महिनाअघि सरकारमा सम्मिलित भएलगत्तै सार्वजनिक गरेको सम्पत्तिमा कुनै फेरबदल नआएको उनको दाबी छ ।

चैत १९ गते प्रेस वक्तव्यमार्फत ज्ञवालीले सार्वजनिक गरेको विवरणअनुसार श्रीमती सरस्वतीको नाममा कौशलटार भक्तपुरमा पाँच आना घडेरी, कृषि विकास बैंक नयाँ बानेश्वरमा बचत ३४ हजार रुपैयाँ, शंकरनगर रूपन्देहीमा रहेको सहकारीमा सञ्चित करिब एक लाख पच्चीस हजार रुपैयाँ रहेको छ ।

घरायसी प्रयोजनका सामान तथा पुस्तकहरूको एउटा महत्त्वपूर्ण संकलन पनि स्वामित्वमा रहेको उनले जनाएका छन् । जनआन्दोलन-२ को सफलतापश्चात् वैशाखमा बनेको सरकारको माओवादीसँग वार्ताटोली सदस्यको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका ज्ञवालीले पदमुक्त भएपछि पनि सम्पत्ति विवरण सार्वजनिक गरेर सहकर्मीहरूलाई पनि पारदर्शी बन्न दबाब दिएका छन् ।

कुनै कानुनले बाध्य नबनाएको भए पनि सार्वजनिक जीवन पारदर्शी हुनुपर्छ भन्ने आधारमा ज्ञवालीले यस्तो विवरण सार्वजनिक गरेको जनाएका छन् । 'नियम कानुनले बाध्य बनाए-नबनाएकोभन्दा पनि मेरो 'कन्भिक्सन' ले यस्तो विवरण सार्वजनिक गरेको हुँ ।'


सम्पत्ति विवरण सार्वजनिक मात्र हैन, मन्त्रीनिवासबाट डेरा सर्ने पहिलो मन्त्रीमा पनि उनी नै परेका छन् । पदमुक्त भएलगत्तै सम्पत्ति विवरण यसरी सार्वजनिक गर्ने ज्ञवाली सम्भवतः दोस्रो मन्त्री हुन् । २०५५ सालमा कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्रीबाट मुक्त हुनेबित्तिकै नरहरि आचार्यले यसैगरी विवरण सार्वजनिक गरेका थिए ।

# ६ सय ४० उजुरी

**सरकार र माओवादीबीच** भएको बृहत् शान्ति सम्झौतापछिको कात्तिक १४ देखि फागुन १३ सम्मको अवधिमा युद्धविरामअघिको हत्या र बेपत्तासँग सम्बन्धित ६ सय ४० उजुरी परेको सहितको मानवअधिकार प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको छ ।

शान्ति सम्झौतापछि राज्यको तर्फबाट पक्राउ गरी बेपत्ता बनाउने कार्यमा कमी आए पनि कञ्चनपुर र गुल्मीमा दुई व्यक्तिलाई बेपत्ता बनाएको जानकारी आयोगलाई प्राप्त भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसैगरी मकवानपुरको हर्नामाडीमा सर्वसाधारणको एउटा घरलाई माओवादीले कारागारका रूपमा प्रयोग गरी ११ जनालाई बन्दी बनाएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । माओवादी नेताहरूले सबै तहका जनसरकार भंग गरिएको घोषणा गरे पनि जनअदालतको नाममा पहिला भएको निर्णयहरूको सम्बन्धमा मौन रहेको र काठमाडौं, ललितपुर, काभ्रे, सल्यान, चितवन लगायतका स्थानमा कानुन आफ्नो हातमा लिने क्रम निरन्तर रहेको पाइएको आयोगको प्रतिवेदनमा जनाएको छ । आयोगले माओवादीका शिविर राखिएका ठाउँमा खानेपानी, शौचालयलगायतका न्यूनतम सुविधाहरू नभएको समेत प्रतिवेदनमा उल्लेख गरेको छ । उता माओवादीका शिविरमा भएका छापामारमध्ये उल्लेख्य मात्रामा १८ वर्षमुनिका बालबालिका रहेको पनि आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ । आयोगले ती बालबालिकाहरूलाई आफ्नो सेनामा भर्ती गराएको बताएको छ । 'आकर्षक तलब र पछि नेपाली सेनामा जागिर खान पाइने प्रलोभन दिएर कतिपय विद्यार्थीलाई जबरजस्ती कब्जामा लिई माओवादीको सेनामा भर्ती गराएको पाइयो', आयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ । आयोगले तराई आन्दोलनका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन भएको जनाएको छ ।

■ गोविन्द परियार/काठमाडौं

# वैशाखमा बाटो

**कर्णालीवासीको** २ दशकदेखिको गाडीको पर्खाइ आगामी साता अन्त्य हुने भएको छ । कर्णाली राजमार्गको ट्र्याक खोल्ने काम लगभग अन्तिम चरणमा पुगेपछि चैत्र मसान्तमा योजना आयोग तथा कर्णाली राजमार्गको अप्ठ्यारो खण्डलाई सुल्टाउने जिम्मा लगेको सेनाको टोली सुर्खेतबाट सडकमार्ग हुँदै औपचारिक रूपमा जुम्ला पुग्नेछ ।

गत साता सुर्खेत-जुम्ला सडकखण्डको १ सय ४१ किलोमिटर खण्डमा पर्ने कालिकोटको भर्ता गाविसमा पर्ने सेरीघाटसम्म मोटर पुगिसकेको छ । वैशाखको पहिलो साता सुर्खेतबाट जुम्लासम्म मोटरबाटो हुँदै योजना आयोग र सेनाको टोली जुम्लाको सदरमुकाम खलंगा पुगेपछि कर्णाली राजमार्गले पूर्णता पाएको औपचारिक घोषणा गरिनेछ ।

'ट्र्याक खोल्ने काम भए पनि सडकलाई बाह्रै महिना चलाउन अनेक समस्या छन् र विस्तारै यी समस्या पनि सुल्झाइनेछ', प्रवक्ता श्यामसुन्दर शर्मा भन्छन् । जुम्लाबाट कालिकोटसम्मको सडक बनिसकेको छ । सदरमुकाम खलंगा हुँदै कालिकोटसम्म दैनिक तेह्रवटा जिपले यातायातको सुविधा पुऱ्याइरहेका छन् । 'यो ट्र्याक खोलिएपछि विधिवत् रूपमा जुम्लाबाट सुर्खेतको बाटो सुचारु हुनेछ', शर्मा अगाडि भन्छन् ।

सुर्खेत-जुम्ला सडकखण्डको ८५ किलोमिटर सडक निर्माणको जिम्मा सेनाले लगेको थियो, जसमा कर्णाली राजमार्गको सबैभन्दा अप्ठ्यारो परेको थियो । अप्ठ्यारो खण्डको निर्माण सम्पन्न भएपछि सडकले पूर्णता पाएको हो । आगामी सातादेखि कर्णालीवासीको सुर्खेतबाट जुम्ला मोटर पुगेको देख्ने कौतुहलता पूरा हुनेछ ।

बीस वर्षदेखि लगातार सरकारको प्राथमिकतामा पारिएको भए पनि प्राविधिक कठिनाइ र माओवादी जनयुद्धका कारण सडकले पूर्णता पाउन सकेको थिएन । कर्णाली विकासको मेरुदण्ड मानिएको कर्णाली राजमार्ग बनेपछि कर्णालीवासीको आर्थिक विकासमा टेवा पुग्ने आशा गरिएको छ ।

■ **ज्योति देवकोटा/काठमाडौं**




**For Free Delivery to your Doorstep Please Contact:**
Himalayan Spring Water Inc.
Tel: 2052347, 2052349 (Tinkune), 2053107 (New Road), 2051649 (Kamal Pokhari), 2054220 (Tripureshwor), 2051651 (Jawalakhel)

**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**अंग्रेजी सिक्न सघाउने कार्यक्रम**

**Tunning In To Language and Culture**

**प्रसार हुने समय** : हरेक शुक्रवार बेलुका (९:१५-९:३५), हरेक आइतबार दिउँसो (१:४०-२:००)

**'रेडियो सगरमाथामा नियमित सुनौं, अंग्रेजी सुधारौं'**

*(रेडियो सगरमाथा र अमेरिकी राजदूतावास, अमेरिकी केन्द्रको सहकार्य)*

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**




**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



जापानी सहयोगमा प्राप्त मतपेटिका

# भित्रियो मतपेटिका

**संविधानसभाको चुनावसँगै** पहिलोपटक पारदर्शी मतपेटिकाको प्रयोग हुन लागेको छ। नेपालको संविधानसभा चुनावका लागि आवश्यक भौतिक र प्राविधिक सहयोग उपलब्ध गराइरहेको जापानी सरकारले पारदर्शी मतपेटिकाहरू नेपाललाई सहयोग स्वरूप उपलब्ध गराएको छ।

जापानी सहयोगमा प्राप्त ६० हजार पारदर्शी मतपेटिकामध्ये चैत २१ गतेसम्म ३० हजार मतपेटिका नेपाल भित्रिएका छन्। वीरगन्ज नाकाबाट चैत २० र २१ गते १४ हजार पारदर्शी मतपेटिकाको बाकस र बिर्कोसँगै लेबल पनि भित्रिएको छ। गत साता विराटनगर नाकाबाट १६ हजार थान मतपेटिका भित्र्याइएको थियो। बाँकी मतपेटिकाहरू पनि दुई साताभित्र नेपाल भित्रिने मतपेटिका ढुवानी ठेकेदार सागिला फ्रेटका जगतबहादुर खड्काले जनाए। खड्काका अनुसार नेपालगन्ज र भैरहवाबाट थप १२-१२ हजार थान मतपेटिका आयात गरिँदै छ। मतपेटिकामा प्रयोग गरिने सिल आउँदो सातादेखि नेपाल भित्रिनेछ।

अन्तरिम सरकार गठनसँगै आठ दलले २०६४ असार ६ गते संविधानसभाको चुनाव गर्ने घोषणा गरेपछि निर्वाचन आयोगका अधिकारीहरू पनि निर्वाचनको तयारीमा जोडतोडका साथ जुटेका छन्। मतपेटिकाको बाकस डेनमार्क र बिर्को ताइवानमा उत्पादन गरिएको हो। मतपेटिकाका साथमा प्लास्टिकका स्टिकर र लेबलहरू पनि ल्याइएको छ। यसैबीच संयुक्त राष्ट्रसंघीय शान्ति मिसनका लागि भारत सरकारबाट सहयोगस्वरूप प्राप्त आठवटा बस बुधवार वीरगन्ज नाकाबाट नेपाल भित्रिएका छन्।

**■ राम सर्राफ/वीरगन्ज**
(तस्बिर पनि)

# तेल हाहाकार

**ट्यांकरव्यवसायीको** हड्तालका कारण सुदूरपश्चिममा पेट्रोलियम पदार्थको अभाव भएपछि सुदूरपश्चिममा यातायात सेवा प्रभावित भएको छ। तेल नहुँदा उपभोक्ताको बिजोग भएको छ।

ट्यांकर व्यवसायीहरूले ढुवानी भाडा बढाउन माग राख्दै करिब एक महिनादेखि हड्ताल जारी राखे पनि अहिलेसम्म व्यवसायीसँग सहमति हुन नसकेकाले सुदूरपश्चिममा पेट्रोलियम पदार्थको हाहाकार भएको हो। प्रतिदिन करिब ५० हजार लिटर डिजल, २ हजार लिटर पेट्रोल र ५ हजार लिटर मट्टितेल खपत हुने गरेको सुदूरपश्चिममा तेल ढुवानी ठप्प भएको एक महिना बितेको छ। अहिलेसम्म निगमले जगेडा तेलबाट काम चलाउँदै आएको थियो। तेल आपूर्ति नहुँदा सुदूरपश्चिममा रहेका ७९ वटै पेट्रोलपम्पमा गत सातादेखि ताला लागेको छ। पेट्रोलियम पदार्थको अभावमा यातायात सेवा प्रभावित बन्न पुगेको छ।

उता गहुँ पाकेर खेत झुलिरहेका बेला पेट्रोलियम पदार्थको अभाव भएपछि किसानहरूलाई पीर परेको छ। गहुँ दाइँ गर्ने थ्रेसरका लागि समेत डिजेल नपाएपछि उनीहरू भौंतारिरहेका छन्। कञ्चनपुरका किसान वीरेन्द्र बुढाऐरका अनुसार पहिले त गोरुले दाइँ गर्थे अहिले मेसिनको भर पर्दा समस्या भएको छ। समयमै गहुँ दाइँ गर्न नपाए गहुँ बिग्रने समस्या त छँदै छ। किसानहरूलाई तेल आपूति गर्ने झलारीका त्रिलोचन पन्त आयल निगमको कार्यालय धाउँदा धाउँदा दिक्क भएका छन्। तैपनि तेल पाउने कुनै छाँट देखिएको छैन।

**■ श्याम भट्ट/धनगढी**

## महिलालाई बजाज क्रिस्टल

**बजाजले महिलाका** लागि लक्षित गरी 'बजाज क्रिस्टल डिटिएसआई' बजारमा ल्याएको छ। गियर नभएको १५ सिसीको बाइक कामकाजी महिला तथा युवतीहरूका लागि यो लोकप्रिय हुने विश्वास कम्पनीले राखेको छ। बजाजले बजार व्यवस्थापक प्रणय हाडाका अनुसार मोपेडको डिजाइनबाट प्रेरित यो मोटरसाइकलमा अन्यको तुलनामा सर्वाधिक आकर्षण र सजिला सुविधा रहेका छन्। कम्पनीका अनुसार यो मोटरसाइकलमा अगाडिबाट तेल हाल्न मिल्ने, सिटमुनि सामान राख्न मिल्ने, डिटिएसआई इन्जिन, पेन्टालक प्रणाली, स्मार्ट ल्याम्प, एसएनएस सस्पेन्सन सुरक्षाप्रणाली र सूचकसहितका विभिन्न सुविधा रहेका छन्।



# अवसरको खोजीमा पूर्वडाँकाका सन्तान

**कुनै बेलाका** कुख्यात डाँकुहरूका सन्तान आफ्ना पुर्खाहरूको आचरणको ठिक विपरीत राम्रो काम गरेर समाजमा आफूलाई स्थापित गर्ने प्रयत्नमा छन्। २०३५ सालमा सरकारले प्रतिव्यक्ति २ बिघाका दरले जग्गा दिएर धनुषा, ठाँडी, भिजाबाट सर्लाहीको नेत्रगञ्जमा पुनःस्थापना गराइएपछि साधारण जीवनमा फर्किएका २०५ घर पेसेवर डाँकाहरूका सन्तानहरूमा यसरी सकारात्मक सोच विकास भएको छ। उच्च शिक्षा हासिल गरिरहेका उनीहरूको चासो विकास निर्माण, चेतना अभिवृद्धि, खेलकुद, कला र साहित्य जस्ता क्षेत्रमा देखिनुले यही कुरा पुष्टि गर्छ।

स्थानीय विकास कार्यालयको तथ्यांकअनुसार नेत्रगञ्जको वार्ड नं. १ र २ मा अवस्थित पूर्वडाँकाहरूका ५० भन्दा बढी सन्तानले उच्च शिक्षा हासिल गरिरहेका छन् भने ३५ भन्दा बढिले शिक्षा आर्जन गरी सरकारी तथा निजी क्षेत्रमा रोजगारमा छन्। उनीहरूमध्ये शिक्षकमा १२, प्रहरीमा ८, सिँचाइमा ४, स्वास्थ्यमा ६, वनमा १ र गैरसरकारी संस्थामा आधा दर्जनभन्दा बढी कार्यरत रहेको तथ्यांकमा उल्लेख छ। नेत्रगञ्ज गाविसका पूर्व उपाध्यक्ष देवानन्द पासवान भन्छन्, '३० भन्दा बढी युवा वैदेशिक रोजगारमा छन्।'

उच्च शिक्षा हासिल गरिरहेका युवाहरूमध्ये धेरैजसो खेलकुद, कला र साहित्यमा लागेर नाम कमाउने अभिलाषा व्यक्त गर्छन्। 'चर्चित गायक बन्ने धोको छ', बिए तेस्रो वर्षमा अध्ययनरत २१ वर्षीय प्रवीण पासवानको। त्यस्तै १२ मा अध्ययनरत राशिकुमार पासवानचाहिँ राम्रो लेखक बन्न चाहन्छन् भने आइए प्रथम वर्षका विद्यार्थी विनोद पासवानको राम्रो अभिनेता बन्ने धोको छ। यति बेला उनीहरू कलेज तथा गाउँघरमा आयोजना गरिने स्टेज कार्यक्रमहरूमा आफ्नो प्रतिभा तिखारिरहेका छन्। भविष्यप्रति आशावादी प्रवीण भन्छन्, 'हामीलाई प्रोत्साहनको खाँचो छ।'

खेलकुद र साहित्यलाई रोज्नेहरूको संख्या पनि कम छैन। उनीहरूलाई खेलाडी र साहित्यकारहरूले पाउने गरेको मान सम्मानले लोभ्याएको छ। एउटा फुटबल समूह नै छ उनीहरूको, जसले जिल्लाामै उत्कृष्ट खेल प्रदर्शन गर्दै आएको छ। फुटबल खेलाडी किरणकुमार पासवान भन्छन्, 'क्षेत्रीयस्तरको प्रतियोगितामा भाग लिने तयारी गरिरहेका छौं।'

समूह समूहमा विभाजित भएर लुटपाट गर्ने तिनै पूर्वडाँकाहरूका सन्तान समाजोपयोगी कामका लागि संगठित पनि भएका छन्। गाउँभरिका युवाहरूको सामूहिक प्रयासमा क्लब गठन गरी उनीहरूले क्लबमार्फत रचनात्मक क्रियाकलापहरू गर्दै आएका छन्। पञ्चकुमारी युवा क्लब नाम दिइएको उनीहरूको क्लबले विभिन्न चाडपर्व र उत्सवहरूमा गाउँमा सांस्कृतिक, कार्यक्रम, चेतना अभिवृद्धि, खेलकुद गतिविधि लगायतका क्रियाकलापहरू गर्ने गरेको छ। त्यस्तै विकास निर्माणका कामहरू पनि गरेका छन्। क्लबका अध्यक्ष राधेश्याम पासवान भन्छन्, 'युवाशक्तिलाई समाज उपयोगी काममा सदुपयोग गर्न संगठित बनेका हौं।'

यति हुँदाहुँदै पनि पुर्खाहरूले गरेको कुकर्मकै कारण उनीहरूप्रतिको सामाजिक दृष्टिकोण अझै बदलिएको छैन। छिमेकी गाउँलेहरू उनीहरूलाई छिःछिः र दूरदूर गर्छन्। स्थानीय प्रशासनको बक्रदृष्टि पनि कायमै छ, उनीहरू माथि। डाँकाको आरोपमा युवाहरू प्रहरीबाट मारिने पनि गरेका छन्।

**■ सन्तोष बराइली/सर्लाही**



# गाउँमै डाक्टरी सेवा

**पर्वतको फलेवासमा** संचालित सामुदायिक अस्पतालले पर्वतका प्रत्यक्ष तीन दर्जनभन्दा बढी गाविसका बासिन्दालाई उपचार सेवा पुऱ्याएको छ। फलेवासको खानीगाउँ गाविसमा स्थापित सहयोगी हातहरू सामुदायिक स्वास्थ्य क्लिनिकमा अहिले डा. खेमराज भुसाल गाउँलेहरूको उपचारमा सक्रिय छन्। यो क्लिनिक सुरु भएपछि अहिलेसम्म सात हजारभन्दा बढीले सेवा लिएको डा. भुसालले सुनाए। यति धेरै संख्याका विरामीमध्ये बढी चाहिँ हातखुट्टा भाँचिएकाहरू छन्। भीरपाखा बढी भएकाले घाँस काट्न जाँदा र रूखबाट लडेर बढी विरामी आउने गरेको डाक्टर भुसालको अनुभव छ। उनी भन्छन्, 'कुल विरामीमध्ये १० प्रतिशत संख्या हातखुट्टा भाँचिएकाहरू आउनेहरूको छ।' तीमध्ये धेरैजनाको क्लिनिकमै प्लास्टर वा अन्य उपचार सेवा दिने गरिएको छ। ती विरामीहरूले जिल्ला सदरमुकाम कुस्मा वा पोखरा धाउनुपर्ने समय र खर्च दुवै बचत भएको छ।

क्लिनिकलाई औषधी बेचेको र बिरामी जाँचेको पैसा र बिरामी जाँचेको रकमले खर्च धानिरहेको छ। क्लिनिकमा डाक्टरसहित एघारजना स्वास्थ्यकर्मी र कर्मचारी कार्यरत छन्। यसका लागि मसलन्दसहित मासिक करिब ८० हजार रुपैयाँले क्लिनिक सञ्चालन भइरहेको छ।

सामुदायिक अस्पतालसामुदायिक स्वास्थ्य क्लिनिक दिगो रूपमा सञ्चालन गर्न फलेवास क्लिनिकले भने साथी अभियान सुरु गरेको छ। यो अभियानमा वर्षमा १ हजारका दरमा ७ वर्षसम्म ७ हजार तिर्न मन्जुर हुनेहरूलाई साथी बनाइन्छ। यस्ता सदस्यको संख्या १ हजार पुऱ्याउने लक्ष्य छ। एक हजार सदस्यको वर्षमा १० लाख उठ्ने र ७ वर्षमा ७० लाख संकलन हुने सुनाउँछन्, क्लिनिकका अध्यक्ष भोलानाथ शर्मा। उनी भन्छन्, 'अहिलेसम्म यो संख्या साढे दुई सय पुगिसक्यो।' अभियानबाट अहिलेसम्म ६ लाखभन्दा बढी उठेको छ।

■ **केशव लामिछाने/फलेवास पर्वत**

# भारतीय नोट छ्यासछ्यास्ती

**बजारमा नेपाली** मुद्राको अस्तित्व संकटमा पर्दै भारतीय नोटले स्थान जमाउन थालेको छ। यस्ले एकातिर नेपाली नोटको अस्तित्व संकट पारेको छ भने अर्कोतिर नेपाल राष्ट्र बैंकलाई आर्थिक रुपमै घाटा हुन गएको बैंक अधिकारीहरूले जनाएका छन्।

सहरदेखि गाउँसम्म नै भारतीय नोटबाट कारोबार हुन थालेको बताउँछन्, नेपाल राष्ट्र बैंकका मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक दीपेन्द्रबहादुर क्षत्री। उनी भन्छन्, 'यसैगरी कारोबार बढ्दै जाने हो भने नेपाली नोट भेट्नै गाह्रो हुनसक्छ।' यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकले गत साता पोखरामा एक गोष्ठीको आयोजनासमेत गरेको थियो।

नेपालमा भारतीय नोटको खुला कारोवार कानुनतः वर्जित छ। राष्ट्र बैंक लगायत सरकारी कार्यालयहरूले भारतीय नोटको कारोवार गर्दैनन्। भारतीय नोटको कारोवार व्यक्तिगत प्रचलनमा रहेको अनुभव सुनाउँछन्, बैंक अधिकारीहरू। धेरै आर्थिक कारोवार भारतसँग गर्नुपर्ने र कयौं नेपाली भारतीय बजारमा रोजगारी गरिरहेको हुनाले भारतीय नोटमाथि सहज पहुँच हुने गरेको छ।

पछिल्लो समयमा पश्चिम पहाडका सहरबजारदेखि गाउँसम्म ६० प्रतिशतसम्मको कारोवार भारतीय नोटमा हुने गरेको बताउँछन्, नेपाल राष्ट्र बैंक पोखराका मुख्य व्यवस्थापक वासुदेव आचार्य। उनी भन्छन्, 'विदेशी मुद्रा स्विकार्नु पर्ने बाध्यता नै छ।' पोखरामा दैनिक लाखौं भारतीय नोट सटही हुने गरेको बताउँछन्, नेपाल राष्ट्रबैंक पोखराका सहायक व्यवस्थापक (नगद) दुर्गाबहादुर शाह। उनी भन्छन्, 'नेपाल राष्ट्र बैंकबाट पोखरामा दैनिक ५ लाख भारतीय मुद्रा सटही हुन्छ। व्यक्तिगत रूपमा कति हुन्छ यकिन छैन।'




सवारी साधन चलाउँदा र बाटो काट्ता नियमहरू पालना गरौं, आफू पनि जोगिऊँ। अरूलाई पनि जोगाऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# एउटै घरमा पाँच अपाङ्ग



पिँढीमा सुतिरहेका ५ अपांग बालिका

**एउटै घरमा** पाँचजना अपाङ्ग भएपछि एक दलित परिवारमा भोकमरीको समस्या उब्जिएको छ। जिल्लाको कालापानी मानिने दक्षिणी रानीपानी गाविस-६ का बलबहादुर परियारको घरमा यस्तो समस्या आइपरेको हो।

'पिँढीभर लस्करै ३ वर्षदेखि १४ वर्षसम्मका ५ छोरी लम्पसार परिरहेका छन्, सहयोग गर्न भनेर आएका मानिसहरू यस्तो अवस्था देखेपछि रसिला आँखा बनाउँदै बाहिरिन्छन्, तर अझसम्म कुनै पनि सरकारी निकायबाट सहयोग प्राप्त भएको छैन', पीडित बलबहादुर परियार रुँदै भन्छन्।

आफ्नी श्रीमती कौशिला परियारका साथ दैनिक बिहान मिर्मिरेदेखि बेलुकासम्म ज्यालादारी गरी जीविकोपार्जन गर्दै आएका र मौसमी परिवर्तनको समय आएपछि कुनै दिन पाँचै बालिका विरामी परेर ज्यालादारी गर्न असम्भव भएपछि परिवारमा भोकमरीको समस्या आइपरेको हो। 'ज्यालादारीबाट आएको पैसाले यिनीहरूको लागि औषधी र बिहानबेलुका हातमुख जोर्न त्यति कठिन थिएन, तर अहिले रातदिन यिनीहरूको स्याहार सम्भारमा लाग्नुपरेपछि ज्यालादारी गर्न नपाउँदा घरमा यस्तो अवस्था सृजना भयो', अपाङ्गका बाबु बलबहादुर परियार रुँदै भन्छन्।

जन्मँदाको समयमा राम्रै अवस्थामा जन्मेका ती बालिकाहरूमा जन्मिएको २-३ महिनापछि यस्तो समस्या देखापरेको उनी बताउँछन्। हातखुट्टा घुमेका र लुला भएका कारण दिसापिसाब समेत गराइदिनुपर्ने अपाङ्ग बालिकाहरूको अवस्था छ। पोलियो रोगको शंका लागेर गाउँलेको सहयोगमा पोखरा, स्याङ्जा लगायतका अस्पतालहरूमा उपचार गराए पनि समस्या समाधान नभएपछि घरैमा बसेको उनले बताए। 'हातमुख जोर्न धौ-धौ छ, यहाँभन्दा ठूलो ठाउँको अस्पतालमा देखाउन सकिएन, अनि गाउँलेलाई पनि कति दुःख दिनु ?', उनले भने।

परिवारको उक्त समस्या देखेपछि स्थानीय समाजसुधार तरुण क्लबले चामल लगायतका केही खानेकुरा उपलब्ध गराएको बताउँदै सम्बन्धित निकाय तथा सहयोगी व्यक्तिसमक्ष सहयोगको अपेक्षा गरेका छन्।

■ सन्तोष थापा/पर्वत (तस्बिर पनि)






# डुब्यो दस करोड



**रौतहट जिल्लाका** विभिन्न स्थानमा निर्माणाधीन अवस्थामा रहेका आठवटा खानेपानी योजना संचालनमा नआउँदा सरकारको दस करोड बराबरको लगानी बालुवामा पानी खन्याए बराबर भएको छ।

रौतहट जिल्लाको चन्द्रनिगाहपुर सिन्धुरेघारी, राजपुर फरहदवा, सन्तपुर दोस्तिया, लक्ष्मीनिया, पिपरा, सरमुजवा, निर्माणाधीन अवस्थामा रहेको खानेपानी आयोजना बजेटको अभावमा पूरा हुन नसक्दा सर्वसाधारणले स्वच्छ पिउने पानी खान पाएका छैनन् भने निर्माणाधीन अवस्थामा रहेका कतिपय पानीट्यांकी भत्केर पुनः बनाउनु पर्ने अवस्थामा पुगेका छन्। पानीट्यांकीको सम्पूर्ण काम पूरा भइसके पनि पाइपलाइन विस्तारका लागि बजेटको अभावमा चन्द्रनिगाहपुर, राजपुर फरहदवा, सन्तपुर दोस्तियाका ट्यांकीहरू भत्किने अवस्थामा पुगेका छन्। स्थानीय सिन्धुरेघारीको खानेपानी आयोजनाको काम सुरु भएको एघार वर्ष भयो, तर काम सकिएको छैन। ट्यांकी प्लास्टर गर्ने काम भइरहेको छ भने उक्त आयोजनाको लागि सोही स्थानमा बनाइएको कार्यालय भवन भत्केको छ। त्यहाँ रहेका बोरिङको पाइप समेत चोरी भएको छ।

चन्द्रनिगाहपुरमा रहेको ट्यांकी बनेको पनि बाह्र वर्ष भयो। तर स्थानीयवासीलाई हर्ष न बिस्मात्को स्थिति छ। 'कहिल्यै पानी आउँदैन, यो ट्यांकी चन्द्रनिगाहपुरमा पनि छ भन्ने मात्र भएको छ। पानी त हाम्रो छोरानातिले खालान्', स्थानियवासी विमल भट्टराई भन्छन्। सो खानेपानी आयोजनाको बोरिङको काम पाइपलाइन विस्तारको काम नहुँदा संचालनमा आउन नसकेको हो। सरकारले ९ करोड दस लाख लगानी गरेका ती आयोजनालाई पूर्णरूपमा सम्पन्न गर्न त्यति नै पैसाको खाँचो भएकाले निर्माण कार्य पूरा हुन नसकेको जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रौतहटका ओभरसियर सुमनकुमार झा बताउँछन्। उनका अनुसार चौमासिक बजेट समयमा नआउँदा ती आयोजना अलपत्रमा अवस्थामा पुगेका हुन्। सिन्धुरेघारी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष केदार थापालाई विश्वास नै छैन, ट्यांकी संचालनमा आउला र स्वच्छ पानी खाउँला भनेर। थापा भन्छन्, 'एक किस्ता बजेट आउँछ, कम्पाउन्ड बनायो अर्को किस्ता कार्यालय बनाउनका लागि बजेट आउँदा बनाएको कम्पाउन्ड भत्किसक्छ।'

एक करोड २ लाखको लागतमा निर्माण गर्न लागिएको सरमुजुवा गाविसका खानेपानी आयोजना पाइपलाइन विस्तार र धारा वितरणका लागि बजेट नआएका कारण अलपत्र अवस्थामा पुगेको छ। सम्पूर्ण काम सम्पन्न गर्नका लागि चौमासिक बजेट समयमा नआएर रोकिएको बताइए पनि बनिसकेका खानेपानी ट्यांकी चर्केर भत्कने अवस्थामा छन्।

■ **अशोक पहाडी/गौर** (तस्वीर पनि)



पर्सा भवराटार गाविसको खेतमा फस्टाएको अफिम खेती



# मौलायो अफिम खेती

**स्थानीय नेता तथा केही सुरक्षाकर्मीहरूको संरक्षणमा पर्साका भित्री गाउँको ५० बिघा क्षेत्रफलमा चार करोड रुपैयाँभन्दा बढीको अफिम खेती मौलाइरहेको छ।**



राजनीतिक र प्रशासनिक संरक्षणका कारण अवैध लागूऔषधका कारोबारी र तस्करको मनोबल बढ्दै गएपछि पर्सामा अहिले गाँजामात्र होइन, ठूलो परिमाणमा अफिम खेती पनि भइरहेको छ।

प्रत्येक वर्ष गाँजा र अफिमको मौसम स्थानीय प्रहरी प्रशासनको लागि कमाउने मौका बन्दै आएको छ। विगतका वर्षहरूमा गाँजाबाट बढी रकम आउने गरे पनि यस वर्ष व्यापक परिमाणमा गरिएको अफिम खेतीबाट प्रहरी प्रशासनले लाखौं रकम उठाइसकेको स्वयं कृषकहरू बताउँछन्। अवैध अफिम खेतीको संरक्षणको चाँजोपाँजो मिलाइदिएबापत केही राजनीतिक नेताहरू समेत लाभान्वित भएका छन्।

पर्साको भवराटार, विश्रामपुर, सण्ठी औराहा, नगरदाहा, गम्हरिया, कौवा वनकटैया लगायत एक दर्जन गाविसको करिब ५० बिघा क्षेत्रफलमा ४ करोड रुपैयाँभन्दा बढी मूल्यको अफिम उत्पादन भइसकेको छ। तर प्रहरीले भने त्यसका बारेमा रहस्यमय अनभिज्ञता प्रकट गरेको छ। समयमै नियन्त्रण नगरिए आगामी वर्ष अफिम खेती तेब्बर वृद्धि हुने भवराटार गाविसका कृषक राजकुमार पटेलको दाबी छ। मौलाइरहेको अफिम र प्रहरीको अनभिज्ञताले अफिम खेतीको संरक्षणमा प्रहरी प्रशासनको संलग्नतालाई बलियो पारेको छ।

पर्सा प्रहरीका जिम्मेवार अधिकारीले जिल्लामा भइरहेको लागूऔषधको खुलेआम खेतीको बारेमा आफूलाई जानकारी नभएको मात्र बताएनन्, उनले तराईमा जारी आन्दोलनको कारण अफिम खेतीतर्फ प्रहरीको ध्यान जान नसकेको जिकिर पनि गरे। 'अफिम खेतीबारे हामीलाई अहिलेसम्म पनि कुनै जानकारी प्राप्त भएको छैन', अफिम खेती हुने विश्रामपुर गाविसबाट जम्मा १२ किलोमिटरको दूरीमा रहेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक श्रीप्रसाद प्रसाईंले भने, 'मधेस आन्दोलनले गर्दा पनि त्यसतर्फ ध्यान दिन सकेका छैनौं।'

'कात्तिकमा बीउ छरिने अफिमको उत्पादन फागुन मसान्तसम्म पूरा हुने गर्छ। तर यस वर्ष उत्पादित अधिकांश अफिम भारतीय बजारमा बिक्री भएको छ', भवराटार गाविसका राजकुमार पटेलले भने, 'मधेस आन्दोलनका कारण अझै केही अफिमको बोट खेतमै बाँकी रहेका देखिएको छ।'

विश्रामपुर गाविसका अफिम कृषकले अफिम खेती संरक्षणका लागि दलालमार्फत स्थानीय प्रहरी र प्रशासनलाई ८ लाख ५० हजार रुपैयाँ बुझाएका थिए। विश्रामपुर र भवराटार गाविस सदरमुकाम वीरगन्जदेखि जम्मा १०-१२ किलोमिटरको दूरीमा रहेको र विश्रामपुरमा अस्थायी प्रहरीचौकीसमेत रहेको छ।

दुई वर्षअघिसम्म राम्रो कमाइ हुने अवैध गाँजाको भाउ अहिले गिरेपछि स्थानीय नेतादेखि लिएर सुरक्षा अधिकारीले अफिम खेतीलाई प्रश्रय दिन थालेको देखिन्छ। प्रतिकिलो तयारी गाँजाको मोल २ सयदेखि ५ सय रुपैयाँ मात्र भएकोमा प्रतिकेजी अफिमको मूल्य स्थानीय बजारमा ४० हजार रुपैयाँ (२५ हजार भारु) रहेको छ। बियर उत्पादनका लागि प्रयोग हुने रस झिकिएको अफिमको फलसमेत प्रतिकिलोग्राम ५० रुपैयाँमा बिक्री हुने गर्छ र अफिमको बीउ प्रतिकिलो १ सय ५० रुपैयाँमा बिक्री हुन्छ।

ग्रामीण क्षेत्रमा रहेका प्रहरीचौकीहरूबाट अफिम र गाँजा कारोबारबारे सदरमुकामस्थित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र अञ्चल प्रहरी कार्यालयमा दिनहुँ जानकारी आउने गर्छ। तर सुरक्षा अधिकारीहरू अवैध लागूऔषध अफिमको खेती नियन्त्रणमा रहस्यमयरुपमा मौन देखिएका छन्।

आर्थिक वर्ष २०५९-६० मा लागूऔषध कानुन कार्यान्वयन एकाइ, काठमाडौंले पर्सामा २९ बिघा अफिम खेती नष्ट गरेको तथ्यांकमा उल्लेख छ। यहाँ उत्पादित अफिम भारतको बनारसदेखि मुम्बईसम्मको बजारमा बिक्री हुने गर्छ। एक कट्ठा क्षेत्रफलमा जम्मा ५ सय रुपैयाँको लागतमा ७ सय ५० ग्रामसम्म अफिम उत्पादन गर्न सकिने कृषक बताउँछन्।

■ **राम सरार्फ/वीरगन्ज** (तस्बिर पनि)

# भागबन्डाको निरन्तरता



समय

**अन्तरिम सरकार** गठन भएपछि त्रिभुवन विश्वविद्यालयमा प्राज्ञिक व्यक्तिबाट नयाँ पदाधिकारी छनोट होला भन्ने आम चाहना थियो, तर त्यो चाहना पूरा नहुने भएको छ। योग्यता र क्षमताभन्दा पनि दलगत भागबन्डाका आधारमा विश्वविद्यालयका पदाधिकारी नियुक्त गर्ने निवर्तमान सरकारको सहमतिलाई अन्तरिम सरकारले अनुमोदन गर्ने संकेत देखिएको छ।

सहमति कार्यान्वयन भएपछि दस महिनादेखि पदाधिकारीविहीन रहेको त्रिभुवन, नेपाल, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयमा दलगत भागबन्डाको आधारमा पदाधिकारी नियुक्ति गरिने भएको छ। कार्यभार सम्हालेलगत्तै शिक्षामन्त्री प्रदीप नेपालले चार दलबीच पदाधिकारी नियुक्तिसम्बन्धी विषयमा भएको सहमतिलाई नभत्काउने बताएका छन्। समयसँग कुराकानी गर्दै उनले भने, 'दलहरूबीच पहिले भएको सहमतिकै आधारमा पदाधिकारी नियुक्ति गरिनेछ।'

भागबन्डाको खेलमा कांग्रेस र एमाले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको दाबेदार गर्दै आएका छन्। 'अरू जे जे कारण देखाइए पनि त्रिभुवन विश्वविद्यालयको उपकुलपति पाउनुपर्ने अडानमा एमाले र कांग्रेस टसको मस नभएपछि पदाधिकारी नियुक्ति प्रक्रिया अवरुद्ध भएको हो।' नाम उल्लेख नगर्ने सर्तमा विश्वविद्यालयका एक कर्मचारी बताउँछन्। अहिले त्रिभुवन विश्वविद्यालयको उपकुलपति कसले हत्याउने भन्ने ध्याउन्न दुवै दलमा यथावत् रहेको बताइन्छ। नयाँदिल्लीमा भइरहेको सार्क शिखर सम्मेलनमा भाग लिएर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला फर्केपछि पहिलेको सहमति सबैले मान्ने अवस्था आउने बित्तिकै भागबन्डाको आधारमा पदाधिकारीहरूको नियुक्ति हुने शिक्षामन्त्रालयले जनाएको छ। शिक्षामन्त्री नेपाल भन्छन्, 'प्रधानमन्त्री फर्केलगत्तै म भेटेर कुरा गर्छु विश्वविद्यालयको नेतृत्वविहीनताको अवस्था सकेसम्म चाँडै अन्त्य गरिनेछ।'

लामो समयसम्म पदाधिकारीविहीन भएको आक्रोशमा त्रिभुवन विश्वविद्यालयका कर्मचारी, विद्यार्थीले आन्दोलन गरेपछि प्रधानमन्त्री कोइरालाले पुसको पहिलो साता पदाधिकारीको भागबन्डा मिलाउन तत्कालीन सूचना तथा सञ्चारमन्त्री दिलेन्द्रप्रसाद बडुलाई जिम्मेवारी सुम्पेका थिए। कांग्रेस, प्रजातान्त्रिक कांग्रेस, एमाले र माओवादीबीचको सहमतिमा माघको दोस्रो साता रिक्त रहेका चारवटा विश्वविद्यालयमा रहेका उपकुलपति, रेक्टर, रजिस्टार, परीक्षा नियन्त्रकलगायत पदको भागबन्डा गरिएको थियो।

त्यसबेला भएको सहमतिअनुसार कांग्रेस र एमालेमध्ये त्रिभुवन विश्वविद्यालयको उपकुलपति लिने दलले उक्त विश्वविद्यालयका रेक्टर, रजिस्ट्रार, परीक्षा नियन्त्रक र सेवा आयोग अध्यक्षमध्येबाट दुई पद छोड्नु पर्ने सहमति भएको थियो। मन्त्री मानन्धरले अडान लिएअनुसार त्रिभुवन विश्वविद्यालयका उपकुलपति लगभग एमालेलाई दिने निश्चित भएको थियो। र, उपकुलपतिका लागि एमालेको तर्फबाट विश्वेश्वरमान श्रेष्ठको नाम सिफारिस गरिएको थियो। नेपाल संस्कृत र पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति कांग्रेसलाई र कांग्रेस प्रजातान्त्रिक चारवटै विश्वविद्यालयबाट एक/एक पद दिइने सहमति बनेको थियो। त्यस्तै, विश्वविद्यालयमा प्रमुख पद दाबी गर्दै आएको माओवादीलाई त्रिभुवन र संस्कृत विश्वविद्यालयबाट एक/एक पद दिइने सहमति भएको कुरा सार्वजनिक भएको थियो।

भागबन्डाकै आधारमा विश्वविद्यालयमा पदाधिकारी नियुक्त गरिने जनाइए पनि अन्तिम चरणमा प्रधानमन्त्री कोइराला र शिक्षामन्त्री मान्धरबीच मतभेद देखिएपछि सहमतिको ढोका बन्द भएको थियो। त्यति नै बेला मधेस आन्दोलन चर्किएपछि पदाधिकारी नियुक्ति कार्य प्रधानमन्त्रीको प्राथमिकतामा पर्न सकेको थिएन।

नयाँ शिक्षा ऐनले कुलपतिको हैसियतले छनोट समितिले पठाएको नामलाई अनुमोदन गर्ने अधिकार प्रधानमन्त्रीलाई दिएको छ। निवर्तमान सरकारमा शिक्षामन्त्रालयको जिम्मेवारी एमालेले पाए पनि पदाधिकारी छनोटको लागि गठित समितिलाई प्रधानमन्त्रीले अनुमोदन नगरेपछि नियुक्तिप्रकरणले गति लिन नसकेको जनाइएको छ। प्रतिनिधिसभाले पारित गरेको नयाँ शिक्षा ऐनअनुसार त्रिभुवन विश्वविद्यालयको कुलपतिको अधिकार राजाबाट प्रधानमन्त्रीमा हस्तान्तरण भए पनि पार्टीभित्रको खिचलोको कारण प्रक्रिया अघि बढ्न सकेको थिएन। कांग्रेस समर्थक प्राध्यापकहरूले त्रिभुवन विश्वविद्यालयको उपकुलपति जुनसुकै हालतमा आफूले पाउनुपर्ने अडान लिएपछि तत्कालीन शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले सिफारिस समिति गठनको निम्ति बढाएको प्रक्रिया त्यत्तिकै थन्किएको थियो। मन्त्री मानन्धरले एमालेको भागमा परेको मन्त्रालयमा सम्बन्धित मन्त्रीले गरेको सिफारिस कहीँबाट पनि रोक्न नहुने तर्क राखेका थिए। भागबन्डाको आधारमा विश्वविद्यालय जस्तो प्राज्ञिक क्षेत्रमा नियुक्ति प्रक्रिया अघि बढाइएको त्यसबेला नै चर्को विरोध भएको थियो।

**■ छत्र कार्की/काठमाडौं**

## राजनीतिविरुद्ध राजीनामा

राजनीतिक भागबन्डा नमिलेकै कारण एक वर्षदेखि विश्वविद्यालयलाई नेतृत्वविहीन बनाएकोमा आपत्ति जनाउँदै त्रिभुवन विश्वविद्यालयका प्रा. डा. मनप्रसाद वाग्लेले पदबाट राजीनामा दिएका छन्। 'विश्वविद्यालय जस्तो प्राज्ञिक थलोलाई पार्टी समर्थक भर्ती गर्ने बहानामा एक वर्षसम्म नेतृत्वविहीन बनाइयो', प्रा. वाग्ले भन्छन्, 'यस्तो अवस्थामा त्रिभुवन विश्वविद्यालयको प्राध्यापक भएर बस्नुको कुनै औचित्य देखिनँ, त्यसैले राजीनामा दिएको हुँ।'

विभिन्न शैक्षिक मुद्दा खरो रूपमा उठाएर मुलुकमा शिक्षाविद्को रुपमा पहिचान कायम गरिसकेका प्रा. वाग्लेले २०३५ सालदेखि त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन सुरु गरेका थिए। २०४३ सालमा अमेरिकाबाट 'एजुकेसन टेक्नोलोजी'मा पिएचडी गरेका वाग्लेले २०५५ सालमा विशवविद्यालयको प्राध्यापक भएका थिए। उनले चैत १६ गते दिएको राजीनामा विश्वविद्यालय पदाधिकारीविहीन भएकाले स्वीकृत भएको छैन।

**घर फर्कन उपयुक्त वातावरण नभएको भन्दै बाँके रझेनास्थित शिविरमा बस्दै आएका करिब १ हजार विस्थापितहरूमध्ये दुई सय अझै घर फर्केका छैनन् । तर माओवादी कार्यकर्ताहरू भने ती व्यक्तिहरू विभिन्न फाइदा लिन पाइने आशाले घर नफर्केको बताउँछन् ।**




माओवादीद्वारा कब्जामा लिइएको घर

# फर्काइएन सम्पत्ति

■ रुद्र खड्का/दाङ (तस्बिर पनि)

**सल्यान, श्रीनगरका** केशरसिंह घर्ती माओवादीले कब्जामा लिएको घर फिर्ता गराउनको लागि कहिले प्रशासन त कहिले केन्द्रीयस्तरका राजनीतिक दलका व्यक्तिहरू अनि कहिले स्वयं जग्गा कब्जा गर्ने माओवादीसँग आग्रह/अनुनय गरिरहेका हुन्छन् । तैपनि विसं २०६१ सालमा कब्जामा लिएको उनको घर माओवादीले फर्काउने कुनै सुरसार गरेका छैनन् । कब्जापछि अन्य व्यापारीहरूलाई भाडामा दिइएको उक्त घरबाट अहिले पनि माओवादीले मासिक २ हजार रुपैयाँ असुल गरिरहेका छन् भने केही कोठाहरू कार्यकर्ताले प्रयोग गरिरहेका छन् ।

केशरसिंहमात्र होइन यस्तो पीडामा मध्य र सुदूरपश्चिमका हजारौं विस्थापितहरू छन् । दसवर्षे लामो सशस्त्र द्वन्द्वपछि शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेका माओवादीहरू यतिखेर सरकारमा सामेल भइसकेका छन् । तर सशस्त्र द्वन्द्वको क्रममा तिनै माओवादीका कारण विस्थापित भएकाहरू भने माओवादीकै शब्दमा देश नयाँ नेपालमा प्रवेश गरिसकेको वर्तमान अवस्थाको रतिभर पनि खुसी साट्न सकेका छैनन् । प्रतिक्रियावादी, सामन्ती अथवा सुराकीको आरोप लगाउदै सशस्त्र द्वन्द्वको क्रममा माओवादीले कब्जा गरेका विभिन्न राजनीतिक दलका कार्यकर्ताहरू र सर्वसाधारण जनताका निजी घर र सम्पत्ति अहिलेसम्म पनि फिर्ता हुन नसकेपछि विस्थापितहरूको लागि माओवादी सत्तामा जानु हर्ष न बिस्मात् भएको उनीहरूले प्रतिक्रिया दिएका छन् ।

दाङ, सतबरिया-६ का डिल्लीबहादुर खड्काको अवस्था झनै जर्जर छ । विसं. २०६० मंसिर २० गते विभिन्न आरोप लगाउँदै घर लुटपाटपछि छोराहरूको सहित १४ बिघा जग्गा कब्जा गरेको घोषणा गरेका माओवादीले अहिले पनि कब्जा गरिएको जमिन फिर्ता गर्न मानिरहेका छैनन् । माओवादीले घर र जग्गा कब्जा गरेपछि सदरमुकाम घोराहीमा विस्थापित नेपाली कांग्रेसका तर्फबाट पूर्व गाविस अध्यक्ष खड्का भन्छन्, 'कब्जा गरिएको सम्पत्ति फिर्ता पाउनको लागि विभिन्न दलका नेताहरू मात्र होइन, माओवादीलाई समेत पटक-पटक भेटिरहेको छु, तर कतैबाट सुनुवाइ भएको छैन ।'

'सुरुमा प्रहरीमा रहेका दुई छोराहरूलाई जागिर छोडाए केही हुँदैन भने, जागिर छोडेपछि घर र जग्गा कब्जा गरे', खड्का भन्छन्, 'केही समय अघिसम्म जागिर छोडाए पुग्ने बताउने माओवादीले पछि घर र जग्गा कब्जा गरे । जे मन लाग्यो त्यो गर्ने छुट माओवादीलाई कसरी भयो ?' उनका अनुसार छोराहरूलाई जागिरबाट छुटाएपछि माओवादीले पुनः एक लाख चन्दा मागेका थिए र ५ दिनमा ५० हजार दिने सहमति भएको तेस्रो दिनमा सबै सम्पत्ति कब्जा गरेका थिए । उनी यतिखेर माओवादीले कब्जा गरेको जग्गा र घर फिर्ताको अलावा कब्जा गर्ने बेला घरमा भएका सबै सामानहरू सहित दुई छोराहरूलाई प्रहरीको जागिर किन छोड्न लगाइएको हो भन्नेबारे माओवादीले प्रस्ट पार्नु पर्ने बताइरहेका छन् ।

सशस्त्र द्वन्द्वको क्रममा माओवादीले कतै विभिन्न आरोप त कतै डर र त्रासका कारण विस्थापित भएका व्यक्तिहरू माओवादी सम्मिलित वर्तमान सरकार गठन हुँदाको अहिलेको अवस्थासम्म आइपुग्दा पनि घर फर्कन नपाएपछि विगतमा केको लागि विभिन्न राजनीतिक दलका कार्यकर्ताहरू बनियो होला भनेर चिन्तित समेत बनिरहेका छन् । 'हामीलाई कांग्रेस, एमाले भनेर माओवादीले दुःख दिए, तर अहिले दलहरूले सहयोग गरिरहेका छैनन्', विस्थापित पुष्कर मजगैया भन्छन् । 'विस्थापितहरूले कसरी सम्पत्ति संकलन गरेका हुन् ? पहिला त्यो बुझ्नु पर्‍यो', मजगैया भन्छन्, 'गाउँमा ८/१० बिघा जग्गा भएका व्यक्तिहरू सामन्ती हुने सहरमा करोडौं रुपैयाँ घर र सवारीसाधन र अन्य सम्पत्तिका मालिकहरूलाई केही नहुने ?'

गत साता मात्र दाङका विस्थापितहरू, सात राजनीतिक दलका जिल्लास्तरका नेता तथा माओवादीहरूबीच भएको छलफलमा माओवादीले घर फर्कन चाहने तर अन्यायमा परेका विस्थापितहरूको लागि मात्र बस्नलाई करेसाबारीको लागि बढीमा एक बिघासम्म जग्गा फिर्ता गर्ने निर्णय सार्वजनिक गरे पनि त्यसले विस्थापितहरूको मन शान्त पार्न सकेको छैन । विस्थापितहरू भन्छन्, 'या त माओवादीले विस्थापितहरूलाई सम्पत्ति लुटेर जम्मा गरेका हौ भन्ने प्रमाण दिनु पर्‍यो, हैन भने राजनीति गर्ने मोहमा अर्काको जग्गा कब्जा गरिरहन पाइँदैन । तर माओवादी राप्ती ब्युरो इन्चार्ज तथा केन्द्रीय सदस्य हेमन्तप्रकाश वली (सुदर्शन) जनयुद्धको औचित्य नै नभएको देखाउन पाइने आशाले केही स्वदेशी/विदेशी तत्त्वहरू जग्गा फिर्ता गर्ने अभियानमा जोडतोडले लागेको तर माओवादीले त्यसो हुन नदिने बताउँछन् । गरिबहरूलाई जग्गा दिएर जनयुद्धले उचाइ प्राप्त गरेको बताउने वलीले गरिबहरूको आशालाई निराशा पार्न नसकिने बताउँछन् । माओवादीले नयाँ भूमिसुधार नियम लागू गरेपछि मात्र सबैका समस्या समाधान हुने वलीको दाबी छ ।

दाङमा मात्र माओवादीले करिब ३ सयजना व्यक्तिहरूको सम्पत्ति कब्जा गरेका छन् । माओवादीहरूले स्वर्गद्वारी आश्रमको जमिन पनि कब्जा गरेका छन् । अन्तरिम विधायिकामा सहभागी हुनासाथ माघ ३ गते दाङदेउखुरीस्थित आश्रम, बनगाउँमा तालाबन्दी गरेका थिए । त्यहाँ समस्या परेको बुझी पटक-पटक समाधान गर्ने बताउँदै आए पनि त्यसतर्फ कुनै सिन्को भाँचेका छैनन्, माओवादीले । अझ उल्टै फागुन २५ गते घोराही नजिकै रहेको स्वर्गद्वारीको झिँगौरा आश्रमको शाखामा प्रत्येक कोठामा तालाबन्दी गरेका छन् । त्यसबाट आश्रममा समस्या उत्पन्न भई निकै

कष्टकर भएको बताउँदै स्वर्गद्वारीका महन्त भागवतानन्द गिरिले एक सूचनामार्फत जनाएका छन् । माओवादीले यहाँको जग्गा कब्जा गर्न भने भू-माफियासँग मिलेमतो गरेको स्पष्ट देखिन्छ । स्वर्गद्वारी आश्रमको जग्गा कब्जा गर्ने मामलामा माओवादीको भनाइ र व्यवहार ठिक उल्टो देखिन्छ ।

कब्जा गरिएको जग्गामध्ये अधिकांश माओवादीले आफ्ना समर्थकहरूलाई प्रयोग गर्न दिएको र उनीहरूबाट समेत खेतीको आम्दानी लिने गरेको विस्थापितहरू बताउँछन् । यतिखेर माओवादीले घर फर्कन चाहने विस्थापितहरूलाई कब्जापछि प्रयोग गर्दै आइरहेका व्यक्तिहरूसँग मिलेर बस्न भनिरहेका छन् । तर विस्थापितहरू भने आफूहरूको सबै सम्पत्ति स-सम्मान फिर्ता हुनुपर्ने माग गरिरहेका छन् । गत माघसम्म नै आफ्ना समस्या समाधान भइसक्ने आशा गरेका विस्थापितहरू अहिलेसम्म घर फर्कन नपाउनुमा माओवादीको व्यवहार जत्ति बाधक छ, त्यत्तिकै गरेको सहमति कार्यान्वयन गर्न नसक्ने सरकारी व्यवहार पनि बेठिक भएको बताउँछन् । 'विस्थापितहरूलाई घर फर्काउने भएको सहमतिको मिति गुज्रेको लामो समय बिते पनि विस्थापितहरू किन घर फर्केनन् भनेर कुनै पनि सरकारी अधिकारी र राजनीतिक दलका नेताहरूले सोधेका छैनन्', विस्थापित बुद्धिराम भण्डारी दुःखेसो पोख्छन् ।

माओवादी द्वन्द्वले जर्जर भएको मध्यपश्चिम क्षेत्रको दाङका विस्थापितहरू मात्र यतिखेर परम्परादेखि भोगचलन गर्दै आईरहेको आफ्नो पुर्ख्यौली सम्पत्ति प्रयोग गर्नबाट विमुख भएका छैनन् । एक दशक लामो सशस्त्र युद्ध अन्त्य भई द्वन्द्वको क्रममा विस्थापित भएकाहरूलाई घर फर्काउन यसअघिको सरकार र माओवादीबीच भएको सहमति लागू हुन नसकेपछि मध्यपश्चिमका अधिकांश जिल्लाहरूमा अझै पनि ठूलो संख्याका विस्थापितहरू घर फर्कन पाएका छैनन् । विस्थापितहरूलाई घर फर्काउन सल्यानमा माओवादी र राजनीतिक दलहरूले छुट्टै छानबिन समिति गठन गरेर घर फर्कने अभियानलाई ढिलाइ गरिरहेका छन् भने रुकुम, रोल्पा जस्ता जिल्लाहरूमा विस्थापितहरू घर फर्केपछि बस्न र खानको समस्या हुने भन्दै घर फर्कन सकेका छैनन् ।

त्यसैगरी बाँकेको रझेनामा शिविर खडा गरी बस्दै आएका विभिन्न जिल्लाका विस्थापितहरू पनि अझै घर फर्कन सकेका छैनन् । गत वर्ष सरकार र माओवादीबीच सहकार्य हुन थालेदेखि नै घर फर्कन हतारिएका दैलेख, बालुवाटारका दीपक सिंह अझै पनि घर फर्कने अनुकूल वातावरण नभएको भन्दै अब विस्थापितहरूको घर फर्कने आशा मर्दै गएको बताउँछन् ।

घर फर्कनलाई उपयुक्त वातावरण तयार नभएको भन्दै बाँकेको रझेनास्थित शिविरमा बस्दै आएका करिब १ हजार विस्थापितहरूमध्ये अझै पनि दुई सय द्वन्द्वपीडितहरू घर फर्केका छैनन् । तर माओवादी कार्यकर्ताहरू भने घर नफर्केका ती व्यक्तिहरू साँच्चिकै विस्थापित नभएर विभिन्न फाइदा लिन पाइने आशाले घर नफर्केको बताउँछन् । तर घर नफर्केका विस्थापितहरू भने गाउँमा फर्केको खण्डमा कहाँ बस्ने र के खाने भने टुंगो नलागेका कारण फर्कन नसकिरहेको बताउँछन् । साथै सरकारका अधिकारीहरूले अहिलेसम्म विस्थापितहरूलाई भेटेर घर फर्कनु पर्छ पनि नभनेको उनीहरूको गुनासो छ । यसअघिको सात राजनीतिक दलको सरकार र माओवादीले सबै विस्थापितहरूलाई गत माघ ७ गतेसम्म घर फर्काइसक्ने सहमति गरेका थिए ।

दैलेखकै अर्का विस्थापित दीपबहादुर शाही माओवादीले लुटपाट गरेका र क्षतिग्रस्त भएका सम्पत्तिहरूको क्षतिपूर्ति दिनुपर्ने बताउँछन् । थोरै सम्पत्ति क्षति हुँदा पनि सरकारी ढुकुटीबाट ठूलो रकम लिएका नेताहरूले समेत माओवादीद्वारा सबै सम्पत्ति लुटपाट गरिएका विस्थापितहरूलाई रित्तो हात घर फर्कनु पर्छ भनिरहेका छन्, चार वर्षअघि विस्थापित भएका जाजरकोटका ७३ वर्षीय विस्थापित कृष्णबहादुर शाह भन्छन्, 'माओवादीले गाउँमा ध्वस्त बनाएको घर र अन्य सम्पत्तिको क्षतिपूर्ति नदिएसम्म घर फर्कन सकिँदैन ।' उनले आफ्ना दुईवटा घरमा माओवादीले बम हानेर ध्वस्त पार्नुको साथै भाँडाकुँडा र अन्य सम्पत्ति लुटेर लिएको दाबी गरे ।

डेढ वर्ष अघिसम्म माओवादी द्वन्द्वले उग्ररुप लिएको मध्यपश्चिम क्षेत्रका ग्रामीण बस्तीमा कतै माओवादी धम्की त कतै सुरक्षाकर्मीका त्रास अनि कतै द्वन्द्वको दोहोरो चपेटामा परी सर्वसाधारण बढी सताइन थालेपछि सुरक्षित थलोको रुपमा कोही सम्बन्धित जिल्ला सदरमुकामहरूमा विस्थापित भएका थिए भने कोही काठमाडौं लगायतका सहरहरूमा पनि पुगेका थिए । केही मध्यपश्चिमका विभिन्न जिल्लाका विस्थापितहरूले बाँकेको रझेनामा रहेको सरकारी जग्गालाई शिविर बनाएका थिए । विस्थापितहरूलाई घर फर्काउने सहमति मात्र गरेर यसअघिको सरकार र माओवादीले द्वन्द्वपीडितहरूलाई थप पीडामा पारेको केही विस्थापितहरूले गुनासो पनि गरेका छन् । मुखले विस्थापितहरूलाई घर फर्क भन्नेहरूको व्यवहार सहयोगी नभएको उनीहरूको गुनासो छ । सरकार र माओवादीले घर फर्काउने सहमति गरे पनि कसरी फर्कने ?, गाउँमा गएर कहाँ बस्ने जस्ता समस्याले गर्दा खुला मनले घर फर्कन नसकिएको विस्थापितहरूले बताएका छन् । ■

# विस्थापित फर्काउने क्रम सुरु



**हेमन्तप्रकाश वली (सुदर्शन),**
**माओवादी राप्ती ब्युरो इन्चार्ज**

**यसअघिको सरकार र माओवादीबीच विस्थापितहरू घर फर्काउने सहमति भएको लामो समय बिते पनि अहिलेसम्म विस्थापितहरूका सम्पत्ति किन फिर्ता गरिएका छैनन् ?**

विस्थापितहरूलाई घर फर्काउने क्रम सुरु भइसकेको छ । खालि कुरा के हो भने जस्ताको त्यस्तै जग्गा फिर्ता गर्ने कुरा न्यायोचित हुँदैन भनेर हामीले भनेका छौं । तर विस्थापितहरूले आफ्नो सबै सम्पत्ति पाउनु पर्ने माग गरिरहेका छन् । केही स्वदेशी तथा विदेशी तत्त्वहरूले जस्ताको त्यस्तै जग्गा फिर्ता गर्न लगाएर माओवादी जनयुद्धको औचित्य नै थिएन भनेर विस्थापितहरूको कुरा अघि सारेका मात्र हुन् । हामीले घर फर्कन खोज्नेहरूलाई विगतको गल्ती हेरेर घर र करेसाबारीको लागि बढीमा एक बिघासम्म जग्गा फिर्ता गर्ने घोषणा गरेका छौं । राप्तीबाटै यो अभियान पूरा गराउने प्रयासमा छौं ।

**माओवादी अध्यक्ष र तत्कालीन सरकारबीच गत माघ ७ गतेसम्म सबै विस्थापितहरूलाई घर फर्काइसक्नु पर्ने भएको सहमति लागू नहुँदा कार्यकर्ताहरू पार्टीको नीतिविपरीत गएको आरोप पनि छ नि ?**

पार्टीको नीतिविपरीत जाने भन्ने कुरा हुँदै सक्दैन । पार्टीले भनेको कुरा व्यवहारमा लागू गर्न निश्चिय पनि केही ढिलाइ हुने भएका कारण विस्थापितहरू घर फर्कने तालमेल मिल्न नसकेको हो । साथै जनयुद्धको क्रममा भएको आक्रोशका कारण विस्थापितहरूलाई तुरुन्त जग्गा फिर्ता गर्न पनि कतै अप्ठेरो परेको छ । फेरि सहमति माओवादीले मात्र पूरा गरिरहेको छ । जसका कारण पनि तदारुकतासाथ काम हुन सकेको छैन । हामी सबैले हेर्न सक्छौं, माओवादीसँग भएका सहमतिहरू अन्य राजनीतिक दलहरूले कत्ति पालना गरेका छन् ?

**अन्य दलहरूको रिसले यसरी सर्वसाधारणका निजी सम्पत्ति कब्जा गरिरहन मिल्छ त ?**

मैले भने नि विविध कारणले विस्थापितहरूका सम्पत्ति फिर्ता हुन नसकेका हुन् । कतै विस्थापितहरू आफैं घर फर्कन मानेका छैनन्, कतै हाम्रा साथीहरूमा आक्रोश छ, कतै दलहरूले नै सहमति पालना गरेका छैनन् अनि कतै काम गर्दागर्दै केही ढिलाइ भएको छ । विस्थापितहरूको कुरा गर्दा यहाँ सबैले के पनि बुझ्नु जरुरी छ भने माओवादीबाट मात्र व्यक्तिहरूले दुःख पाएका छैनन् । यसअघिको राज्यका कारण कयौं परिवार विस्थापित भएका छन् । मान्छेहरू मारिएका छन् । घरबारविहीन भएका छन् । सर्वसाधारण बेपत्ता भएका छन् । राज्यपीडितहरूलाई पनि क्षतिपूर्तिको व्यवस्था हुनुपर्‍यो नि । हाम्रो तर्फबाट विस्थापित भएकाहरूलाई घर र करेसाबारी फिर्ता गर्न हामी तयार छौं ।



आफ्नो चोट देखाउँदै एक पीडित



राहतले मात्र के होला ?

# राहत हैन, उपचार

**मोरङको बेलबारी** बजारमा ११ महिनाअघि सेनाले चलाएको गोलीबाट मारिएकाको परिवार र घाइतेलाई राहत उपलब्ध गराइएको छ । मृतकका परिवारले राहत अत्यन्तै थोरै भएको गुनासो गरेका छन् भने घाइतेहरूले राहतको सट्टा उपचार व्यवस्था मिलाइदिन सरकारसँग अनुरोध गरेका छन् ।

सरकारले स्थानीय प्रशासनमार्फत बेलबारी घटनामा मारिएकाको परिवार र घाइतेलाई चार श्रेणीमा विभाजन गरी राहत उपलब्ध गराएको छ । गत चैत १५ गते बेलबारीमै आयोजित एक कार्यक्रममा मृतकका परिवारलाई ३ लाख, गम्भीर घाइतेलाई ७५ हजार, घाइतेलाई २५ हजार र साधारण चोटपटकमात्रै लागेकालाई १० हजार रुपैयाँ उपलब्ध गराइएको थियो । यो राहत बेलबारी घटनाको छानबिनका लागि गठित संसदीय समितिले सिफारिस गरेकोभन्दा निकै कम हो ।

सांसद परी थापाको संयोजकत्वमा गठित समितिले मृतकका परिवारलाई १० लाख र गम्भीर घाइतेलाई ६ लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग सिफारिस गरेको थियो । घटनामा घाइते २६ जनामध्ये दसजनाको अवस्था गम्भीर रहेको प्रतिवेदन समितिले दिएको थियो ।

मोरङका प्रमुख जिल्ला अधिकारी मोदराज डोटेलले 'अहिले बाँडिएको राहत प्रारम्भिक' मात्रै भएको बताएका छन् । सरकारले अरू पैसा पठाउनेबित्तिकै बाँड्न आउने बताएर प्रजिअ डोटेलले बेलबारी घटनाका सातजना मृतकको परिवारलाई आश्वस्त पारेका थिए । तर, घाइते हुनेहरूचाहिँ आश्वस्त हुन सकेनन् ।

घाइतेहरूले आफूहरूलाई राहत वा क्षतिपूर्तिको सट्टा पर्याप्त उपचार व्यवस्था मिलाइदिन प्रजिअ डोटेलसँग आग्रह गरेका थिए । 'सरकारले उपचार गराइदेओस्', संसदीय समितिले गम्भीर घाइतेको श्रेणीमा राखेका ३८ वर्षीय गोपालचन्द्र गौतम भन्छन्, 'अरू एक पैसा चाहिएन ।'

लालभित्ती, बेलबारी निवासी गौतमको बायाँ गालामा लागेको गोलीले कान चुँडाएको थियो । झट्ट हेर्दा सद्दे देखिए पनि गौतमको बायाँ आँखा हरदम खुलै रहने, कानभित्र कसैले चर्को स्वरमा गाना गाएको, हवाईजहाज उडेकोजस्तो आवाज गुन्जिरहने भएको छ । 'राति निद्रा पनि आउँदैन', उनी भन्छन्, 'म त बौलाहाजस्तो भइसकें ।'

गौतमलाई विदेश गएर उपचार गर्न चिकित्सकले सल्लाह दिएका छन् । तर, खर्चको अभावमा उपचार गर्न नसकिएको उनी बताउँछन् । उनीजस्ता अरू घाइतेहरू पनि सरकारी राहतस्वरूप प्राप्त हुने पैसाले उपचार खर्च पुग्ने नपुग्ने टुंगो नभएकाले उपचार व्यवस्था नै मिलाइदिनुपर्ने माग गर्छन् ।

प्रजिअ डोटेल घाइतेहरूको भनाइ सही भए पनि कसलाई थप उपचार चाहिने, कसलाई नचाहिने भन्ने टुंगो लाउनु समस्या रहेको बताउँछन् । 'सबै आफूलाई थप उपचार चाहिने नै भन्छन्', डोटेल थप्छन्, 'तर हाम्रो हेराईमा सबैलाई थप उपचार जरुरी छैन ।' चिकित्सकले थप उपचार गर्न सल्लाह दिएका घाइतेहरूलाई भने यस्तो व्यवस्था गर्न सकिने उल्लेख गर्दै सरकारलाई पत्राचार गरिएको डोटेलले बताए ।

बेलबारीमा चिया पसल चलाउँदै आएकी २३ वर्षीया सपना गुरुङको हत्याको विरोधमा सडकमा उत्रिएका गाउँलेमाथि सेनाले गत वैशाख १३ गते अन्धाधुन्ध गोली चलाएको थियो । सपनालाई सेनाले नै बलात्कारपछि हत्या गरेको भन्दै गाउँलेहरू विरोधमा उत्रिएका थिए ।

■ **ओमआस्था राई/धरान** (तस्विर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |


### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# उपहारको आकर्षण



**आफैंमा बृहत् पोखराको अवधारणामा नेपाल पर्यटन बोर्डले घोषणा गरेको अभियान हो, पोखरा भ्रमण वर्ष ।**

■ **केशवशरण लामिछाने/पोखरा** (तस्बिर पनि)

**आन्तरिक** पर्यटकहरूलाई लक्षित गर्दै सार्वजनिक गरिएका पोखरा भ्रमण वर्षका प्याकेज आन्तरिकसँगै भारतीय पर्यटकमाथि लक्षित छन् । उपभोग्य वस्तुहरूमा झैं पर्यटकीय अभियानमा पनि उपहार योजनाको नौलो प्रयोग पर्यटन व्यवसायीहरूले गरेका छन् ।

पर्यटक संख्या झन्डै दोब्बर गर्ने लक्ष्यसहित पोखरा भ्रमण वर्ष २००७ घोषणा गरिएको तीन महिनापछि प्याकेज कार्यक्रम सार्वजनिक भएका हुन् । प्याकेजहरू भारतीय पर्यटकहरूप्रति लक्षित भए पनि आन्तरिक तथा अन्य विदेशी पर्यटकलाई समेत लागू हुने बताउँछन्, भ्रमण वर्ष संयोजक वासुदेव त्रिपाठी । आन्तरिक पर्यटकका लागि रेस्टुराँमा २० प्रतिशत र होटलमा समेत छुट दिइएको छ ।

तीन महिनाअघि भ्रमण वर्ष घोषणा भएसँगै सर्वत्र प्याकेजको माग भएपछि व्यवसायीहरूले यसको विकास गरेका हुन् । घोषित कार्यक्रमअन्तर्गत होटलहरूलाई लक्जरी, डिलक्स, स्ट्यान्डर्ड, इकोनोमी र बजेट गरी पाँच वर्गमा विभाजन गर्दै स्तर तय गरिएको छ । स्तर विभाजित होटलमा बस्ने पर्यटकलाई तीनदेखि चार घन्टा दृश्यावलोकन गराउन पर्यटकीय क्षेत्रहरू समेटेर विभिन्न सात समूह बनाइएका छन् ।

तेस्रो मुलुकसम्म प्रचारको पहुँच नहुनु नेपालको विडम्बना नै हो । पोखरा पनि त्यसबाट अछुतो छैन । भारतीय पर्यटकलाई मात्रै भित्र्याउन सके व्यवसाय उकास्न मुस्किल नहुने ठानेका पोखरेलीहरूले भारतीय रुपैयाँमै प्याकेज विकास गरेका छन् । पोखरा भ्रमण वर्षको प्रचारका क्रममा भारतीयहरूसँगको अन्तरक्रियाबाट व्यवसायीहरू व्यवस्थित प्याकेज निर्माणको टुंगोमा पुगेका थिए । नेपाली पर्यटकहरूलाई लक्षित गरेर 'दुई रातको पैसा तिर्नुस्, तीन रात सुत्नुस्' जस्तो उपहार योजना पनि बनाइएको छ ।

चार सय ४९ भारतीय रुपैयाँदेखि तीन हजार एक सय ९९ भारतीय रुपैयाँ बीचमा सयौं रोजाइ समेटेर पोखरा र वरपरका क्षेत्र घुम्ने तथा पोखराका होटलमा बस्ने प्याकेज विकास गरिएको बताउँछन्, व्यवसायी नारायण पहारी । कार, भ्यान, जिप, कोस्टर आदिमा घुम्ने र दृश्यावलोकन गर्ने तथा स्तर विभाजित होटलमा सुत्नेसमेत गरेर पाँच सय, सात सय, नौ सय, एक हजार पाँच सय, दुई हजार आदि भारतीय रुपैयाँ दरका प्याकेज समेटिएका छन् ।

आफैंमा बृहत् पोखराको अवधारणामा नेपाल पर्यटन बोर्डले घोषणा गरेको अभियान हो, पोखरा भ्रमण वर्ष । त्यसैले पोखराभन्दा बाहिर बन्दीपुर, मनकामना, सिरुबारीका लागि समेत सस्ता प्याकेज तयार गरिएका छन् । ती प्याकेजभन्दा बाहिर पोखरा घुम्न आउनेका लागि 'दुई रातको तिर, तीन रात सुत' भन्ने आकर्षक प्याकेज पनि रहेको भ्रमण वर्षका सदस्यसचिव टीकाराम सापकोटाले बताए । उनी भन्छन्, 'प्याकेजमा सुताइ मात्र समेटिने र यो नेपालीका लागि बढी लक्षित हो ।' दृश्यावलोकनका लागि पोखराका संग्रहालयहरू, पुरानो बजार, मन्दिर र गुम्बाहरू, सेतीको खोंच, तालहरू, पाताले छाँगो, सराङकोट, काहुँडाँडा, तिब्बती शरणार्थी शिविर आदि विभिन्न वर्गमा समेटिएका छन् ।

भारतीय र विदेशी पर्यटकका लागि प्याराग्लाइडिङ, अल्ट्रालाइट, पोनि ट्रेक, हाइकिङ, ट्रेकिङ र फेवातालमा डुंगासयर गर्न विभिन्न दर निर्धारण गरिएको छ । प्याराग्लाइडिङअन्तर्गत होटल शुल्कसहित भारतीयका लागि चार हजार नौ सय ४९ देखि सात हजार तीन सय ४९ भारतीय रुपैयाँ र विदेशीका लागि एक सय नौदेखि एक सय ६९ अमेरिकी डलर तय गरिएको छ ।

अहिले पोखरामा वार्षिक ७० हजार हाराहारीमा विदेशी पर्यटक आउने गरेको तथ्यांक छ । सन् २००७ मा आन्तरिक पर्यटक ४० प्रतिशत, भारतीय र तेस्रो मुलुकका पर्यटक संख्यामा २५/२५ प्रतिशतका दरले वृद्धि गर्ने लक्ष्य रहेको बताउँछन्, भ्रमण वर्षको आयोजक नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक टेकबहादुर डाँगी ।

हाल नेपालमा आउने कुल पर्यटकमध्ये २५ प्रतिशत हाराहारीमा पोखरा आउने गरेको र तीमध्ये आधाभन्दा बढी अन्नपूर्ण र धवलागिरी क्षेत्रको पदयात्रामा जाने गरेको तथ्यांक छ । पर्यटकको बसाइँ हालको एक दशमलव पाँच दिनबाट बढाएर तीन दिन पुऱ्याउने लक्ष्य रहेको भ्रमण वर्षका संयोजक एवं बोर्डका सदस्य त्रिपाठीले जानकारी दिए ।

पर्यटन सचिव माधव घिमिरे नेपालले ३५ देशसँग हवाई सम्पर्क कायम गरेको र श्रीलंकासँग पनि छिट्टै यस्तो सम्पर्क गर्ने तयारी भइरहेको बताउँछन् । व्यवसायीले 'पोखरा...प्योर एन्ड पर्फेक्ट' भन्ने नारा अगाडि सारी पोखराको प्रवर्द्धन पनि गर्दै आइरहेका छन् । पोखरामा पर्यटकीयस्तरका करिब चार सय होटलमा आठ हजारभन्दा बढी शय्या छन् । यहाँ पर्यटकीयस्तरका ६३ भन्दा बढी रेस्टुराँ, ५५ वटा ट्राभल एजेन्सी र ४५ वटा ट्रेकिङ एजेन्सी रहेको पर्यटन कार्यालय पोखराका प्रमुख नारायण अर्यालले सुनाए ।

कार्यक्रमले तेस्रो देशका पर्यटकको प्रतिदिनको खर्च २५ अमेरिकी डलरबाट बढाएर ४० अमेरिकी डलर र भारतीय पर्यटकको प्रतिदिनको खर्च एक हजार ५ सयबाट बढाएर दुई हजार रुपैयाँ पुऱ्याउने लक्ष्य पनि राखेको छ । ■

# ऐतिहासिक फड्को

■ युवराज घिमिरे/काठमाडौं



**झन्डै १२ वर्षअघि** भारतको कश्मीरमा उग्रवादीहरूको आक्रमणमा ज्यान गुमाएका दुई मजदुर परिवारलाई त्यहाँ हताहत अन्य भारतीय मजदुरलाई भन्दा कम क्षतिपूर्ति दिने निर्णय भारत सरकारले गरेपछि त्यसको खासै विरोध भएन, नेपाल सरकारको तहमा। तर संसदीय राजनीतिबाट अलग भई सशस्त्र संघर्षमा जाने सोच र तयारीमा लागेका दम्पती बाबुराम भट्टराई र हिसिला यमी दिल्ली पुगे। उनीहरूले ज्यान गुमाएका नेपाली मजदुरहरूका परिवारमाथि भेदभाव हुन नहुने आवाज उठाए, नेपाली मजदुर र त्यहाँको राष्ट्रिय संचारमाध्यममार्फत।

तर 'काम गर्ने कालु मकै खाने भालु'को शैलीमा तत्कालीन राजदूत केभी राजनका साथ सभामुखको हैसियतले रामचन्द्र पौडेल तनहुँ पुगे, भारत सरकारले पठाएको रकम ती मजदुर परिवारलाई हस्तान्तरण गर्न। झन्डै अर्धभूमिगत रहेका भट्टराई र यमीले त्यो घटनामा आफ्नो भूमिकाबारे सार्वजनिक रूपमा बयान दिन खासै आवश्यक देखेनन्।

त्यो घटनाको एक दशकपछि जन्मिएको नेपालको इतिहास र नयाँ नेपाल निर्माणको प्रतिबद्धतामा पौडेल र यमी सहकर्मी बन्न पुगेका छन्। तर, के यो समीकरणबाट मुलुकले अपेक्षित शान्ति, प्रजातन्त्र र आर्थिक समृद्धि भेट्टाउला ? दुवैको सत्ताको मियोका रुपमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला उभिएका छन्। गत आइतवार अन्तरिम सरकार बनेपछि त्यसभित्रका पात्र र दलबीच मात्र हैन, सरकारका आठ घटकबीच द्विविधा र आशंका छन्। खासगरी माओवादीप्रति अतीतका आशंका र आलोचनाबाट उत्पन्न अविश्वास यथावत् छ।

कश्मीर प्रसंगमा माओवादी प्रयासको राजनीतिक उपलब्धि अपहरण गरी श्रेय लिन सफल पौडेलले 'निर्मलनिवास'लाई माओवादीहरूको 'परमधाम' भन्दै गृहमन्त्रीका रूपमा सार्वजनिक आरोप लगाएका थिए। तर राजालाई प्रतिगमनका प्रतीकका रूपमा आरोप लगाउने क्रममा र सम्भवतः भावी गणतन्त्रको अभियानमा पौडेलको स्वर अब माओवादीको जस्तै प्रखर बनेको छ। त्यति हुँदाहुँदै पनि माओवादीविरुद्ध खुलेर उत्रिए, पौडेल बुधवार लमजुङमा। माओवादीद्वारा अन्य दलका राजनीतिक कार्यकर्ताहरूमाथि कालिकोटमा भएको आक्रमणको निन्दा गर्दै 'माओवादीलाई तत्काल आफ्नो आचरण सुधार्न र हिंसाको भाषा प्रयोग नगर्न' सुझाव दिए। पौडेलको आग्रह र भाषा झन्डै दिल्लीमा दक्षिण एसियाली सहयोग संगठन (सार्क)मा पर्यवेक्षकका रूपमा आएका दक्षिण तथा मध्य एसियाका लागि अमेरिकी उपविदेशमन्त्री रिचार्ड बाउचरसँग मेल खान्थ्यो।

भारत, डेनमार्क लगायत विभिन्न मुलुकहरूले नेपालमा अन्तरिम सरकार गठनको स्वागत गरे पनि अमेरिकाले माओवादीहरूलाई विश्वास गर्न नसकिने बताएको छ अहिले नै भने बेलायतबाट हालै नेपाल भ्रमणमा आएका अन्तर्राष्ट्रिय विकास तथा सहयोगमन्त्री थोमस गारेथले संसदीय मूलधारमा रूपान्तरणका लागि माओवादी नेतृत्वसँग आग्रह गरेका छन्। बाह्य जगत्को ससर्त र निःसर्त सहयोगको आश्वासन सरकारले निकै हदसम्म हासिल गरे पनि आन्तरिक अविश्वास र पहिलेका घाउहरू चुलिँदा सरकार र शान्ति प्रक्रियामा व्यवधान आउन सक्ने संकेतहरू पनि त्यत्तिकै देखापरेका छन्।

प्रधानमन्त्री कोइरालाको स्वास्थ्य र त्यसले सरकारको नेतृत्वलाई पुऱ्याउन सक्ने व्यवधान तथा अनिश्चितता एकातिर र विभिन्न दिशामा फर्किएका सत्ताधारी दलहरूले सरकारको दिशाविहीन स्वरूपलाई अगाडि तेर्स्याएका छन्।

पौडेल जति विरोधी छन्, त्योभन्दा बढी माओवादीका 'रबर छाप'का रूपमा चिनिएका कृष्ण सिटौलालाई सबैको दबाब पन्छाउँदै प्रधानमन्त्री कोइरालाले पुनः गृहमन्त्री नियुक्त गरेपछि पार्टीमा विद्रोहको सम्भावना बोकेको तर त्यो विस्फोटनको चरणमा पुगी नसकेको विरोधको स्वर प्रतिध्वनित हुन थालेको छ। 'कांग्रेस मन्त्रीहरूको छनोट जमिनदारी र अपारदर्शी तथा गैरप्रजातान्त्रिक शैलीमा भएको छ', कांग्रेस कार्यकारिणी सदस्य अर्जुननरसिंह केसीले समयलाई भने। सम्भवतः माओवादीबाहेक सरकारका सबै घटकहरू आन्तरिक आलोचनाका सिकार बनेका छन्, छनोटका लागि।

कोइरालाले मन्त्रिपरिषद्भित्र नम्बर दुईको हैसियत दिन चाहेका सुशील कोइरालाले सिटौलाप्रति प्रधानमन्त्रीको 'मोह' देखेपछि पदमा खासै चाख देखाएनन्। तराईमा अशान्ति भड्किने डर व्यक्त गर्दै सुशीलले गृहमन्त्रीको छनोटबारे प्रधानमन्त्रीलाई चेतावनी दिँदा त्यसलाई प्रधानमन्त्रीले खासै वास्ता नगरेको कांग्रेसका एकजना वरिष्ठ नेताले बताए। त्यसैगरी एमालेभित्र खड्ग ओलीको नेतृत्वको पूरा प्रतिनिधित्व परिवर्तन गर्नुपर्ने अडानका साथ वामदेव गौतम-झलनाथ खनाल सक्रिय भएपछि साहना प्रधान मन्त्रिपरिषद्मा भित्रिन पुगिन्। पार्टीभित्र यसले अन्तरकलह सिर्जित नगरे पनि सरकारमाथि प्रभावकारी पकड बनाउन एमाले असफल भएको छ। कांग्रेस प्रजातान्त्रिकले मन्त्रिपरिषद्मा आफ्नो एउटा थप पद पूर्ति गर्न सकेको छैन, यद्यपि पार्टी सभापति शेरबहादुर देउवालाई कांग्रेसकै शैलीमा सम्पूर्ण अधिकार दिइएको छ।

गैरमाओवादी दलहरूभित्रका यी अन्तविरोध र अन्तरकलहले माओवादीलाई शक्तिशाली र खुसी बनाउला त ? त्यस्तो सम्भावना भने देखिँदैन। किनकि आचारसंहिताको उल्लंघन, मानवताविरुद्धका अपराध र शान्ति प्रक्रियामा उनीहरूबाट व्यवधान आउन सक्ने सम्भावनालाई बेलायतदेखि अन्य कुनै सरकारले अस्वीकार गरेको छैन। उनीहरूको आचरणमा सुधार नआउला कि भन्ने डरलाई कालिकोटपछि राजधानीको जमलमा उनीहरूबाट एमाले सम्पर्क मजदुर संघका कार्यकर्ताहरूमाथि

अन्तरिम सरकारका मन्त्रीहरूलाई सपथ गराउँदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला



तस्वीरहरू: भास्कर ओझा

गरेको आक्रमणले प्रमाणका रूपमा पुष्टि गरेको छ। 'यस्ता व्यवहारहरू जारी रहेमा अहिले प्रस्तावित असार ६ गतेको मितिमा पनि संविधानसभाको निर्वाचन सम्भव हुनेछैन', निर्वाचन आयोगका एकजना पदाधिकारीले समयलाई भने।

मन्त्रिपरिषद् गठनमा देखापरेको खिचलो र प्रधानमन्त्रीले कांग्रेसभित्रको एउटा सानो समूहको रहस्यपूर्ण दबाबमा मन्त्रीहरूको छनोट गरेको आरोपको पृष्ठभूमिमा अन्तरिम सरकारमा माओवादीको प्रवेश आफैंमा एउटा महत्त्वपूर्ण राजनीतिक छलाङ भए पनि अपेक्षित उपलब्धिबारे शंका देखापर्न थालेको छ।

सरकारका एक उच्च तहमा रहेका सूत्रका अनुसार माओवादी अब शान्ति तथा मेलमिलाप आयोगको गठन नहोस् भन्ने चाहन्छ। पौडेलले निष्पक्ष आयोगको काम उनी मातहतको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले नै गर्न सक्ने दाबी गरेका छन् भने प्रधानमन्त्री र गृहमन्त्रीको समर्थन आयोग नबनाउनेतर्फ जुटाउन सकिने अपेक्षा पनि माओवादीले राखेको छ, कांग्रेसभित्र प्रधानमन्त्रीविरुद्ध जम्दै गएको पक्षका अनुसार। तर जबरजस्ती कब्जा गरिएका नागरिकहरूका सम्पत्ति फर्काउने कुरामा नै सबभन्दा पहिलो घमासान हुने निश्चित छ। र, सम्भवतः पहिलो प्रमाण माओवादीले प्रधानमन्त्रीलाई आश्वस्त गरेको म्यादअनुसार दुई साताभित्रै देखिनेछ, सम्पत्ति फिर्ता गरेर। अन्यथा सरकारको अस्तित्व र शान्ति प्रक्रियामाथि पहिलो संकट त्यहीबाट सुरु हुनेछ। तर निश्चय पनि त्योभन्दा पहिले तराईले सरकारको रवैया कसरी हेर्छ, त्यसले पनि यो सरकारको भविष्य र शान्ति प्रक्रियाको सफलतालाई प्रभावित गर्नेछ। ■

# अन्तर्राष्ट्रिय मान्यता पाउँदै

**एघारवर्षे सशस्त्र** द्वन्द्व त्यागेर शान्ति प्रक्रियामा आएका माओवादीलाई राजनीतिक दलको रूपमा अनुमोदन गर्न थालेका छन्, अन्तर्राष्ट्रिय समुदायले। जनआन्दोलन-२ पछिका ११ महिने राजनीतिक उतारचढावपछि सरकारमा सामेल माओवादीलाई प्रत्यक्ष भेटवार्ता गर्ने पहिलो उच्च ओहदाका बिदेशी भए, बेलायतीमन्त्री ग्यारेथ थोमस। नेपालको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको बेलायती विकासमन्त्री थोमस चैत तेस्रो साता काठमाडौंमा राजनीतिक परिवेश बुझ्न संलग्न रहे। सोही क्रममा चैत २० मा माओवादी नेता डा. बाबुराम भट्टराई र प्रवक्ता एवं सूचना तथा संचारमन्त्री कृष्णबहादुर महरासँग औपचारिक कार्यक्रममा हात मिलाए।

काठमाडौंको पाँचतारे याक एन्ड यती होटलको सिनेट कक्षबाहिर माओवादी नेता डा. भट्टराई र महरासँग थोमसले हात मिलाउनु माओवादीका लागि महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। अहिलेसम्म अमेरिका, बेलायतजस्ता पश्चिमा देशले राजदूतको तहमा मात्र माओवादी नेतासँगको भेटलाई सीमित राख्दै आएका थिए।

भट्टराई र महरासँगको संक्षिप्त भेटमा बेलायतले माओवादीलाई आचारसंहिता पालना गर्न, संविधानसभाको निर्वाचनमा कुनै पनि हतियारको प्रयोग हुन नहुने स्थिति निर्माण गर्न सुझाव दिएको थोमसले पत्रकारलाई बताए। माओवादीबाट आचारसंहिता, शान्ति सम्झौता उल्लंघन भइरहेको आलोचनाहरूबीच थोमसले यस्तो सुझाव दोहोऱ्याएको देखिन्छ।

थोमससँगको भेटवार्तामा डा. भट्टराईले माओवादीले सम्हालेका मन्त्रालयका लागि सहयोग मागेको जानकारी दिए। भट्टराईले कस्ता खाले कार्यक्रमका लागि सहयोगको याचना गरेको भन्नेबारे विस्तृतमा बताएनन्। भट्टराईले भने, 'द्वन्द्वमा मारिएका र पीडित बनेकालाई तत्काल राहत पुऱ्याउने जस्ता कार्यक्रमका लागि सहयोग माग भएको छ।'

थोमसको टोलीले २० चैतमै अन्तरिम संसद्का सर्वदलीय समितिसँगको भेटवार्तामा भने माओवादी सांसद सुरेश आले मगरले थोमसको सांसद (अंग्रेजीमा पार्लियामेन्टियन) भन्ने सम्बोधनमै प्रतिक्रिया जनाउन पुगे। स्रोतका अनुसार आले मगरले 'म विधायक हुँ' भन्दै प्रतिक्रिया जनाएपछि थोमसले माओवादीका विधायक भन्दै सम्बोधन गरेका थिए। आले मगरले थोमसलाई माओवादीको संसदीय पद्धतिप्रति विश्वास नरहेको जानकारी पनि दिएका थिए। पश्चिमा संसदीय राजनीतिका आलोचक माओवादीका प्रतिनिधि आले मगरले, माओवादीले ४० प्रतिशत महिलालाई आरक्षण दिएको बताएर बेलायतमा महिलाको स्थितिबारे जिज्ञासा पनि राखेका थिए। थोमसले बेलायतमा २७ प्रतिशत महिला सांसद छन् भन्ने जानकारी पाएपछि आले मगरले त्यसको आलोचना गरेको एक सहभागी सांसद बताउँछन्।

सरकारमा माओवादीको आगमनलाई लिएर अन्तर्राष्ट्रिय समुदायले स्वागत र शुभकामना व्यक्त गरिरहेका छन् औपचारिक रूपमा तर व्यवहारमा भने माओवादीबाट आश्वस्त हुन सकेका छैनन् उनीहरू। बेलायती मन्त्रीले आचारसंहिता पालना गर्न सुझाव दिने कूटनीतिक बाटो लिएका छन् भने माओवादी व्यवहारको कटु आलोचक अमेरिकाको मन माओवादी सरकारमा आइसकेको अवस्थामा पनि बदलिएको छैन।

छिमेकी भारतमा भारतीय जनता पार्टीले नेपाली माओवादीप्रति दोहोरो नीति लिएको आरोप लगाउँदै आएको छ। झारखण्ड, उत्तरप्रदेश र बिहारमा माओवादी सक्रियता बढ्नुका पछाडि नेपालका माओवादीको सहकार्य र संरक्षण गरेको आरोप पनि लाग्ने गरेका छन्।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



बेलायती विकासमन्त्री ग्यारेथ थोमस माओवादी नेता डा.भट्टराई र सूचना तथा सञ्चारमन्त्री महरासँग भेट्दै



तस्विरहरू: भास्कर ओझा

# कुरा एउटा, काम अर्कै

■ किरण भण्डारी र छत्र कार्की/काठमाडौं

**लोकतन्त्र,** समावेशीकरण र जनप्रतिनिधिमूलक शासन व्यवस्था केही वर्षयताका राजनीतिमा चल्तीका नारा हुन्। असोज १८ को प्रतिगामी शाही घोषणाविरुद्धका आन्दोलन, जनआन्दोलन-२ र त्यसको सफलतापछिका राजनीतिमा ती नाराका अलावा दलभित्रको आन्तरिक लोकतन्त्रको मुद्दा पनि त्यत्तिकै उठ्यो।

तर अन्तरिम सरकार गठका क्रममा दलहरूले देखाएको व्यवहारले उनीहरूको कथनी र करणीमा अहिले पनि ठूलो खाडल भएको पुष्टि गरेको छ। लोकतन्त्रको गहना जनप्रतिनिधिमूलक शासन हो भन्ने तथ्य चटक्कै बिर्सिएर नवगठित मन्त्रिपरिषद्मा व्यवस्थापिका संसद्भन्दा बाहिरका सदस्य एक चौथाइभन्दा बढी छन्।

३ सय ३० जनाको भीमकाय व्यवस्थापिका संसद्बाट जस्तोसुकै रोजाइका सम्भावना हुँदाहुँदै माओवादीबाहेक प्रमुख चार दलले गैरसांसदहरूलाई मन्त्रीमा पठाएका छन्। सबैलाई उछिन्दै एमालेले आफ्ना ५० प्रतिशत मन्त्री संसद्बाहिरबाट रोजेको छ। एमाले मन्त्रित्रय संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री पृथ्वीसुब्बा गुरुङ, कृषि तथा सहकारी छविलाल विश्वकर्मा र शिक्षा राज्यमन्त्री मोहनसिंह राठौर संसद् सदस्य छैनन्।

जनजाति, दलित र सुदूरपश्चिमको सन्तुलन मिलाउन संसद्को दायरा नाघ्नुपरेको एमालेको तर्क छ। संसद्लाई छलेर गरिने यस्ता नियुक्तिलाई सामान्यीकरण गरेर परम्परा बसाल्नु विकृतिपूर्ण भएको बताउँदै एमाले नेता झलनाथ खनालले भने, 'अन्तरिम कालमा आन्दोलनका योद्धाहरूलाई बाहिरबाटै भए पनि ल्याउनुपरेको हो।' पार्टीको संयोजन मिलाउँदै जाँदा ठूलै संख्यामा बाहिरबाट ल्याउन बाध्य हुनुपरेको उनको कथन छ।

एमालेलाई पछ्याउँदै कांग्रेस प्रजातान्त्रिकले पनि आफ्ना चारमध्ये दुई जलस्रोत राज्यमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र कानुन न्याय तथा संसदीय व्यवस्था राज्यमन्त्री इन्द्रबहादुर गुरुङ बाहिरबाटै रोजेको छ। वाममोर्चाका भूमिसुधार तथा व्यवस्थामन्त्री जगतबहादुर बोगटी पनि व्यवस्थापिका संसद्का सदस्य होइनन्।

कांग्रेस प्रजातान्त्रिकभित्र संसद्लाई उपेक्षित गरी बाहिरबाट टिप्नु राम्रो होइन भन्ने आक्रोश व्यक्त गर्नेको संख्या ठूलो छ। 'संसद् सदस्य नभएको व्यक्ति पनि मन्त्री हुन सक्ने संविधानले दिएको भेन्टिलेसन फोरेर ढोका बनाएर ओहोरदोहोर गरिएको छ', अहिलेको भागबन्डाबाट असन्तुष्ट देउवा निकटस्थ एक सांसदले समयलाई भने।

त्यतिमात्र हैन, कांग्रेस र प्रजातान्त्रिक कांग्रेसमाथि आन्दोलन कालमा उठाएको समावेशीकरण र दलभित्रको आन्तरिक लोकतन्त्रको प्रतिबद्धतालाई कुल्चिएको आरोपसमेत लागेको छ। दुवै कांग्रेसले मन्त्रिमण्डलमा सिफारिस गर्नुपूर्व केन्द्रीय समिति वा पार्टीको अन्य कुनै निकायको बैठक समेत गरेका थिएनन्। राजाको निरंकुशताको विरोधमा आन्दोलन छेडेका नेताहरू दलभित्र निरंकुश 'छोटे राजा'को भूमिकाबाट अझै सुध्रिन नखोजेको देखिएको छ।

'मन्त्रीमा पठाउने व्यक्तिहरुबारे पार्टीमा औपचारिक/अनौपचारिक केही छलफल भएन', प्रजातान्त्रिक कांग्रेसका केन्द्रीय सदस्य होमनाथ दाहालले भने। एउटा मात्र मन्त्री भाग परेको प्रजातान्त्रिकले आफ्नो हैसियतअनुसारको आयतन सरकारमा नपाएको गुनासो पनि व्याप्त छ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पार्टीले पनि महत्त्वपूर्ण विषयमा संस्थागत निर्णय गर्ने बानी बसाल्न सकेको छैन। सहभागितामूलक निर्णय नभएकाले उपयुक्त व्यक्तिहरू छानिन नसकेको भन्दै कांग्रेसभित्र आक्रोश बढिरहेको छ। 'लोकतान्त्रिक आन्दोलनमा गरिएका प्रतिबद्धताअनुसार व्यवहार गर्न सकेका छैनौं', कांग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसी भन्छन्, 'मन्त्रिमण्डलमा पार्टी प्रतिनिधिको नाम मैले रेडियोबाट सुनेको हुँ।'

दुवै कांग्रेसले आफ्नो टोलीमा महिला र दलित प्रतिनिधिलाई छुटाएका छन्। समग्रमा मन्त्रिपरिषद्मा आदिवासी जनजातिबाट ६, मधेसी समुदायबाट चार, दलित र महिला दुईजना परेकाले सरकारको स्वरूप समावेशी छ।

सरकारमा तीन राज्य र नौ मन्त्री गरी बाह्रजना पहिलोपटक सरकारमा पुगेका नयाँ अनुहार छन्। नयाँ मन्त्रीमध्ये पृथ्वीसुब्बा गुरुङ, छविलाल, बोगटी, खड्गबहादुर, रामचन्द्र यादव, इन्द्रबहादुर गुरुङ र राठौरको परिचयको दायरा अरूको भन्दा साँघुरो छ। ■

### जगतबहादुर बोगटी
**भूमिसुधार तथा व्यवस्था**



तीसको दशकको प्रारम्भदेखि राजनीतिमा होमिएका बोगटी तत्कालीन मालेका सुदूरपश्चिमका औंलामा गन्न सकिने अगुवा कार्यकर्तामध्ये एक हुन्। कक्षा १ देखि एमएसम्मको पढाइमा भीम रावलको सहपाठी र राजनीतिक योगदान हाराहारी भए पनि २०४९ को पाँचौं महाधिवेशनमा सिपी मैनालीको पक्षधर भएपछि क्रमशः ओझेल पर्दै गएका बोगटीलाई अहिले भने समयले साथ दिएको छ। सिपीको साथ नछोडेकाले बोगटीले वाममोर्चाका तर्फबाट मन्त्री बन्ने सौभाग्य पाएका छन्। यसअघि उनी २०४८ सादेखि एक कार्यकाल राष्ट्रियसभा सदस्य रहिसकेका व्यक्ति हुन्।

### पृथ्वीसुब्बा गुरुङ
**संस्कृति पर्यटन तथा नागरिक उड्डयन**



२०३२ सालदेखि भूमिगत रूपमा तत्कालीन मालेमा सक्रिय भई लमजुङ जिल्लामा शिक्षण पेसामा संलग्न रहेका गुरुङ बहुदलीय प्रजातन्त्र स्थापना भएपछि २०४७ देखि पूर्णरूपमा पार्टी राजनीतिमा संलग्न छन्। जिल्ला कमिटी

सदस्य, सचिव हुँदै २०५४ एमाले केन्द्रीय कमिटी सदस्य रहेका उनी प्रतिनिधिसभा सदस्य निर्वाचनमा भने तीनपटक पराजित भइसकेका व्यक्ति हुन् ।

## छविलाल विश्वकर्मा
**कृषि तथा सहकारी**



दलित आन्दोलनमा दुई दशकदेखि सक्रिय रुपमा क्रियाशील विश्वकर्माले विद्यार्थी कालदेखि नै कम्युनिस्ट राजनीतिलाई पनि समानान्तर रूपमा अघि बढाएका थिए । २०५९ सालदेखि वैकल्पिक केन्द्रीय सदस्य रहेका विश्वकर्मा जनआन्दोलन-२ को बेला पार्टीको प्रवास इन्चार्जको रूपमा सक्रिय थिए । दलित आन्दोलनका हस्ती र खेलकुद क्षेत्रसँग समेत जोडिएका विश्वकर्मा दुईपटक खेलकुद परिषद्को सदस्य बनिसकेका व्यक्ति हुन् ।

## खड्गबहादुर विश्वकर्मा
**महिला बालबालिका तथा समाज कल्याण**



कालिकोटको दुर्गम गाउँको दलित परिवारमा जन्मेर जुँगाको रेखी नबस्दै 'हार्ड लाइनर' कम्युनिस्ट राजनीतिमा होमिएका ३७ वर्षीय विश्वकर्मा अन्तरिम सरकारका सबैभन्दा कलिलो मन्त्री हुन् । प्रचण्डको नेतृत्वमा रहेको तत्कालीन नेकपा (मशाल)को युथ कम्युनिष्ट लिगबाट भूमिगत राजनीति थालेका विश्वकर्मा २०४८ मा पूर्णकालीन बन्नेबित्तिकै जिल्ला कमिटी सचिव भएका थिए ।

पार्टी जनयुद्धमा होमिएपछि छोटो अवधिमा संगठनको माथिल्लो कमिटीहरूमा उकालो चढेका विश्वकर्मा २०५७ सालमै केन्द्रीय सदस्य भइसकेका थिए । माओवादी अति प्रभावित क्षेत्र भेरी-कर्णाली स्वायत्त प्रदेशको प्रमुख रहिसकेका विश्वकर्मा विगतका कमजोरीहरूलाई चिर्दै मन्त्रालयले सकारात्मक सन्देश जाने काम तत्काल थाल्ने बताउँछन् ।

## रामचन्द्र यादव
**सामान्यप्रशासन राज्यमन्त्री**



मानन्धर समूह बाट २०४९ सालमा एमाले प्रवेश गरेपछि गाविस अध्यक्ष बनेका यादव छोटो अवधिमै मन्त्रीको जिम्मेवारीमा पुगेका व्यक्ति हुन् । २०५४ मा पुनः गाविस अध्यक्ष भएका यादव तराईलाई सम्बोधन क्रममा मन्त्री बनेका हुन् । २०५६ सालमा सिरहा-२ बाट सांसद निर्वाचित उनी महासचिव माधव नेपालका विश्वासपात्र मानिन्छन् ।

## इन्द्रबहादुर गुरुङ,
**कानुन न्याय तथ संसदीय व्यवस्था राज्यमन्त्री**

स्याङजाको खान्दानी कांग्रेस परिवारमा जन्मिएका इन्द्रबहादुरले आफ्नो अलग्गै विशिष्ट पहिचान बनाइसकेका छन् । २०१५ सालमा स्याङजाबाट नेपाली कांग्रेसका सांसद बनेका जमानसिंह गुरुङका सुपुत्र इन्द्रबहादुर जनजाति समुदायमा बेस्सरी भिजेका छन् । जनजातिका मुद्दाबारे पनि त्यत्तिकै जानकार छन् । कांग्रेस प्रजातान्त्रिकको पार्टी केन्द्रीय सदस्य गुरुङ पार्टीको जनजाति समितिका सदस्य पनि हुन् ।

## मोहनसिंह राठौर
**शिक्षा तथा खेलकुद राज्यमन्त्री**



२०४७ सालमा एमाले संगठित सदस्य बनेका मोहनसिंह राठौरले मन्त्री बन्ने अवसर पाएका छन् । भीम रावलले परराष्ट्रबाहेक अरू मन्त्रालय इन्कार गरेपछि सुदूरपश्चिमबाट राठौरको भाग्य चम्किएको हो । २०४९ सालमा गाविस अध्यक्षबाट सुरु भएको उनको राजनीतिक यात्रा जिविस सभापति हुँदै अहिले मन्त्रीसम्म पुगेको छ । २०५४ सालमा एमाले विभाजन भएपछि जिल्लाका एमाले हस्तीहरू महेश्वर पाठक, हिमाञ्चलराज भट्टराई माले समूहमा लागेपछि पार्टीको कैलाली जिल्ला कमिटी सचिवको अभिभारा राठौरको काँधमा आएको थियो । उनी २०५६ सालको संसदीय निर्वाचनमा पराजित भएका थिए । ■




# हिंसाजन्य गतिविधिका मानसपिता माओवादी



तस्विरहरू: भास्कर ओझा

■ प्रदीप नेपाल, शिक्षा तथा खेलकुदमन्त्री

**अन्तरिम सरकारमा** एमालेको औपचारिक नेतृत्व परराष्ट्रमन्त्री सहाना प्रधानले गरे पनि 'नेता'को भूमिका निर्वाह गर्न पार्टीले प्रदीप नेपाललाई शिक्षा तथा खेलकुदमन्त्रीका रूपमा मन्त्रिपरिषद्मा पठाएको छ। असारसम्म कुनै पनि हालतमा संविधानसभाको निर्वाचन सम्भव छैन भन्ने धारणामा अडिग मन्त्री नेपाल माओवादीले आफ्नो आचरण नसुधारे उनीहरू झनै पतनतिर जाने बताउँछन्। *समय*का निम्ति **छत्र कार्की** र **किरण भण्डारी**सँग कुराकानी गर्दै निर्भीक र स्पष्टवक्ता नवनियुक्त मन्त्री नेपालले लामो समयदेखि थाती रहेको नियुक्ति यथाशीघ्र हुने बताएका छन्।

**सत्तासमीकरणको खेलमा एमालेले वरिष्ठता र मन्त्रालयको महत्ताको हिसाबले आफ्नो हैसियत गुमायो भनिन्छ नि ?**

धेरै मानिसलाई कम्युनिष्टहरू संगठन र समूहको मातहत आफूलाई राख्छन् भन्ने अन्धविश्वास छ, तर म व्यक्तिमा विश्वास गर्ने मान्छे हुँ। कार्ल मार्क्सले भनेका छन्- व्यक्तिको विकास नै समूह विकासको पूर्वसर्त हो। त्यसैले कति नम्बरको मन्त्रीमा को पऱ्यो भन्ने विषयलाई म महत्त्व दिन्नँ। एक नम्बर, दुई नम्बर, आठ नम्बर, दस नम्बरहरू मैले मार्क्सवाद बुझेदेखि नै अर्थहीन भएका छन्। हैसियत आफूले गर्ने कामसँग जोडिन्छ, त्यसैले म नम्बरका आधारमा हैसियत गुम्यो भन्ने कुरो विश्वास गर्दिनँ।

**सबै मन्त्रालयको हैसियत एकै भए यत्रो दिनको लुछाचुँडी नाटक मात्र हो त ?**

मन्त्रालयको महत्ता हुन्छ। सुरक्षा, गृह र अर्थको हैसियत साँच्चै अरूभन्दा फरक हुन्छ। प्रधानमन्त्री सर्वेसर्वा, सुरक्षा एउटा फोर्स, गृह अर्को फोर्स र पैसा व्यवस्थापन गर्ने हुनाले अर्थलाई संसारभरि नै प्रमुख मानिन्छ। संयुक्त सरकारमा कुनै पनि एउटा दलमा यी तीनवटा पद हुनु हुँदैन भन्ने एउटा सार्वभौम मान्यता पनि छ। एमालेले त्यही धारणा पेस गऱ्यो, तर त्यो मान्यतालाई प्रधानमन्त्रीले स्विकारेनन्। नेपाल त हाँडीगाउँ भएको देश हो, अन्त कहीं नभएको जात्रा यहीं हुनुपर्छ।

**अन्तिमसम्म पनि अर्थ नछाड्ने भन्ने एमालेको अडान थियो नि ?**

अर्थ नछाड्ने भन्ने थिएन। विभिन्न सञ्चारमाध्यमले आफूखुसी के छाड्ने-नछाड्ने भने। हामीले महत्त्वपूर्ण तीनवटा मन्त्रालय एउटै पार्टीसँग हुनुहुँदैन भन्ने सैद्धान्तिक मुद्दा उठाएका हौं। कतिसम्म भन्यौं भने भोलि कांग्रेस एकीकरण हुँदा तपाईंहरूमै खप्टिन्छ, गृह प्रजातान्त्रिक कांग्रेसलाई दिनुहोस्। विशाल छाती छ भने नागरिक समाजको प्रतिनिधिलाई गृह दिनुहोस् पनि भन्यौं।

**सरकारको मुख्य प्राथमिकता के हो ?**

मुख्य, पहिलो, अन्तिम वा एउटै प्राथमिकता संविधानसभाको निर्वाचन हो।

**संविधानसभाको निर्वाचन कहिले होला त ?**

समय म तोक्दिनँ। निर्वाचन आयोगले जहिले भन्छ, त्यो समयका लागि सरकार तयार हुनुपर्छ।

**दलहरूले असार ६ गतेमा सहमति गरे होइन र ?**

मैले पनि कुनै मिति भन्दिए भने सञ्चारमाध्यमले यो पो रहेछ भन्न थाल्छन्। जेठ २७, जेठ २९, असार ४ र असार ६ गरी मैले नै संविधानसभाको निर्वाचनको चारथरि मिति सुनेको छु। बाँकी चार दलका मिति आउन बाँकी नै छ। कुनै दलले यसपालि चाँडै मनसुन सुरु हुने लक्षण छैन, असार १५ गते गरौं भनिसकेको छ। यस्ता ज्योतिषका पछि लाग्नु हुन्न। किनभने निर्वाचनको जिम्मा कार्यपालिकामा गृहमन्त्रालय र त्यसभन्दा बढी निर्वाचन आयोगको हो। आयोगले चुनाव गराउन तयार छु भनेपछि सरकारले सहयोग गर्ने हो।

**त्यसो भए आठ दल सहमत भएको भनिएको असार ६ को तिथि आधिकारिक होइन ?**

अहिलेसम्म कुनै आठ दलको बैठकमा बसेको छैन। मेरो प्रचण्डजीसँग शपथग्रहण कार्यक्रममा योजना आयोगको हलमा पहिलोपटक देखाभेट भएको हो। त्यसैले आठ दल भन्ने मलाई कहिले पनि थाहा भएन। आठ दल एक मुख छन् भन्ने मलाई लाग्दैन। 'अहिले चुनाव हुनै सक्दैन' भनेर शेरबहादुरजीले ठोकुवा गर्नु भएको छ।

**जेठअसारमा संविधानसभाको निर्वाचन हुनै सक्दैन भन्ने यहाँको पूर्व विश्लेषणमा मन्त्री भएपछि परिवर्तन आएको हो ?**

हैन, मेरो धारणा यथावत् छ। संयुक्त सरकार भएकाले आचारसंहितामा बाँधिनुपर्छ, धेरै बोल्नु हुँदैन। तर मेरो व्यक्तिगत धारणा अवैज्ञानिक होइन नि। हचुवाको भरमा अरूले जस्तै असार ६ गते संविधानसभाको चुनाव हुन्छ भनेर म भन्न सक्दिनँ। एकै चरणमा अहिले कसरी चुनाव हुन्छ ? जब कि, निर्वाचन आयोगले एउटा समयसीमा मागिरहेको

छ। हामीले निश्चित अवधि दिनुपर्‍यो, त्यसभित्र कति दुई चरण, तीन चरण वा चार चरणमा गराउन सकिएला आयोगको कुरा हो। मंसिर १५ गते बन्नुपर्ने अन्तरिम सरकार चैत १८ गते बन्यो। यो तीन महिनालाई कसरी साँघुर्‍याउने ?

**निर्वाचनका लागि सुरक्षाको अवस्था कस्तो छ ?**

नवगठित सरकार बन्नेबित्तिकै प्रधानमन्त्रीले नै सुरक्षाको प्रश्न उठाउनुभएको छ । कसैले पनि दम्भ प्रदर्शन गर्नुहुँदैन, हतियार प्रदर्शन गर्नुहुँदैन भन्ने प्रधानमन्त्रीको भनाइ पनि गम्भीर छ। निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन गराउने प्रतिबद्धतालाई साँच्चिकै व्यवहारमा उतार्ने हो भने अहिले भनिएभन्दा निर्वाचन निश्चय नै ढिला हुन्छ।

**कति महिना ढिलो होला। मन्त्री हुनुपूर्व त यहाँ कात्तिकअघि सम्भव छैन भन्नुहुन्थ्यो ?**

त्योचाहिँ म अहिले भन्न सक्दिनँ। संयुक्त सरकारको मन्त्रीको हैसियतले मैले भन्नु पनि हुँदैन। प्रक्रियाहरूलाई जतिसक्यो खुम्च्याएर ढिलाइलाई न्यूनतम तुल्याउनमा भने हाम्रो पहल हुनेछ। म फेरि भन्छु, चुनाव कहिले गर्ने भन्ने विषय निर्वाचन आयोगको अधिकारको कुरा हो।

**शान्ति, सुरक्षा र भयरहित वातावरण निर्माण कसरी हुन्छ ?**

बाह्र दल (म आठ दल भन्दिनँ, बाह्र दल भन्छु) तीनका भ्रातृ तथा पेसागत संगठनहरूले आजैदेखि संविधानसभाको निर्वाचन सम्पन्न नभएसम्म बन्द, हड्ताल, धर्ना जस्ता काम गर्दैनौं भन्न सक्नुपर्छ। त्योबाहेक अरू आपराधिक क्रियाकलापमा संलग्न हुनेहरूलाई राज्यले कानुनअनुसार कडाभन्दा कडा सजाय दिनुपर्छ।

**तराईको समस्या ज्यूँका त्यूँ रहेसम्म कसरी शान्तिपूर्ण वातावरण बन्छ ?**

किस्तामा निर्णय गर्ने बानीले धेरै बिगारेको छ। फोरमसँग वार्ता गर्दा नै गोइत र ज्वाला सिंह समूहसँग पनि वार्ता गर्नुपर्थ्यो। आठ दलका सहमतिमा किन यी प्याकेज डिलका कुरा उठेनन्, मलाई थाहा छैन। जनजाति महासंघले फोरमभन्दा अगाडि नै मुद्दा अघि सारिसकेको थियो। हामीले भनेका थियौं - गोलमेच सम्मेलन गरौं। तर त्यो हुन सकेन। यस्ता मुद्दाहरूलाई सम्बोधन नगरी निर्वाचनको जिद्दी गर्नुहुँदैन।

**माओवादीले आफ्नो व्यवहार नसुधारी भयरहित वातावरणको कल्पना गर्न सकिन्छ ?**

माओवादीको व्यवहार सुध्रिनैपर्छ। तर म अहिले त्यसको चिन्ता गर्दिनँ किनभने उनीहरू जति बिग्रिन्छन्, त्यति चुनाव हार्छन्। स-सानो कुरामा क्रान्ति गर्ने उनीहरूको बानीलाई म त धन्यवादै दिन्छु, तर त्यसले फाइदा गर्दैन। परम्परा तोड्ने नाममा माओवादीका मन्त्रीहरूले पद बहाली हुँदा फाइल सदर नगर्नु कुनै परिवर्तन होइन, त्यो त ठूलो नोक्सानी हो। यो प्रशासनतन्त्रमाथि पनि विश्वास गर्नुपर्छ। यहाँभित्र खराबीका डंगुर होलान्। यसलाई क्रमिकरूपमा रूपान्तरित गरेमात्र हित हुन्छ। होइन, हामी त जंगी मान्छे हौं भन्नुभयो भने उहाँहरूलाई नै नोक्सान हुन्छ।

**शृंखलाबद्ध हिंसात्मक घटनाहरूको दोष प्रतिक्रियावादी र दरबारियालाई लगाएर मात्र पन्छिन मिल्छ ?**

जति पनि हिंसाजन्य गतिविधि भएका छन्, तिनीहरूको मानसपिता माओवादी नै हो। यसको सम्पूर्ण जस-अपजस माओवादीलाई जान्छ। निष्पक्ष भएर बोल्नुपर्छ, संविधानसभाको जस पनि माओवादीलाई जान्छ। हामीले पनि उहिले २००७ सालमा उठाएका थियौं भनेर अरूले जस लिन पाइँदैन। माओवादीले यो मुद्दालाई यसरी निरन्तरता दियो कि सिंगो देश संविधानसभामय भयो। राजावादीले हिंसा गरे पनि यसको गुरु त माओवादी नै हो। हामी बन्दुके विगतलाई यति तिरस्कार गर्छौं कि पार्टी पंक्तिका कोही पनि बन्दुकबाट मुक्ति सम्भव छ भन्दैनन्। तर माओवादी व्यवहार त्यस्तो देखिँदैन।

**निवर्तमान सरकारमा एमाले 'पंगु' भएको मन्त्रालय यहाँको काँधमा छ। तपाईंको मार्गचित्र कस्तो छ ?**

मंगलसिद्धि सरको बौद्धिकताले शिक्षामा अप्ठ्याराहरू जन्मायो भन्ने मलाई लागेको थियो। तर यो मन्त्रालय प्रधानमन्त्री कार्यालयअन्तर्गतको विभाग जस्तो रहेछ। मन्त्री स्वतन्त्र भने पनि केही पनि निर्णय गर्न सकिने रहेनछ। भिसी, विश्वविद्यालयका पदाधिकारी, उच्च माध्यमिक परिषद्का नियुक्ति सीधै प्रधानमन्त्रीसँग जोडिदो रहेछ। त्यसैले जस-अपजस शिक्षामन्त्री र प्रधानमन्त्रीमा बराबर बाँडिनुपर्छ।

**त्यसो भए विगतमा जलस्रोत वा सञ्चारमन्त्री रहँदाको यहाँको छवि बदलिने भयो त ?**

शिक्षामन्त्रीको हातखुट्टा बाँधिएको हुँदो रहेछ। ठूलो शेरलाई चिडियाखानामा राखिएजस्तो हुँदो रहेछ। कांग्रेसले गृह, रक्षा वा अर्थको सट्टा शिक्षा राखेको भए मन्त्री र प्रधानमन्त्री दुवैलाई काम गर्न सजिलो हुन्थ्यो।

**विश्वविद्यालय पदाधिकारी नियुक्तिमा भागबन्डा गर्ने पूर्व सहमतिको हैसियत अब के हुन्छ ?**

प्रधानमन्त्रीज्यूको पार्टीसहित चार दलले पदाधिकारी नियुक्तिबारे सहमति गरिसकेकाले भागबन्डाको विकल्प छैन।

**पदाधिकारीविहीन अवस्थाको अन्त्य कहिलेसम्म हुन्छ ?**

प्रधानमन्त्री चैत २५ गते फर्केलगत्तै मैले यस विषयमा लामो कुराकानी गर्ने योजना तय गरेको छ। त्यसलगत्तै परिणाम थाहा हुन्छ।

**शिक्षा मन्त्रालयको आधा अंग खेलकुद क्षेत्र मानिन्छ। यहाँले उथलपुथल ल्याउनु हुन्छ भनिन्छ नि ?**

खेलकुद परिषद्का उपाध्यक्षले ब्रिफिङ गरेपछि मलाई यसबारे धेरै थाहा हुन्छ। विगतमा कुनै बेला जस्तो खेलकुद क्षेत्रलाई देश चलाउने निकाय बनाउने पक्षमा म छैन। ■



- 'हचुवाको भरमा अरूले जस्तै असार ६ गते संविधानसभा चुनाव हुन्छ भनेर म भन्न सक्दिनँ। एकै चरणमा अहिले कसरी चुनाव हुन्छ ?'
- 'सबै दल र भ्रातृसंगठनले आजैदेखि संविधानसभाको निर्वाचन सम्पन्न नभएसम्म बन्द, हड्ताल, धर्ना जस्ता काम गर्दैनौं भन्न सक्नुपर्छ।'
- 'शिक्षा मन्त्रालय प्रधानमन्त्री कार्यालयअन्तर्गतको विभाग जस्तो रहेछ।'
- 'नेपाल त हाँडीगाउँ भएको देश हो, अन्त कहीँ नभएको जात्रा यहीँ हुनुपर्छ।'

# अमेरिकी धारणा फेरिनुपर्छ



भास्वर ओझा

**२०५२ सालमा माओवादीले दीर्घकालीन जनयुद्ध सुरु गर्दा सामान्य नेताको हैसियतमा रहेका कृष्णबहादुर महरा धेरै सहकर्मी र अग्रजहरूलाई उछिनेर अहिले माओवादीको उच्च नेतृत्व तहमा पुगेका छन् । व्यवस्थापिका संसद् र सरकारमा माओवादीको नेतृत्व गरिरहेका महरा शान्ति प्रक्रियामा उल्लेख्य योगदान पुऱ्याउने थोरै व्यक्तिमध्ये एक हुन् । अन्तरिम सरकारको गठनपछि *समय*सँग कुराकानी गर्दै महराले असारमै निर्वाचन हुने प्रतिबद्धता दोहोऱ्याउनुका साथै 'माओवादीप्रति अमेरिकी धारणामा परिवर्तन' गर्न भनेका छन् ।**

**जनयुद्धको कष्टकर जीवन त्यागेर सत्ताभोग गर्दा कस्तो अनुभव भइरहेको छ ?**

जुन उद्देश्यले हामी युद्धमा गएका थियौं, त्यही प्राप्त गर्न अहिले सरकारमा छौं, कार्यशैली मात्र बदलेका हौं । संघर्षको मोर्चा शान्तिपूर्ण भएपछि स्वभाविक रुपमा कार्यशैली र जीवनशैलीमा केही फरक भएको छ ।

**जनताले अरू दल र माओवादीसहितको सरकारमा केही फरक अनुभूति गर्न पाउँछन् ?**

हामी इमानदारीपूर्वक सक्दो प्रयास गर्छौं । राज्यका सबै संरचना पुरानै भएका बेला चिन्तनमा नयाँपन नआई हामीले सोचजस्तो जनताको पक्षमा काम हुन गाह्रो छ । आन्दोलनको भावनाअनुसार कसरी आफूलाई रूपान्तरण गरेर अधिकाधिक सेवा प्रवाह गर्न सकिन्छ भन्ने विषयमा हामीले छलफल थालिसकेका छौं । हामी आफ्नो ध्येयमा कति सफल हुन्छौं, यो समयले देखाउनेछ ।

**सरकारको मूल लक्ष्य संविधानसभाको निर्वाचन असारभित्रै सम्भव छ ?**

अहिलेसम्म सम्भव छ । कामको गतिलाई युद्धस्तरमा अघि बढाएर लक्ष्य हासिल गर्न सकिन्छ ।

**निर्वाचन आयोगले संविधानसभाको निर्वाचन आवधिक जस्तो थोरै अवधिमा गर्न सकिने हैन भन्ने धारणा सार्वजनिक गरिसकेको छ नि ?**

आयोगले प्राविधिक तयारीको दृष्टिले त्यसो भनेको होला । तर राजनीतिक दृष्टिले मुलुकले उपयुक्त ठहऱ्याएको समयमा आयोगले कार्यसम्पादन गर्छ भन्ने विश्वास हामीमा छ ।

**सत्ता साझेदार एमाले र कांग्रेस प्रजातान्त्रिक संविधानसभाको निर्वाचन असारमा सम्भव छैन भनिरहेका छन् । घटकहरू नै मतैक्य नभएपछि असर गर्दैन र ?**

निश्चितै असर पर्छ । विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिले संविधानसभाको निर्वाचन गर्न ढिलो गर्नुहुन्न भन्ने हाम्रो ठहर हो । पार्टीगत हारजितको स्वार्थ त्यागेर समझदारीअनुरूप संविधानसभामा लाग्नुपर्छ । दलगत हारजितलाई बिर्सेर निरंकुशता र राजावादी शक्तिविरुद्धको सहमतिको मोर्चा दरिलो बनायौं भने संविधानसभापछि हुने प्रतिनिधिसभाको निर्वाचनमा हामी प्रतिस्पर्धा गरौंला ।

**संविधानसभाको निर्वाचनका लागि भयरहित वातावरण आवश्यक हुन्छ । माओवादीले हिंसाको बाटो त्यागेन भनेर त्यो बल सधैं तपाईंहरूकै कोर्टमा छ नि ?**

यस्ता प्रचारबाजी सुनियोजित ढंगले भइरहेको छ । हिजोको विद्रोही पक्ष भएकाले केही हदसम्म हमीप्रति त्यस्तो आशंका पनि होला, तर हामी चुनाव भयरहित वातावरणमा हुनुपर्छ भन्नेमा दृढ छौं । बरु निर्वाचन स्वतन्त्र र धाँधलीरहित गराउन सक्दो मद्दत गर्छौं । होइन कुनै पक्षले मनपरी गर्छ भने जनताको न्यायिक प्रतिरोध हुन सक्छ ।

**मधेस अशान्त रहिरहेसम्म निर्वाचन हुन्छ ?**

निर्वाचन बिथोल्न पर्दापछाडिबाट धेरै खेल र षड्यन्त्र भइरहेका छन् । मधेसको समस्या एकहदसम्म सम्बोधन भइसकेको अवस्था छ, बाँकी समस्या संविधानसभापछि राज्य पुनर्संरचनाका क्रममा सम्बोधन हुने भएपछि किन अशान्ति ।

**जनजाति, दलित र कर्णालीको माग सम्बोधन नगरी निर्वाचन होला ?**

संविधान संशोधनको दोस्रो संशोधनमा यी विषयमा सम्बोधन गरिने कुरा चैत १८ गतेको न्यूनतम साझा सहमतिमा परेको छ ।

**अमेरिका तपाईंहरूको सत्तारोहणले दुखी भएको छ नि ?**

अमेरिकाले नेपाली जनताको चाहना ढिलो चाँडो बुझ्नैपर्छ । जनचाहनाअनुसार उसको धारणा फेरिनै पर्छ ।

**युद्धकालीन अवस्थामा भन्दा अमेरिकाप्रतिको माओवादी दृष्टिकोण पनि फेरिएको हो ?**

अमेरिकाले आफ्नो दृष्टिकोणमा नयाँपन ल्याएमा हामी सरकारमा गइसकेको पार्टीले पनि ऊप्रतिको धारणामा बदलाव ल्याउनैपर्छ ।

**तर कालिकोटको घटनाले त माओवादीमाथि अमेरिकी आरोपलाई नै बल पुऱ्याउँछ हैन ?**

कालिकोटमा हाम्रो केही दोष छैन । तर त्यस्तै हिसाबले प्रचार भइरहेको छ । तराईमा जस्तै तथाकथित हिमाली फोरम र अन्य पार्टीका कार्यकर्ताले समेत गाउँको झगडालाई निहुँ बनाएर नियोजित ढंगले घटना गराएको रिपोर्ट प्राप्त भएको छ । हामी नै सिकार भएका छौं ।

**सम्पत्ति फिर्ता र पुनःस्थापना हुन नदिएको आरोप अहिले पनि किन यथावत् छ ?**

हाम्रो आन्दोलनले उत्साह ल्यायो होला, तर हामीले कसैको जग्गा कब्जा गरेका हुँदैनौं । जमिनदार र किसानको लडाइँको दोष हामीलाई लगाउन पाइँदैन । सरकारले जमिनदारको मात्र हैन, किसानले पनि चिन्ता लिनु हुँदैन । जोत्नेले पनि मालिक हुन पाउनुपर्छ ।

**मन्त्री भइसकेपछि पनि काठमाडौंमा खोसेका गाडीहरू माओवादीलाई के काम ?**

खोसियो भनी आरोप लागेका सबै गाडी केही दिनभित्रै फिर्ता हुन्छ ।

**माओवादीले आन्दोलनको क्रममा बेपत्ता र सहिद भएका सयौं मानिसको भऱ्याङ चढेपछि उनीहरूलाई चटक्कै बिर्सियो भन्ने आरोप छ नि ?**

हाम्रो उद्देश्य प्राप्ति गर्न ठूलो चुनौती छ । बेपत्ताको खोजीप्रति हामी पूरै प्रतिबद्ध छौं । प्रधानमन्त्री भारतबाट फर्किएपछिको पहिलो मन्त्रिपरिषद्को बैठकले यस विषयमा गम्भीरतापूर्वक छलफल गरी निर्णय गर्छ ।

**सञ्चार मन्त्रालय र अन्तर्गतको लथालिंग अवस्थालाई कसरी चिर्न सकिन्छ ?**

कर्मचारी साथीहरूको ब्रिफिङबाट नै जिम्मेवारी असाध्यै जटिल र चुनौतीपूर्ण देखेको छु । मन्त्रालय, विभाग वा सञ्चारगृहहरूको समस्या अंशमा हल गरेर हुँदैन । राजनीतिक नीति परिवर्तन नगरी व्यापक सुधारको आशा गर्न सक्ने ठाउँ छैन । ■



भास्वर ओझा

मन्त्री खड्गबहादुर विश्वकर्मा

# आशालाग्दो सुरुवात

**मुख्य रूपमा कर्मचारीतन्त्रले माओवादी मन्त्रीहरूको व्यवहार र सोचाइ अपेक्षा गरेभन्दा निकै जिम्मेवार र नरम महसुस गरेको छ ।**

'बन्दुकको नालबाट सत्ता प्राप्त हुन्छ' भन्ने कम्युनिष्टहरूको शास्त्रीय विश्वासलाई परित्याग गरी संसदीय मार्गबाट सत्तारोहण गरेका माओवादीहरूको एक साताको क्रियाकलाप उदार देखिएको छ ।

हतियारको आडमा जनसत्ता संचालन गरेका माओवादी मन्त्रीहरू उनीहरूले पुरानो सत्ता भन्ने गरेको सरकारमा प्रवेश गरेपछि अरू दल जस्तै देखिएका मात्र हैनन्, २०५१ सालका एमाले मन्त्रीहरूले जति उग्र र क्रान्तिकारी भाषा समेत प्रयोग गरेका छैनन् ।

मुख्य रूपमा कर्मचारीतन्त्रले माओवादी मन्त्रीहरूले व्यवहार र सोचाइ अपेक्षा गरेभन्दा निकै जिम्मेवार र नरम महसुस गरेको छ । माओवादीले सम्हालेका पाँचैवटा मन्त्रालयका उच्च पदाधिकारीहरूले *समय*सँगको औपचारिक कुराकानीको क्रममा त्यस्तो जानकारी दिएका हुन् । प्रशासनलाई २ सय ३८ वर्षदेखि सामन्ती राज्यसत्ताको मतियारको संज्ञा दिँदै आएका माओवादीले अहिले त्यही कर्मचारीतन्त्रको सहयोग लिने घोषणा गरेर उनीहरूको मन जित्ने कोसिस गरेका छन् ।

'हामी त उहाँहरू जंगी स्वभावको हुनुहोला भनेर डराएका थियौं', वन मन्त्रालयका एक अधिकारीले भने, 'तर त्यस्तो होइन रहेछ, काम गर्न र कुरा बुझाउन त्यति मुस्किल पर्ला जस्तो छैन ।'

माओवादी मन्त्रीहरूमध्ये रौद्र स्वभावको परिचय बनाएका वन तथा भू-संरक्षण मन्त्री मातृकाप्रसाद यादव समेत असाध्यै सालीन र भद्र रूपमा पेस भएपछि कर्मचारीवृत्तमा समेत कुराकानीको विषय बनेको छ ।

चैत १८ गते मन्त्रीको शपथ खाएपछि पैदल हिँडेरै बहाल हुन मन्त्रालय पुगेका यादवले बहाली हुँदा फाइल सदर गर्नु 'बिरालोको घाँटीमा घन्टी बाँध्ने' चलन भन्दै परम्परालाई तोडे पनि उनको सम्बोधन सबैलाई मान्य हुने खालको थियो ।

'वन विनाश गरेको आरोप सबैभन्दा बढी हामीमाथि लागेको छ', यादवलाई उद्धृत गर्दै मन्त्रालय स्रोत भन्छ, 'तर वनलाई संरक्षण गर्नु हाम्रो मूल प्राथमिकता हो । सोहीअनुसार काम गर्नुस् ।'

उनको निर्देशनअनुसार वन क्षेत्र अतिक्रमण गर्ने जोकोहीलाई कडाभन्दा कडा कारबाही गर्ने व्यहोरासहितको निर्देशन मन्त्रालयले मातहतका कार्यालयहरूलाई जारी गरिसकेको छ । बहालीका क्रममा उनले सचिव तीर्थराज ज्ञवालीलाई नियम-कानुनअनुसार निर्भीक भएर काम गर्न र आफैंले जथाभावी दबाब दिए पनि नटेर्न भनेका थिए ।

स्थानीय विकासमन्त्री देवप्रसाद गुरुङ असाध्यै भलाद्मी भएको महसुस गरेका छन्, मन्त्रालयका अधिकारीहरूले । निवर्तमान मन्त्री राजेन्द्र पाण्डेको भन्दा निकै कडा पार्टीको भएर पनि गुरुङ जिज्ञासु, सरल र नम्र भएको अनुभूति उनीहरूको छ ।

त्यतिमात्र हैन, गुरुङको कार्यकक्षमा कार्यकर्ताको भीडभाड र तामझाम छैन । गुरुङमात्र हैन, पाँच दिनसम्म पनि माओवादी मन्त्रीहरूले स्वकीय सचिव नियुक्त गरेका छैनन् । निजी सचिवको जिम्मेवारीमा खटिएको सरकारी कर्मचारीको सहयोगमा मन्त्रीहरू सन्तुष्ट छन् । अधिकांश कांग्रेस वा एमाले मन्त्रीका स्वकीय सचिव 'मिनी मिनिस्टर'को हैसियतमा रहने गरेका छन् ।

कर्मचारीतन्त्रमाथि विश्वास गरे पनि सुरक्षाकर्मीमाथिको अविश्वास यथावत् रहेको व्यवहारले देखाएको छ । स्वयंसेवक वा विभिन्न नाममा मन्त्रीका सुरक्षाका लागि खटिएका माओवादी कार्यकर्ताहरूको सुरक्षा घेरा यथावत् छ । पुरानो सत्ताको सबै निकायको मन जित्ने कोसिस गरे पनि नेपाली सेनाप्रति सौतेनी दृष्टिकोणको संकीर्णताबाट माओवादीहरू अझै उठ्न नसकेको यसले देखाउँछ ।

प्रशासनतन्त्रको धज्जी उडाउने माओवादी नेताहरूले सत्तामा गएपछि उनीहरूलाई 'आफ्ना' बनाउने रणनीति लिएको देखिन्छ । 'सबैको चिन्तनमा नयाँपन र परिवर्तन आउन जरुरी छ', बहाली भएका दिन सञ्चारमन्त्री कृष्णबहादुर महराले भने, 'हामी सबैको सहयोग लिएर काम गर्छौं, कर्मचारी बदल्ने अभियान थालेर लाखापाखा गर्दैनौं ।'

माआवादीका सबै मन्त्रीहरूले आफूहरूको व्यक्तिगत सम्पत्ति केही नभएकाले भ्रष्टाचार नगर्ने र कसैलाई यस्तो अपराधमा क्षमा नगर्ने चेतावनीसमेत दिएका छन् । सबैभन्दा बढी विकास बजेट खर्च हुने आर्थिक लेनदेनको व्यापक चलखेल हुने मन्त्रालयको जिम्मेवारी पाएकी भौतिक योजना तथा निर्माणमन्त्री हिसिला यमीले माओवादी भ्रष्टाचारबाट अछुतो हुने विषयमा पैरवी गरेकी छन् ।

शैक्षिक योग्यताअनुसारको मन्त्रालयको जिम्मेवारी पाएकी यमीबाट पहिलो सम्बोधनमै विकास निर्माणसम्बन्धी अवधारणा व्यक्त हुने कर्मचारीहरूको अपेक्षा भने तुषारापात भएको छ । 'पुरानै शैलीमा बहाली भयो, भाषण पनि पहिलेकै मन्त्रीहरूले जस्तै मिठो गर्नुभयो', एक उच्च अधिकारीले भने, 'माओवादीका तर्फबाट मन्त्रीहरू तोकिएको महिनौं भइसकेकाले उहाँको ठोस विचार सुन्न पाइन्छ भन्ने आशा हामीले गरेका थियौं ।'

भ्रष्टाचार र आर्थिक अनियमितताका विषयमा महिला, बालबालिका तथा समाजकल्याणमन्त्री खड्गबहादुर विश्वकर्माले पनि आगो ओकलेका छन् । जुझारु स्वभावका विश्वकर्माले पनि निजी सचिवालय सरकारी कर्मचारीलाई सुम्पेका छन् । त्यतिमात्र हैन, मन्त्री भएकै दिन 'आर्थिक सहयोग नमाग्नुहोला' भन्ने आशयको सूचना समेत टाँग्न भ्याएका छन्, विश्वकर्माले ।

धेरैको अनुमान र अपेक्षाभन्दा सिंहदरबारभित्र नरम देखिएको माओवादी व्यवहार स्वतन्त्र भई आत्मसम्मानपूर्वक बाँच्न पाउने जनताको अधिकार प्रत्याभूत गर्नतर्फ समेत अग्रसर भए सकारात्मक फड्को सावित हुनेछ ।

■ **किरण भण्डारी/काठमाडौं**

## माओवादी आन्दोलनमा देखिएको रूपान्तरणलाई संसदीय लोकतन्त्रको सफलता भन्न सकिन्छ ।

# सत्तारोहण र माओवादी जनयुद्ध



■ शंकर पोखरेल

**दीर्घकालीन** जनयुद्ध नेपाली क्रान्तिको एक मात्र बाटो हो भन्ने विश्वासमा २०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात्को खुला परिवेशमा, जति बेला नेकपा (एमाले) नेपालको सत्ता राजनीतिको प्रजातान्त्रिक विकल्पका रूपमा अघि आउँदै थियो, त्यति बेला माओवादीहरूले सशस्त्र संघर्षको दिशामा अघि बढ्ने नीति अख्तियार गरेका थिए । त्यसको ठिक बाह्र वर्षपछि माओवादीहरू शान्तिपूर्ण र वैधानिक संघर्षको बाटोबाट अघि बढ्ने प्रतिबद्धताका साथ अन्तरिम सरकारमा सहभागी बन्न पुगेका छन् । एक दशक लामो सशस्त्र संघर्षबाट राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमै चर्चा पाउन सफल माओवादी आन्दोलनले मुलुकको असी प्रतिशत भू-भागमा नियन्त्रण कायम गरी समानान्तर सत्ता संचालन गरेको दाबी गरिँदै आएको थियो । तर अहिले उनीहरू मूलधारका राजनीतिक दलहरूसँगको सत्तासाझेदारीमा एक चौथाइको हिस्सा पाएर अत्यन्त उत्साहका साथ अन्तरिम व्यवस्थापिका संसद् र सरकारमा सहभागी बन्न आइपुगेका छन् । सत्तारोहणप्रतिको माओवादी नेतृत्वको आतुरता र सरकारमा सामेल भएका माओवादी नेताहरूका चम्किला अनुहारहरूले अन्तरिम सरकार गठन माओवादीका लागि कति धेरै महत्त्वको विषय रहेछ भन्ने कुरा स्पष्ट भएको छ । यसै कारणले पनि होला बहुप्रतीक्षित विषय बन्न पुगेको माओवादीको सत्तारोहणपछि नेपालको राजनीतिले नयाँ मोड प्राप्त गर्ने विश्वास र अपेक्षा धेरैमा बढेर गएको पाइन्छ । नेपालको राजनीतिमा विकसित पछिल्ला धरातलीय यथार्थहरूले माओवादीको सत्तारोहणको घटनाले मात्र नेपालको राजनीतिले सहज निकास पाइहाल्ने अवस्था भने देखिँदैन ।

चिनियाँ सास्कृतिक क्रान्तिका अतिवादी भूललाई नै आफ्नो आदर्श मान्ने माओवादीको सत्तारोहण नेपालको राजनीतिका सन्दर्भमा मात्र होइन, अन्तर्राष्ट्रिय माओवादी आन्दोलन (रिम)सँग आबद्ध सबैका लागि आश्चर्यजनक घटना हो । नेकपा (माओवादी)ले रिममा आबद्ध मित्र पार्टीहरूलाई नेपालको शान्ति प्रक्रियामा उसले लिएको नीतिका सन्दर्भमा कस्तो प्रकारको नीतिगत मान्यता अघि सारेको छ, त्यो अहिलेसम्म स्पष्ट हुन सकेको छैन । तर माओवादी नेता सिपी गजुरेलले विदेशी भूमिमा गएर व्यक्त गरेका धारणा विश्लेषण गर्ने हो भने उनीहरूलाई आफ्ना मान्यता प्रस्तुत गर्न निकै कठिन भएको बुझ्न सकिन्छ । नेपालको शान्ति प्रक्रियाका सन्दर्भमा मुलुकभित्र र बाहिरका गैरमाओवादीहरूका बीचमा भन्ने भनाइ तथा पार्टीपंक्ति र माओवादी आन्दोलनसँग सम्बद्ध अन्तर्राष्ट्रिय मित्रहरूका बीचमा राख्ने भनाइमा निकै फरक रहेको छ । त्यही फरकपन र नीतिगत अन्योलका कारणले नै माओवादी नेतृत्वका भनाइहरूमा विरोधाभास देखिन थालेको छ । शान्ति प्रक्रियाका सन्दर्भमा माओवादी नेतृत्वको आन्तरिक बुझाइ जे भए पनि माओवादीको अन्तरिम सरकारमा सहभागिताले एक दशक लामो सशस्त्र संघर्षबाट विकसित माओवादी शक्तिलाई सत्ता राजनीतिको वैधानिक धारामा विधिवत् रूपमा स्थापित गरिदिएको छ । यस घटनाबाट माओवादी अब न विगतको जस्तो विद्रोही शक्ति नै रहेको छ न त विजेताका रूपमा सत्ताको नेतृत्वकर्ता नै बन्न पुगेको छ । वास्तविकता के हो भने अहिले माओवादी विगतमा आफूले भन्ने गरेका सुधारवादी र संशोधनवादीको कित्तामा उभिन आइपुगेको छ ।

माओवादीको सत्तारोहणको घटनाले माओवादी आन्दोलनका सामु निकै धेरै यक्षप्रश्न खडा गरिदिएको छ । दीर्घकालीन जनयुद्ध एकमात्र क्रान्तिको बाटोको मान्यताको अवस्था अब के हुने ? सेनाविनाको कम्युनिष्ट पार्टी हुन सक्तैन भन्ने कुरालाई माओवादी नेतृत्वले अब कसरी लिने ? क्रान्तिभन्दा पहिले सरकारमा गएकोमा नेकपा (एमाले)लाई दक्षिणपन्थी र संशोधनवादी भन्ने माओवादीले आफ्नो अहिलेको अवस्थालाई कसरी विश्लेषण गर्ने ? धक्का, क्रमभंग, छलाङ र महाविपत्तिको माओवादी दर्शन जनयुद्धको नीति अब कायम रहने कि नरहने ? जनआन्दोलनका समयमा माओवादीले अघि सारेको शान्तिपूर्ण जनआन्दोलनमा सशस्त्र जनयुद्धको शक्तिलाई फ्युजन गरेर सहरी विद्रोहको विकास गर्ने नीति अब कायम रहने कि नरहने ? यी यस्ता अनेकौं प्रश्नको जवाफ माओवादी नेतृत्वले दिनै पर्छ । पन्ध्र हजारको संख्यामा जीवन गुमाएका व्यक्ति र त्यति संख्यामा अंगभंग र घाइते भएका योद्धा र तिनका आश्रित परिवारको त्याग र बलिदानले यस प्रकारका प्रश्नको खोजी गर्नु स्वभाविक हो । त्यसरी नै जनयुद्धका क्रममा परिवार, धनसम्पत्ति र पढाइलेखाइ सबै छोडेर आन्दोलनमा होमिएका कार्यकर्ताले समेत आफ्नो त्याग र समर्पणको मूल्य खोज्ने अवस्था पनि समय क्रममा आउन सक्छ । सशस्त्र संघर्षका माध्यमबाट पुरानो सत्ता ध्वंस गरेर नयाँ जनवादीसत्ता स्थापना गर्ने उद्देश्यका साथ सुरु भएको माओवादी जनयुद्ध अब सत्ताराजनीतिको अंग बन्न सकेको अवस्थामा माओवादी नेतृत्वबाट ती यक्षप्रश्नहरूको जवाफ आउन निकै कठिन छ । तैपनि समयले ती सबै यक्षप्रश्नको छिनोफानो गरेरै छोड्नेछ ।

माओवादी नेतृत्वले सशस्त्र संघर्षको थालनी गरिरहेको समयमा माओवादी नेतृत्वका अभिव्यक्तिहरूको मनोवैज्ञानिक विश्लेषण गरेर कतिपयले भनेका थिए, माओवादी नेतृत्वले हिंसालाई समाज परिवर्तनको अस्त्रका रूपमा होइन, शक्ति आर्जनको अस्त्रका रूपमा मात्र लिएको छ । नेपालको राजनीतिमा जसले हतियार बोक्यो त्यही नै जनताका बीचमा स्थापित भएको भन्ने माओवादी नेतृत्वको बुझाइका कारणले मुलुकले एक दशक लामो हिंसाको शृंखला व्यहोर्नु पर्‍यो । पन्ध्र हजारभन्दा बढी नेपाली सपूतहरूले ज्यान गुमाउनु पर्‍यो । खर्बौं मूल्यबराबरको भौतिक क्षति भयो । हिंसा र युद्धको विभिषिकाले नेपाली समाजलाई पारेको नकारात्मक असरको कुनै लेखाजोखा गरिएको छैन, गर्न पनि सकिनेछैन । पुस्तौंपुस्तासम्म पनि त्यसका असर रहिरहनेछन् । यस प्रकारको गहिरो क्षति र पीडाको असर छोड्न पुगेको माओवादी आन्दोलन आज जुन विन्दुमा आएर अडिएको छ, त्यसले न हिजोका नीतिहरूको औचित्य पुष्टि गर्न सक्छन् न त हिजोका नीति र कामहरूले आजको यथार्थको औचित्य नै पुष्टि गर्न सक्छन् । एक हिसाबले भन्ने हो भने माओवादीहरू हिजो जुन ठाउँबाट आफ्नो कार्यदिशा परिवर्तन गरेर जनयुद्धमा होमिन पुगेका थिए, बाह्र वर्षपछि उनीहरू पुनः पुरानै ठाउँमा उभिन आइपुगेका छन् । फरक हिजो उनीहरू प्रतिनिधिसभामा सीमित सिट संख्या भएको तेस्रो शक्ति थिए, आज ठूलो संख्याका साथ अन्तरिम व्यवस्थापिका संसद् र सरकारमा तेस्रो शक्तिका रूपमा देखापरेका छन् । बाह्र वर्षमा खोला फर्कन्छ भनेझैं माओवादीहरू आफैंले घृणा गरेर छोडेर गएको संसदीय राजनीतिमा फर्किएका छन् ।

माओवादी आन्दोलनमा देखिएको यो रूपान्तरणलाई संसदीय लोकतन्त्रको सफलता पनि भन्न सकिन्छ । माओवादीहरू भने त्यसो भन्न तयार छैनन् । सिज (सिस्ने जलजला) अभियानदेखि सिंहदरबार प्रवेशसम्मको माओवादीको यात्रामा देखिएको एक सय असी डिग्रीको फन्कोलाई उनीहरू आफ्नो नीतिको सफलता नै ठानिरहेका छन् । तर दीर्घकालीन जनयुद्धको बाटोमा हिँडिरहेका उनीहरू क्रान्तिपूर्व नै जसरी सत्ताराजनीतिमा सहभागी हुन पुगे, त्यसको वैचारिक र राजनीतिक आधार खोज्ने कामसमेत गरिरहेका छैनन् । उनीहरूका नेता र कार्यकर्ताले

बारम्बार भन्ने गरेको हामी हारेर होइन, जितेर आएका हौं भन्ने अभिव्यक्तिले विगतमा उनीहरूले अघि सारेको नीति र अहिलेको अवस्थाको बीचमा रहेको नीतिगत अन्तरलाई उपेक्षा गरेको देखिन्छ। वास्तवमा माओवादीहरू जनयुद्धका नाममा सशस्त्र संघर्षको थालनी गर्दादेखि नै उपयोगवादको गलत नीतिको सिकार बनेका थिए। राजा वीरेन्द्रसँगको कार्यगत एकतादेखि राजा ज्ञानेन्द्रसँगको अपेक्षाको सिकार समेत माओवादी नेतृत्व भयो। जेठ १९ दरवार हत्याकाण्डपछि विकसित नयाँ परिस्थितिमा अत्तालिएको माओवादी नेतृत्वले आफ्नो सुरक्षाका लागि भारतीय गुप्तचर संस्था 'र'लाई समेत उपयोग गर्ने कोसिस गर्‍यो। भारतमा कतिपय जिम्मेवार नेताहरूको गिरफ्तारीपछि माओवादी नेतृत्व भारतविरुद्ध सुरुङयुद्ध गर्ने कुराको उद्घोष गर्न पुग्यो। दरवार र भारतलाई उपयोग गरेर जनयुद्धको विकास गरिरहेको ठान्ने माओवादी नेतृत्व वास्तवमा लोकतन्त्र र राष्ट्रियहितका विरुद्धमा दुवैथरी शक्ति केन्द्रबाट उपयोग भयो। जनआन्दोलनपूर्वको अवस्थामा माओवादी नेतृत्वको बीचमा उत्पन्न चरमद्वन्द्वका पछाडिको कारण उपयोगितावादको दुष्परिणाम नै थियो। विगतमा प्रचण्ड र बाबुरामबीचको द्वन्द्व कटुतालाई नजिकबाट बुझ्नेहरू अहिलेको निकटता पनि कतै उपयोगितावादको परिणाम त होइन भन्ने अवस्थामा छन्। साँच्चै माओवादीहरू यस्तै प्रकारको विरोधाभासपूर्ण उपायोगितावादीको नीतिको सिकार भएका हुन् र छन् भने उनीहरूले कतै अहिलेको शान्ति प्रक्रिया र संविधानसभाको चुनावलाई समेत उपयोग त गरिरहेका छैनन् भन्ने प्रश्न स्वभाविक रूपमा खडा हुन्छ। यदि त्यसो होइन र माओवादीहरू वास्तवमै अहिलेको यात्रालाई स्वभाविक रूपमा लिइरहेका छन् भने उनीहरूले अब आफूलाई एउटै सुस्पष्ट कार्यदिशामा अघि बढाउन सक्नु पर्छ। यसका लागि माओवादीले आफूमा रहेको हतियारप्रतिको मोह र बल प्रयोगको कार्यदिशालाई विधिवत् रूपमै अन्त्य गर्न सक्नु पर्छ। तर शान्ति प्रक्रियाको सफलतापछि गठित माओवादीको युवा कम्युनिष्ट लिगको कार्यशैली र संगठन संरचनालाई हेर्दा उनीहरूमा अझै पनि सैन्यवादी मानसिकता देखिन्छ।

अन्तरिम सरकारमा सहभागी भएपछि पनि माओवादीहरू दुई कार्यदिशाको अन्योलबाट गुज्रिरहेका छन्। शान्ति स्थापनाको प्रक्रियामा सहभागी भइसकेपछि एकातिर उनीहरूले दस हजारको हाराहारीमा रहेको छापामार शक्तिलाई तीनगुणा विस्तार गरे। युद्धमा सामेल भएका अनुभवी छापामारहरूलाई वाइसिएलका नाममा बाहिर राखेर युद्धको कुनै प्रकारको अनुभव नभएका बेरोजगार युवाहरूलाई छापामारका नाममा अस्थायी शिविरमा राखे। अर्कोतिर अन्तरिम संविधान निर्माणको प्रक्रियामा सक्रियतापूर्वक सहभागी भए। अन्तरिम व्यवस्थापिका संसद् र सरकारमा सामेल हुनका लागि दबाब समेत सृजना गरे। माओवादीहरू अन्तरिम सरकारमा समेत सहभागी भएपछिको अवस्थामा उनीहरूको संघर्षको कार्यदिशा के हो ? के अब माओवादीहरू शान्तिपूर्ण जनआन्दोलन र वैधानिक संघर्षको कार्यदिशाबाट अघि बढ्ने मान्यतामा दृढ छन् वा यसलाई केही समयका लागि उपयोग गर्ने र जनयुद्धको कार्यदिशालाई नै भविष्यमा नयाँ स्वरुप र उचाइमा अघि बढाउने पक्षमा छन् ? अहिलेसम्म माओवादी नेतृत्वले यस सन्दर्भमा कुनै सुस्पष्ट नीतिगत अवधारणा अघि सारेको छैन। अहिलेसम्मका माओवादीका घोषित नीतिहरू र उनीहरूले अहिले आत्मसात गरेको व्यवहारिक राजनीतिका बीचमा निकै ठूलो खाडल रहेको छ। यस प्रकारको नीतिगत अन्योल र विरोधाभास अन्त्य नगरी अघि बढ्ने कुरा माओवादीका लागि निकै गाह्रो विषय हो।

अन्तरिम व्यवस्थापिका संसद् र सरकारमा माओवादीको सहभागितासँगै संसद् र सरकारमा वामपन्थीहरूको बहुमत उपस्थिति कायम भएको छ। सत्ताराजनीतिको भूमिकामा भने वामपन्थीहरू अझै पनि प्रतिपक्षको हैसियतभन्दा माथि उठ्न सकिरहेका छैनन्। सत्ताराजनीतिमा वामपन्थीहरूको कमजोर भूमिकाले अहिले पनि सत्ता पुरानै हैसियतमा छ र त्यसको नेतृत्वकर्ता बुर्जुवा सुधारवादको हिमायती नेपाली कांग्रेस नै हो भन्ने देखिन्छ। यस प्रकारको स्थितिमा जनआन्दोलनको भावनाअनुरूपको राजनीतिक परिवर्तनसँगै वामपन्थीहरूका तर्फबाट जनतासमक्ष प्रतिबद्धता जाहेर हुँदै आएको आर्थिक सामाजिक रूपान्तरणको प्रश्न निकै जटिल र चुनौतीपूर्ण विषय बन्ने निश्चित छ। यस्तो अवस्थामा जनताको माओवादीप्रतिको अपेक्षा र सरकारमा गएर माओवादीले गर्न सक्ने कामका बीचमा रहेको अन्तरले माओवादीभित्र निकै छिटो पलायनता र पतनको समस्या बढेर जान सक्छ। सरकारमा सामेलपछि विद्रोहीका रूपमा कायम रहेको माओवादीको छवि परिवर्तन भएको छ। अब ऊ विद्रोही होइन, सत्तापक्ष बन्न पुगेको छ। तर माओवादी कार्यकर्ताको बुझाइ र व्यवहार भने पुरानै अवस्थाको छ। माओवादी पार्टी शान्ति सम्झौताको बाटोबाट सरकारमा सहभागी हुने तर कार्यकर्तामा भने विद्रोहीको मानसिकता यथावत् रहने कुराले नेपाली समाजमा द्वन्द्वको नयाँ स्वरूप प्रकट हुने सम्भावना रहेको छ। माओवादी सरकारमा सहभागी भएपछि कालिकोट जिल्लामा हालै हुन पुगेको घटनाले पनि उक्त कुरा संकेत गर्छ।

नीतिगत अन्योल र अस्पष्टताका बीचमा सरकारमा सहभागी भएको नेकपा (माओवादी)ले सरकारमा आफ्नो सहभागितालाई मिसन उन्मुख देखाउन सक्नु पर्छ। माओवादी अन्तरिम सरकारमा सहभागी हुने निर्णयसँगै आठ राजनीतिक दलहरूका तर्फबाट असार ६ गतेका दिन संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता समेत प्रकट भएको अवस्था छ, तर असार ६ गतेका दिन संविधानसभाको मिति तय गर्नुका पछाडिको कारण भने बुझ्न नसकिने विषय बन्न पुगेको छ। संविधानसभाको निर्वाचनको मिति किन जेठ ३१ मा तोक्न सकिएन र असार ६ गते तोक्नु पर्‍यो बुझ्न नसकिने विषय बन्न पुगेको छ। जेठ मसान्त संवैधानिक बाध्यता थियो। किन ६ दिनका लागि संवैधानिक व्यवस्थालाई उपेक्षा गर्ने काम गरियो। असार ६ गतेभित्र गर्न सकिने संविधानसभाको निर्वाचन किन ६ दिनअघि गर्न नसकिने ठानियो। झट्ट हेर्दा असार ६ गतेको आठ राजनीतिक दलको प्रतिबद्धता संवैधानिक व्यवस्थालाई उल्लंघन गर्नका लागि गरिएको नियोजित प्रयास हो र यसले तोकिएको समयमा चुनाव हुन नसक्ने सम्भावनालाई अघि सार्न खोजेको देखिन्छ। यसरी नै संविधानसभाको निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगले गरेको मतदान केन्द्र र बुथका सम्बन्धमा गरिएको व्यवस्था हेर्ने हो र एकै दिनमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने राजनीतिक दल र निर्वाचन आयोगसमेतको प्रतिबद्धता विचार गर्ने हो भने निर्वाचनका लागि राज्य सुरक्षाको सामान्य प्रत्याभूति दिन सक्ने अवस्थामा देखिँदैन। त्यसमाथि संविधानसभाको निर्वाचनमा असर पर्ने प्रकृतिका आन्दोलनहरू मुलुकमा अहिले पनि जारी छन् र राज्य ती आन्दोलनलाई सम्बोधन गर्न र समना गर्न दुवै हिसाबले अक्षम सावित भएको छ। यस प्रकारको अवस्थामा चुनाव हुन नसक्दाको अपजससमेत माओवादी पक्षले समेत बोक्नुपर्ने भएको छ। अब माओवादीका लागि सात राजनीतिक दलहरूका कारणले भनेर आपेक्ष लगाउने र उम्कने अवसर प्राप्त हुनेछैन।

माओवादीको सरकारमा सहभागितासँगै एउटा विचित्र संयोग देखिएको छ। हिजो माओवादीहरू जसका विरुद्धमा जनयुद्धको आरम्भ गरेका थिए, उनीहरूसँग नै सत्ताको साझेदारी छन्। जसको हतियारले उनीहरूलाई आतंकित बनायो, त्यही हतियार अहिले उनीहरूको सुरक्षामा तैनाथ बनेको छ। राज्यलाई कमजोर बनाउने नाममा माओवादीका तर्फबाट सबैभन्दा बढी प्रहार गरिएका अंगहरूको पुनर्निर्माण र संरक्षण र विकासको जिम्मेवारी समेत उनीहरूकै काँधमा आएको छ। माओवादी जनयुद्धको क्रममा सबैभन्दा धैरै ध्वस्त गरिएका दूरसंचारका टावरहरूको मर्मत संहार गर्ने दायित्व सरकारमा माओवादीको नेतृत्व गर्ने कृष्ण महराको जिम्मेवारीमा आएको छ। माओवादीका कारण सबैभन्दा बढी ध्वस्त भएका स्थानीय निकायहरूका भवनहरू निर्माण गर्ने र गाउँबाट विस्थापित गरिएका गाविस सचिवहरूलाई पुनःस्थापित गर्ने जिम्मेवारी समेत माओवादीको काँधमा आएको छ। जनयुद्धका लागि खर्चको जोहो गर्ने नाममा वनविनाशमा सक्रिय माओवादीलाई वन संरक्षण गर्ने जिम्मेवारी पनि थपिएको छ। यसरी नै विदेशीको लगानीबाट संचालित भनेर माओवादीद्वारा अवरोधको सामना गर्दै आएका एनजिओ र आइएनजिओको कामलाई सुरक्षा र संरक्षण दिनुपर्ने दायित्व पनि माओवादीले वहन गरेको छ। क्रान्तिको सफलताका लागि ध्वंस अनिवार्य छ भन्ने माओवादीले भौतिक योजना तथा निर्माण मन्त्रालयको समेत जिम्मेवारी लिएर अब ध्वंसतिर होइन, निर्माणतिर अग्रसर हुने बेला सुरु भएको सन्देश दिन खोजेको छ। यस रूपमा हेर्ने हो भने माओवादीको सत्तारोहण आफैंमा रोमाञ्चक विषय बन्न पुगेको छ। माओवादीको सत्तारोहणले नेपाली समाजलाई के कति सकारात्मक योगदान दिन सक्ने हो, त्यसका लागि त भविष्यको प्रतीक्षा गर्नै पर्छ। तैपनि यस घटनाले २०५२ साल फागुन १ गतेदेखि आरम्भ गरिएको भनिएको जनयुद्धको औचित्यलाई भने विधिवत् रूपमा समाप्त गरिदिएको छ। ■

# छैन सहज



सञ्चारमन्त्री महरा

भास्कर ओझा

> **माओवादीले आधिकारिक निर्णय नगरे पनि गोरखापत्रको अध्यक्ष, महाप्रबन्धकमा पहिलेकै अनुहारलाई निरन्तरता दिने सम्भावना क्षीण छ ।**

**सरकारका कार्यक्रम** र गतिविधि आम जनतासामु पुऱ्याउन आधिकारिक भूमिका निर्वाह गर्ने सूचना तथा सञ्चार मन्त्रालय माओवादीको भागमा परेको छ । उक्त मन्त्रालय हाँक्ने जिम्मेवारी माओवादी नेता कृष्णबहादुर महराले पाएका छन् । आफ्ना पार्टी कार्यकर्तालाई भर्ती गर्ने केन्द्रका रूपमा चिनिएका रेडियो नेपाल, नेपाल टेलिभिजन र गोरखापत्र संस्थानको शुद्धीकरण गर्ने कार्य माओवादीको लागि चुनौती बनेर खडा भएको छ । सरकारमा जानुअघि सञ्चार क्षेत्रको संरचनागत सुधारका चर्का कुरा गर्ने माओवादीले विद्यमान अवस्थामा तिनको कार्यान्वयन गर्न सहज नभएको बताउनेहरू धेरै छन् ।

२०४६ सालअघिसम्म पञ्चायतको भजनमण्डलीको रूपमा सरकारको पूर्ण स्वामित्वमा रहेका रेडियो नेपाल, गोरखापत्र र नेपाल टेलिभिजनमा पञ्चायतको अवसानपछि पनि कांग्रेसीकरण, एमालेकरण हुँदै राजाको शासनकालमा पञ्चायतलाई माथ गर्ने हिसाबले मण्डलेकरण भएको देखिन्छ । बढ्दो राजनीतिक हस्तक्षेपले गर्दा गोरखापत्र संस्थान र नेपाल टेलिभिजनले अग्रगति लिन सकेको छैन भने रेडियो नेपाल आर्थिकरूपमा टाट पल्टिने अवस्थामा छ । यतिसम्म कि पछिल्ला तीन महिनादेखि आर्थिक संकटले गर्दा रेडियो नेपाल कर्मचारीलाई नियमितरूपमा तलबसमेत खुवाउन नसक्ने अवस्थामा पुगेको छ ।

माओवादी नेता महराले मन्त्रालय सम्हाल्नेबित्तिकै निवर्तमान सूचना तथा सञ्चारमन्त्री दिलेन्द्रप्रसाद बडुका सल्लाहकारबाट गोरखापत्रमा कार्यरत पत्रकार कुलचन्द्र वाग्लेले राजीनामा दिएका छन् । मन्त्रिमण्डल हेरफेरको समीकरणमा सञ्चार माओवादीको हातमा जाने निश्चित भएपछि रेडियो, टेलिभिजन र गोरखापत्रमा माओवादी समर्थित कर्मचारीको संगठनसमेत गठन भइसकेको छ । ती संगठनले आफूलाई माओवादी निकट देखाए पनि त्यहाँ अधिकांश अवसरपरस्तहरूको भीड रहेको बताइन्छ । जनआन्दोलन-२ पछि सूचना तथा सञ्चार कांग्रेसले पाएपछि गोरखापत्रमा हाबी भएका कांग्रेसीहरूको हालीमुहालीबाट पीडित केही कर्मचारीहरू अहिले माओवादी निकट संगठनको पक्षमा उभिए पनि राजाको शासनकालमा खुंखार दरबारिया भनेर चिनिएकाहरू पनि सक्कली माओवादीको आवरणमा उभिएका छन् । माओवादीले सञ्चार मन्त्रालय सम्हालेपछि गोरखापत्रभित्र हरेक सरकारको समीकरण परिवर्तन हुनेबित्तिकै आफ्नो रूप परिवर्तन गर्ने अवसरवादीहरू फेरि सल्बलाउन थालेको जनाइएको छ । माओवादीले आधिकारिक निर्णय नगरे पनि गोरखापत्रको अध्यक्ष, महाप्रबन्धकमा पहिलेकै अनुहारलाई निरन्तरता दिने सम्भावना क्षीण छ ।

कांग्रेस, एमाले सरकारमा हुँदा उनीहरूले नियुक्ति गरेका अध्यक्षले गोरखापत्रको उन्नतिलाई तीलाञ्जली दिई कमिसनको चक्करमा गोरखापत्र डुबाउने खेलमा लागेको आरोप छ । माओवादीले कांग्रेस र एमालेजस्तै गल्ती दोहोऱ्याएर मन्त्रालयलाई आफ्ना कार्यकर्ता भर्तीकेन्द्रको रूपमा विकास गरेमा टेलिभिजनबाहेक रेडियो नेपाल र गोरखापत्र टाट पल्टिने दिन टाढा नरहेको नाम नबताउने सर्तमा मन्त्रालयका एक उच्च अधिकारी बताउँछन् ।

राजाले असोज १८ को प्रहसन सुरु गर्नुभन्दा पहिले दस वर्षको अवधिमा सबैभन्दा बढी सञ्चारमन्त्रालयको जिम्मेवारी कांग्रेसले पाएको थियो । त्यसपछि एमाले र राप्रपाले पनि पार्टीगत हैसियतमा उक्त मन्त्रालयको जिम्मेवारी पाएका थिए । कांग्रेसले २०४८ सालको आम निर्वाचनपछि आफ्नो भागमा परेपछि नीति नियम र आचारसंहितालाई धोती लगाएर मन्त्रालयमा नातेदार र कार्यकर्ता भर्ती गरेपछि संयुक्त सरकारमा सहभागी एमाले र राप्रपाले पनि त्यही बाटो अनुसरण गरेका थिए । लामो समयसम्म मन्त्रालयमा कांग्रेसले राज चलाएकाले गर्दा अहिले पनि ती सञ्चारमाध्यममा एमालेकरण र राप्रपाकरणको दाँजोमा कांग्रेसीकरण भएको आरोप लगाइन्छ । रेडियो, टेलिभिजन र गोरखापत्रको अध्यक्ष र महाप्रबन्धक नियुक्तिमा सरकारले हस्तक्षेप गर्ने परिपाटीले समेत राजनीतिकरणलाई पक्षपोषण गरेको धेरैको विश्लेषण छ ।

रेडियो नेपालमा 'ओभर स्टाफिङ' सिर्जना गर्न तत्कालीन सञ्चारमन्त्रीहरू विजय गच्छदार, जेपी आनन्द र चिरञ्जीवी वाग्लेले अग्रणी भूमिका खेलेका थिए । त्यति मात्र होइन, समाचारलाई आफ्नो अनुकूल प्रसारण वा प्रकाशन गर्ने क्रममा ती मन्त्रीहरूले प्रत्यक्ष हस्तक्षेप गरेका थिए । सत्ताको उन्मादमा शेरबहादुर देउवाले २०५८ सालमा कांग्रेस फुटाएर प्रजातान्त्रिक कांग्रेस गठन गरेपछि निर्वाचन आयोगले गिरिजाप्रसाद कोइरालाको नेतृत्वलाई कांग्रेसको आधिकारिक भएको प्रमाणित गरिसकेपछि पनि त्यस बेलाका सञ्चारमन्त्री जेपी आनन्दको निर्देशनमा समाचारमाथि ठाडो हस्तक्षेप गरिएको थियो । एक कर्मचारी भन्छन्, 'निर्वाचन आयोगले कोइरालालाई मान्यता दिएपछि पनि नेपाली कांग्रेसका सभापति भनेर शेरबहादुर देउवाको नाम फुकिन्थ्यो ।' त्यो बेला समाचार राजनीतिक हस्तक्षेपले पराकाष्ठा नाघेको स्मरण गर्दै ती कर्मचारी भन्छन्, 'पार्टीको भन्दा पनि एउटा गुट विशेषबाट निर्देशित भएर काम गर्नुपर्ने अवस्था रहेको थियो ।'

रेडियो नेपालमा अहिले कार्यरत स्थायी, अस्थायी र करार गरेर करिब ७ सय कर्मचारीमध्ये आधाजसोले तलब पकाउनेबाहेक अरू उत्पादक काम गर्न नसकेको बताइन्छ । सोर्सको भरमा जागिर खाएका कर्मचारीमध्ये अधिकांश नाम मात्रको परीक्षाबाट स्थायी भइसकेका छन् । योग्यतामा प्रश्न उठाएर अवकाश दिने कानुनी आधार नहुँदा रेडियो नेपाललाई चुस्त बनाउन तगारो आउने देखिन्छ ।

मुलुकमा धमाधम खुलेका एफएमसँगै रेडियो नेपालको साख गिरिरहेको अवस्थामा यसको आर्थिक अनियमितता रोकेर प्रतिस्पर्धी बनाउने जिम्मेवारी चुनौतीपूर्ण रहेको छ । अहिलेसम्म मुलुकमा एकलौटी आधिपत्य जमाउन सफल नेपाल टेलिभिजन पनि 'ओभर स्टाफिङ' र अपारदर्शिताबाट गुज्रिरहेको छ । अन्तरिम सरकारमा माओवादीको सत्तारोहण भएपछि नेपाल टेलिभिजनमा पनि अवसरवादीहरू माओवादी निकट भएको देखाएर स्वार्थको पछि लागिरहेका छन् । निजी क्षेत्रको लगानीमा नयाँ टेलिभिजन च्यानल थपिइरहेको अवस्थामा अहिलेसम्म नाफाको व्यापार गरिरहेको टेलिभिजनलाई नयाँ मन्त्रीले पनि यही चालामा छोडेको खण्डमा धराशायी हुन धेरै दिन नलाग्ने विचार धेरैको छ । मन्त्री महराले भने सञ्चार क्षेत्रको सुधार आवश्यक भएको बताउँदै सञ्चार क्षेत्रबारे अध्ययन गरिरहेको बताएका छन् । माओवादीले केही दिनभित्रै सरकारी सञ्चारमाध्यममा नयाँ राजनीति गर्ने जनाएको छ ।

■ छत्र कार्की/काठमाडौं

उपेन्द्र यादवको जातीय वर्चस्व राख्ने चाहना, तानाशाही एकल नेतृत्व, दरवारियाहरूसँगको सम्बन्धका कारण धेरै मधेसीहरू अलग भएका छन् ।

# शिथिल आन्दोलन



भास्कर ओझा

अन्तरिम सरकार गठनको विरोधमा माइतीघरमा मधेशीको पातलो समूहमात्र देखियो

■ **विश्वमणि पोखरेल/काठमाडौं**

अन्तरिम संविधान जारी भएको भोलिपल्ट २०६३ माघ २ गते काठमाडौं माइतीघर मण्डलामा संविधान जलाउने प्रकरणबाट उठेको मधेसी जनाधिकार फोरमको आह्वानमा चलेको आन्दोलन अढाई महिनापछि त्यही थलोमा आइपुग्दा शिथिल देखियो । संगठनात्मक क्षमताभन्दा मधेसी समुदायको भावनालाई समेट्ने खाले राजनीतिक नाराका कारण छोटो समयमा उल्लेखनीय प्रभाव छोड्न सकेको फोरम गौर घटनापछि राजनीतिक रूपमा कमजोर देखिएको मात्र छैन, सशस्त्र विद्रोहीको रूपमा रूपान्तरण भएको छ । फोरमको आह्वानमा चैत १९ गते मण्डलामा आयोजित कार्यक्रममा मधेसमा जमाएको प्रभावको तुलनामा निकै कमजोर उपस्थिति देखियो । यसो हुनुका पछाडि गौरमा फोरमले माओवादी कार्यकर्तामाथि नृशंस, अमानवीय हिंसा एउटा कारण हो भने गौर घटनाअघिदेखि फोरमभित्र विकसित विभाजित मत र मान्यता अहिले प्रकट हुन थालेका छन् ।

लामो समयदेखि फोरमको केन्द्रीय समितिको बैठक बस्न सकेको छैन । अध्यक्ष उपेन्द्र यादव, गौर घटनापछि भूमिगत भएका छन्, उनी भारतबाट फोरमलाई सक्रिय पार्ने र राजनीतिक दलको रूप धारण गर्ने पक्षमा छन् । स्रोतका अनुसार चैत १२ मा भारतको रक्सौलमा भएको फोरम सचिवालयको बैठकले आन्दोलनका कार्यक्रम तय गरेको छ । रक्सौल बैठकको निर्णयपछि फोरमले मण्डलामा गरेको विरोधसभाबाट गौर घटनामा आफूहरूको संलग्नता नभएको स्पष्ट गर्ने प्रयास गरे भने सरकारलाई वार्तामा बोलाउन दबाब दिए । फोरमका काठमाडौं संयोजक उपेन्द्र झा भन्छन्, 'हाम्रो उद्देश्य वार्ताका लागि दबाब दिनु हो, त्यसका लागि कार्यक्रम राखेका छौं ।'

गौर घटनापछि फोरम सशस्त्र आन्दोलनको परिचय बनेपछि फोरमबाट अलग हुनेहरूको संख्या दिनहुँ थपिँदै छ । संविधान संशोधन गरेर मधेस र जनजातिका माग पूरा भइसकेको अवस्थामा फोरमलाई प्रेरित गर्ने कतिपय राजनीतिक दलका समर्थक र नेताहरू पन्छिँदै गएका छन् । फोरमको छातामुनि काम गर्दै आएका संगठनहरू अध्यक्ष उपेन्द्र यादवको आलोचनमा लागेका छन् ।

फोरमको बलियो आधार मानिने नेपाल मधेसी विद्यार्थी फ्रन्ट अहिले छिन्नभिन्न मात्र भएको छैन, अध्यक्ष उपेन्द्र यादवको नेतृत्व र नियतमाथि नै प्रश्न उठाउने अभियानमा छ । गत पुसमा फ्रन्टका अध्यक्ष केशव झालाई यादवले निलम्बन गरेर सुरेश मण्डललाई अध्यक्ष बनाएका थिए । यादवको नेतृत्वमाथि केशव समूहले प्रश्न उठाएपछि उनी कारबाहीमा परेको केशव बताउँछन् । २०५७ सालमा स्थापना भएको फ्रन्ट २०६१ मा फोरमसँग आबद्ध भएको थियो । फ्रन्टले चैत ८, ९ गते सप्तरीको राजविराजमा विस्तारित बैठक गरेर फोरमबाट औपचारिक रूपमा अलग भएको घोषणा गर्दै विरुद्धमा उत्रिएको छ । झा भन्छन्, 'उपेन्द्रजीको जातीय वर्चस्व राख्ने चाहना, तानाशाही एकल नेतृत्व, दरवारियाहरूसँगको सम्बन्धका कारण हामी अलग भएका हौं ।'

उता फोरमसँग आबद्ध मधेसी बुद्धिजीवी फोरम पनि अहिले फोरमबाट अलग्गिएको छ । बुद्धिजीवी फोरमका कार्यकारी अध्यक्ष डा. विजय सिंह भन्छन्, 'हामी फोरमले गरेका सबै कुरामा सहमति जनाउने होइन ।' सिंह फोरमले घोषणा गरेको दोस्रो चरणको कार्यक्रमप्रति आफूहरूको समर्थन नरहेको बताउँछन् । अध्यक्ष यादव लगायतका सीमित नेताहरूले फागुन दोस्रो सातादेखि सरकारी कार्यालय तालाबन्दी र भन्सारनाका बन्द जस्ता कार्यक्रम राखेका थिए । सिंह, फोरमले गृहमन्त्रीको राजीनामाको मागलाई प्रमुखता दिएर वार्तामा नगएको आरोप लगाउँदै भने, 'हामी वार्ता गरेर समस्याको समाधान खोज्ने र संविधानसभाको निर्वाचनका पक्षधर हौं ।'

गौर घटनापछि फोरममाथि लागेको आरोप, आन्तरिक किचलो र फोरममाथिको आक्रमणले गर्दा फोरमको राजनीतिक हैसियत कमजोर बन्दै गएको देखिन्छ । तर, सतहमा देखिएका फोरमका कमजोरीविपरीत मधेसको राजनीतिमा फोरम र उसलाई सहयोग पुऱ्याउँदै आएको तराई जनतान्त्रिक मुक्तिमोर्चाको रणनीतिक अभ्यासले मधेसको राजनीति जटिल बन्दै गएको छ ।

तराई जनतान्त्रिक मुक्तिमोर्चा (ज्वाला सिंह)ले केही दिनअघि 'गणतन्त्र स्वतन्त्र राज्य' घोषणा गरेको छ । नेपालको दक्षिणको पूर्वदेखि पश्चिम फैलिएको समतल क्षेत्रलाई तराई राज्यको रूपमा घोषणा गरेर उक्त समूहले मिथिला, अवधि, भोजपुरी र थरुवान प्रदेशमा विभाजन गरेको छ । नयाँ घोषित राज्यका तर्फबाट विभिन्न कार्यक्रम घोषणा गरिएका छन् । मोर्चाले तराई राज्यबाट आफूहरूले कर असुल्ने र कर नतिर्नेमाथि भौतिक कारबाहीको धम्की दिएको पनि छ । मोर्चाका सुनसरी-मोरङ इन्चार्जले चैत १९ मा जारी वक्तव्यमा तराईका जिल्लाबाट नेपाल सरकारलाई बुझाउने कर यस मोर्चाको नवगठित मधेस सरकारलाई बुझाउन भनेका छन् ।

मोर्चा र फोरमबीच औपचारिक रूपमा सहकार्यको सम्झौता भएको पाइँदैन । तर मधेसमा माघदेखि उर्लिएको आगोमा फोरमको सहयोगी रूपमा जनतान्त्रिक समूहले भूमिका खेल्दै आएको जानकारहरू बताउँछन् । जानकार सूत्रका अनुसार पुस दोस्रो साता जलेश्वर सीमा नजिक भारतमा फोरम र जनतान्त्रिक ज्वाला समूहका नेताबीचको बैठकले एक-अर्काका सहयोगी बन्ने सहमति बनाएका थिए । चैत १९ मा काठमाडौं मण्डलामा आयोजित कार्यक्रममा फोरमका वरिष्ठ उपाध्यक्ष किशोर विश्वासले ज्वाला समूहरूले स्वतफूर्तरुपमा सहयोग पुऱ्याएको बताए । उनी भन्दै थिए, 'हाम्रो सहकार्य छैन, जनतान्त्रिकहरूले समर्थन गरेका हुन् ।' ■

## गठबन्धन संस्कृतिको निरन्तरताका खातिर संयमित र जिम्मेवार भएर अघि बढ्नु आवश्यक छ।

# पाले पुण्य, मारे पाप



■ कृष्ण पहाडी

**अन्ततः माओवादीसहितको** अन्तरिम सरकार गठन भएको छ। सरकार र माओवादीबीच २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौताले २०५२ सालेखि चल्दै आएको सशस्त्र द्वन्द्व अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गरेको थियो। शान्ति सम्झौताअनुरूप अन्तरिम संविधान, अन्तरिम संसद् गठन भइसकेको थियो भने त्यसैको निरन्तरताको रूपमा माओवादीसहितको संलग्नतामा चैत्र १८ गते अन्तरिम सरकार पनि गठन भएको छ। ११ वर्षको हिंसात्मक जनयुद्धको शान्तिपूर्ण अवतरण चानचुने घटना होइन, यो एक महत्त्वपूर्ण उपलब्धि हो। तसर्थ अन्तरिम सरकारमा सामेल सबैलाई शुभकामना र बधाई दिनु हरेक शान्तिप्रिय नागरिकको कर्तव्य पनि हो। यो शुभकामना र बधाईलाई सार्थक पार्न सत्तारुढ घटकहरू अत्यन्त इमानदार हुनु र शान्ति सम्झौताअनुकूलको आचरण प्रस्तुत गर्नु नितान्त आवश्यक छ।

गठबन्धन संस्कृतिको निरन्तरताका खातिर संयमित र जिम्मेवार भएर अघि बढ्नु आवश्यक छ। सहमतिको राजनीति अघि बढ्न सक्छ भन्ने उदाहरण प्रस्तुत हुन सक्यो भने त्यसले सुखद भविष्यको संकेत गर्छ। होइन भने भावी यात्राको पथमा जताततै विद्यमान अप्ठ्यारा मोडहरूमा जहाँतहीँ पनि दुर्घटना हुनसक्छ। यात्रा जटिल र कठिन छ, तर फरक फरक धारको राजनीतिक सम्मीलनको यो प्रयोगलाई सहज र सरल तुल्याउने काम पनि गठबन्धनमा रहेका आठ राजनीतिक दलहरूको हो। विस्तृत शान्ति सम्झौता हुँदै अन्तरिम सरकारको गठनपछि अब नेकपा माओवादी विद्रोही रहेन। नेकपा माओवादी एक राजनीतिक दलको रूपमा राज्यसत्ता सञ्चालनमा सामेल भएको छ। तसर्थ विद्रोहीको आचरणलाई पूर्ण रूपमा त्याग गर्दै एक जिम्मेवार राजनीतिक दलको रूपमा नेकपा माओवादीको आचरण र व्यवहार अत्यावश्यक छ। होइन भने शान्ति सम्झौता खतरामा पर्न सक्छ। खेल्न चाहनेहरू यसै पनि छट्पटाइरहेका र सगबगाइरहेका छन्।

दलहरूबीच विभाजनको खेती वा नयाँ ध्रुवीकरणको खोजी पनि भएको हुनसक्छ। यसका लागि माओवादीको ज्यादतीलाई प्रमुख आधार बनाएर नयाँ वृत्तको निर्माण गर्ने प्रयास पनि केही कोणबाट सुरु भएको भान हुन्छ। तसर्थ नेकपा माओवादी अत्यन्त जिम्मेवार बन्नु र शान्ति सम्झौताअनुकूल आचरण गर्नु नितान्त आवश्यक छ भने विगतमा सरकारमा सहभागी सात राजनीतिक दलले पनि नेकपा माओवादीसँग कृत्रिम होइन, भावनात्मक एकताको विकास गर्नु आवश्यक छ। सरकारले अब पूर्णता पाएको छ र बृहत् शान्ति सम्झौता कार्यान्वयनको पूर्ण जिम्मेवारी अब सरकारमा आएको छ। 'पाले पुण्य मारे पाप' भनेजस्तै शान्ति सम्झौतालाई जीवन्त बनाएर उदाहरण प्रस्तुत गर्ने वा अवसान गराउने यो सत्तारुढ दलहरूकै भूमिकामा निर्भर गर्छ। आठ राजनीतिक दल मात्र होइन, संसद्मा प्रतिनिधित्व गरिरहेका सबै दल र बाहिर रहेका अनेकौं घटकहरूले पनि अन्तरिम सरकार गठनको स्वागत गरेका छन्। अर्थात् सर्वत्रबाट व्यक्त यो उद्गारको सम्मान गर्दै सबैको विश्वास लिएर चल्न सके त्यो उपलब्धिमूलक हुनेछ। संसद्मा अहिले कुनै विपक्ष छैन, कारण सबै शान्ति प्रक्रियाको समर्थनमा छन्। शान्ति प्रक्रियाप्रतिको आम सहमति र समर्थनलाई आठ दलका हरेक गतिविधि र नीतिलाई सबैले आँखा चिम्लेर समर्थन गरे भन्ने भ्रमबाट आठ दल मुक्त हुन जरुरी छ। शान्ति प्रक्रियालाई पूर्णता दिन र कानुनी राज्यको अवधारणालाई सार्थक रूप र गति प्रदान गर्न संविधानसभाको निर्वाचन आवश्यक छ। तसर्थ यो अन्तरिम सरकारले यथाशीघ्र संविधानसभाको निर्वाचन सकेर आफूप्रतिको भरोसा र विश्वास प्रमाणित गर्नुपर्छ।

अन्तरिम सरकार भएपछि अन्तरिम सरकारको लक्ष्य बिर्सिएर निर्वाचित पूर्ण सरकार जस्तो आ-आफ्नो नीति लाद्ने र संविधानसभाको निर्वाचन लम्बाउने प्रयत्न भयो भने थुप्रै विपक्ष जन्मन सक्छन्। व्यवस्थापिका संसद्ले पनि संविधानसभाको निर्वाचनका लागि कुनै गाँठो पऱ्यो भने गाँठो फुकाउन मात्र अब संसद्को भूमिकालाई केन्द्रित गर्नुपर्छ र सम्पूर्ण ध्यान संविधानसभाको निर्वाचनमा केन्द्रित गर्नुपर्छ। होइन, निर्वाचन जितेर आए जस्तो हरेक विषयमा संसद् बोलाएर पक्ष विपक्ष जस्तो बहस हुनथाल्यो भने फेरि थुप्रै विपक्ष जन्मन्छन् र संविधानसभाको निर्वाचन लम्बिन सक्छ। संसद्मा विपक्ष हुनु स्वभाविक हो तर शान्ति प्रक्रियाको कारणले एक भएको राजनीतिक परिवेशमा शान्ति प्रक्रियालाई पूर्णता नदिउन्जेल यो एकता र सहमति कायम रहिरह्यो भने उदाहरण प्रस्तुत हुनेछ। त्यसका लागि संक्रमणकाल जति सक्यो छोटो हुनु जरुरी छ। शान्ति सम्झौताको लिकबाट हटेर अन्तरिम सरकारले दीर्घकालीन वा चुनाव जितेर आएजस्तो नीति निर्णय गर्न थाल्यो भने शान्ति सम्झौताको गम्भीरतामा असर पर्नसक्छ र सत्तारुढ दलहरू हलुका बन्दै जान सक्छन्।

अन्तरिम सरकारले रिक्त राज्य संरचनालाई भर्ने वा पूर्णता दिने काम भने तत्काल थाल्नुपर्छ। तर यसको अर्थ आफ्ना दलका कार्यकर्ता र अन्ध समर्थकलाई राज्यका रिक्त महत्त्वपूर्ण पदमा भर्ने काम मात्र भयो भने पहिलो गाँसमै झिँगा भनेजस्तो गलत सन्देश प्रवाहित हुनसक्छ। विगतका सरकारहरूभन्दा भिन्न असल चरित्रको प्रतिविम्ब प्रस्तुत गर्ने हो भने भावी राज्य सञ्चालन र संरचनाको सकारात्मक सन्देश प्रवाहित गर्ने स्वर्णिम अवसर यही हो।

यद्यपि अन्तरिम सरकारको गठनसँगै केही आशंका पनि उत्पन्न भएको छ। त्यो हो हठवादिता र मुठभेडको राजनीतिलाई राज्यसत्ताले अवलम्बन गर्न लागेको कठोर मानसिकताको संकेत, जुन घातक हुनसक्छ। मधेसमा आन्दोलनरत मधेसी जनाधिकार फोरमले वार्ताका लागि गृहमन्त्री कृष्ण सिटौलाको राजीनामाको माग राख्दै आइरहेको छ। मधेस आन्दोलन र रौतहटको गौर नरसंहारमा जीवन गुमाउन पुगेका ७० जनाभन्दा बढी नागरिकको दुःखद मृत्युको नैतिक जिम्मेवारीबाट राज्यसत्ता पन्छिन मिल्दैन। त्यसमाथि पनि हठवादिता र त्यसबाट उत्पन्न हुनसक्ने मुठभेडलाई पन्छाउन स्वयं प्रधानमन्त्री कोइरालाले गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई अर्को मन्त्रालय दिएर मधेस आन्दोलनका सन्दर्भमा उत्पन्न राजनीतिक गतिरोध अन्त्य गर्ने वा आफ्ना तर्फबाट संवाद र सहमतिको ढोका खुला राखेको सन्देश दिने सुवर्ण अवसर थियो। त्यसो गर्दा पनि वार्तामा नबसे सरकार होइन, आन्दोलनरत मधेसी फोरम नै अर्घेलो ठहरिने सम्भावना पनि थियो। तर त्यसो नगरेर गृहमन्त्री पदमा सिटौलालाई नै निरन्तरता दिएर सरकारले कठोरता र दमनको संकेत दिन खोजेको छ, यो शुभ संकेत होइन। हिजो माओवादीमाथि दमन गरेर समाधान खोज्दा, सम्भव भएन भने मधेसका सन्दर्भमा पनि प्रतिशोधको भावनाबाट मुक्त भएर गम्भीरताका साथ सोच्नु जरुरी छ। हिजो माओवादी विद्रोही छँदा पछाडिको ढोकाबाट वा अन्यत्रबाट समर्थन वा सुरक्षित आश्रयस्थल उपलब्ध थियो भने अरूले पनि त्यस्तै 'सहुलियत' पाएका हुनसक्छन्। दमन समस्याको समाधान होइन। त्यसमाथि पनि राज्यसत्ताले अभिभावककै भूमिका निर्वाह गर्नुपर्छ। ■

# खनाल र वामदेवको खेल

■ दयालबहादुर शाही

**युवापुस्ताको चाहना, युगको माग, जबजको रक्षा, राजनीतिक श्रेष्ठता, आन्तरिक एकता, जनाधारको रक्षा र विश्वसनीयताको पक्षलाई ख्याल नगरी चलाकी देखाएकै आधारमा अब कसैलाई पार्टी पंक्ति र जनताले स्विकार्नेछैनन्।**

**जननेता मदन भण्डारी** र मनमोहन अधिकारीले नेपालको राजनीतिमा सशक्त पार्टीको रूपमा उभ्याएको एमाले तमाम क्षयीकरणका बाबजुद नेपालको राजनीतिमा अझै विशिष्ट स्थानमा छ। यो पार्टीले अवलम्बन गरेको सिद्धान्त- जनताको बहुदलीय जनवाद (जबज) नेपालका प्रायः सबै वामघटकका लागि मियो बन्न पुगेको सर्वविदितै छ। १५ हजार नेपालीको ज्यान जाने गरी भएको सशस्त्र विद्रोहमा उत्रिएको माओवादी एमालेको कार्यक्रम रणनीति र कार्यनीतिलाई घुम्दैफिर्दै मान्न विवश भएको छ। बन्दुकद्वारा राजा, कांग्रेस, भारत र अमेरिका आदि शक्ति केन्द्रलाई तह लगाउन एवं हल गर्न सकिन्न बरु नेपाली जनताको जागरुकता र शान्तिपूर्ण संघर्षको माध्यमबाट यी मुद्दाहरू हेरिनु र हल गरिनु पर्छ भन्ने मान्यता बोक्ने एमालेको ठम्याइको नजिक आएको छ, माओवादी।

यस्ता बेला एमाले स्थायी समिति सदस्य झलनाथ खनालले जनताको बहुदलीय जनवादका बारेमा अनावश्यक विवाद सुरु गरेका छन्, आफ्नो हालै प्रकाशित पुस्तकका माध्यमबाट।

जबजको प्रतिपादनका बेला नौलो जनवादको घेरा ननाघौं भन्ने खनालले अहिले जबजको अपर्याप्तता र संशोधनबारे कुरा उठाएका छन्। यसबाट सिपी मैनालीझैं एक्लो पर्दा पनि नौलो जनवादको पक्षमा अटल रूपमा नउभिएर जबजप्रति ओठेभक्ति देखाउने खनालको असली अनुहारमात्र उदांग भएको छैन, यसको प्रतिपादन, प्रयोग र श्रेष्ठतामा आफ्नो भूमिका शून्य रहँदाको उनको कुण्ठा पनि सतहमा आएको छ। विगत कामको समीक्षा र माघ १९ पछि हाइफाइ जनवादी शैलीको आफ्नो नेतृत्वको आत्मप्रशंसा अहिले खनालका मूल मुद्दा बन्न पुगेका छन्।

खनाल र गौतमले उठाएका मुद्दा र दिएका नाराले केही समय सनसनी फैलाउँछन् र चर्चामा आउँछन्। तर अडान र इमानदारी, दृष्टिकोण र दूरदर्शिता, विचार र जनसमर्थन आदि जुनसुकै कसीमा राख्दा पनि यी नारा र मुद्दाहरूले नेताद्वयलाई पिँध नभएको लोटाको रूपमा उभ्याउन भूमिका खेलेका छन्। भीडद्वारा नियन्त्रित हुने नेतृत्वमा यस्ता खाले कुलक्षण देखिन्छन्।

बोगटी प्रकरण, सांसदहरूको आफूखुसी विदेश भ्रमण, मन्त्रिपरिषद्बाट सिपीको निष्काशनपछि पार्टी टुक्र्याउन गरिएको अभ्यास, जनकपुरको राष्ट्रिय परिषद् बैठक र महाकाली सन्धि गर्ने बेलाको दोहोरो भूमिका, महासचिव हटाउ अभियान, लोकेन्द्रबहादुर चन्दसँगको तालमेल, पार्टी विभाजनका बेला विभाजनमा लाग्नेलाई पुऱ्याउन जाने भूमिका, प्रकाश साप्ताहिकको स्वामित्वमा देखाएको उदारता, विभाजनपछिको अप्राकृतिक बहुमतमा सामेली, माघ १९ को काण्डसम्मको मौनता र अस्थायी संयोजक एवं कार्यवाहक महासचिव भइसकेपछि दोष जति अर्काको टाउकोमा थोपर्ने चातुर्यले खनाल 'विचारमा शून्य, पदमा सर्वमान्य' हुने राजनीतिक ग्रन्थिले बनेका राजनीतिज्ञ हुन् भन्ने प्रस्ट हुन्छ। विगत कामका समीक्षा र विशेष महाधिवेशनको औचित्य देख्ने कमरेड खनालको इरादा हेर्दा धुर्त्याइँ प्रस्ट हुन्छ। यसरी नै एमालेको अल्पमतको सरकार छँदा राजा, राप्रपा र कांग्रेसलाई एउटै खाडलमा पुर्छौं भनेर डंका पिटेर कांग्रेस र राप्रपालाई एकजुट हुन बाध्य पार्ने गौतम नै लोकेन्द्रबहादुर चन्दलाई काँधमा राख्न तयार भए। जबजको प्रबल हिमायती भएर पनि परिमार्जित नौलो जनवादका प्रणेताद्वय सिपी मैनाली र झलनाथ खनालसँग त्यसअघि पार्टी निर्णयको विपक्षमा लाग्नेलाई छाला काडेर नुनचुक छर्किनु पर्छ भनेकोलाई बिर्सी साँठगाँठ गर्न पनि गौतम चुकेनन्। उपमहासचिवमा बहाल रहँदा राष्ट्रिय परिषद्को जनकपुरमा सम्पन्न बैठकमा महाकाली सन्धि गर्ने हो, गठबन्धन तोड्ने हो भनेकोलाई बिर्सी महाकाली सन्धिलाई उछाल्न पनि उनी पछि परेनन्। माओवादी जनयुद्धको सुरुवातका बेला आतंककारी गतिविधि नियन्त्रण ऐन ल्याएर होस्, प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन र यसको उम्मेदवार हुनका लागि राजाको अनिवार्य अनुमोदनको तर्क गर्दा होस्, राजाको सक्रिय शासनकालमा 'राजा यो देशका मान्यजन हुन् मान्यजनको हातबाट टीका थापेकोमा म गौरव गर्छु' भनेर होस् वा अहिले आफूबाहेक सबैलाई राजावादीको बिल्ला भिराउने खेलमा सामेल भएर होस्, माओवादीको सेना आठ दलको सेना भनेर होस् वा लहानकाण्ड र गौरकाण्डको नैतिक दायित्व नलिएर होस् गौतमले अडान र दूरदर्शितासँग दुस्मनी देखाएका छन्। महासचिवीय प्रणालीको पक्षमा सातौं महाधिवेशनमा उभिएका खनाललाई कुनचाहिँ तत्त्वबोध भयो र अहिले अध्यक्षात्मक प्रणाली आवश्यक र उपयुक्त बन्यो, अध्यक्षात्मक प्रणालीका अन्य हिमायतीबाट वामदेवलाई छुट्टिन किन जरुत पऱ्यो भन्ने जस्ता प्रश्नले अपवित्र साँठगाँठलाई संकेत गरेका छन्। यसरी साँठगाँठलाई प्रधान ठान्ने, सामूहिकतालाई गौण ठान्ने शैलीले नेताहरू कति भ्रमित छन्, उनीहरू कहाँ पुग्दै छन् र पार्टीलाई कहाँ लिन खोज्दै छन् भन्ने प्रश्नहरू उठेका छन्।

आफ्नो मान्यता प्रस्टसँग राख्ने, यसको पुष्टिका लागि कठोर अध्ययन गर्ने, आफ्नो मान्यताको पक्षमा फरक मतलाई तान्न पहलकदमी जारी राख्ने, इमानदारीलाई आत्मसात गर्ने जननेताको शैलीलाई केही अंश मात्र सिक्न र राजनीति ढाँटको खेल होइन, खुला र स्पष्टतः हुनुपर्छ भन्ने कथनको मर्म बुझ्न एमालेका नेता र कार्यकर्ता चुक्दै जानु नै यो पार्टीको विडम्बना हो। महाधिवेशनको फैसला कुल्चने नेतालाई चैन र लेनिनवादी संगठनात्मक सिद्धान्तको रक्षाको अपेक्षा गर्ने कार्यकर्तालाई ऐन लाद्ने दण्ड विधान, पीपलपाते, टिकटार्थी हुन चाहने युवानेता एवं कार्यकर्ता पंक्तिको चरित्रले एमालेमा नेताहरूको पीपलपाते राजनीति र शल्यनीतिले काम पाएको छ। यसबाट एकप्रकारले वैचारिक, सांगठनिक एवं नेतृत्वका हिसाबले प्रतिगमन हुने खतरा बढेको छ। स्वयं दिग्भ्रमित एवं पथभ्रष्ट नेताहरूले आफूबाहेक सबै बेठिक सावित गर्ने प्रयत्नमा आफ्नो इतिहास, छवि र योग्यता खर्चिरहेको अवस्था छ। कुबेला बास्ने भाले बनेर महाधिवेशनबाट पारित सिद्धान्त जबजमाथि धावा बोलिनु शुभ संकेत होइन।

युवापुस्ताको चाहना, युगको माग, जबजको रक्षा, राजनीतिक श्रेष्ठता, आन्तरिक एकता, जनाधारको रक्षा र विश्वसनीयताको पक्षलाई ख्याल नगरी चलाकी देखाएकै आधारमा अब कसैलाई पार्टी पंक्ति र जनताले स्विकार्नेछैनन्। खनाल र गौतमले जबजका सच्चा हिमायती एमाले कार्यकर्ताको भावनालाई कदर गर्दै द्वैधनीति र पीपलपाते राजनीति परित्याग गर्नु जरुरी छ। माओवादी समेत जबजको लेखनमा आएका बेला यस प्रकारको आन्तरिक प्रहारलाई गौण ठानी पार्टीपंक्तिले रमिते हुनु एमालेका लागि घातक हुनेछ। माथिकालाई चैन तलकालाई ऐनको दण्ड विधानको अब अन्त्य गरिनु पर्छ। महाधिवेशन नआउँदै तीन-तीनवटा महाधिवेशनबाट पारित जबजबारे मार्क्सवादी पण्डितले मुख खोल्नु लेनिनवादी सिद्धान्तविपरीत हो।

गलत गर्नेमाथि खनिनुको सट्टा आफ्नो टाउको जोगाएर सुतुरमुर्गको शैली अवलम्बन गर्नाले एमालेलाई राजावादी, माओवादी र कांग्रेसजनले पालैपालो दबाबमा पार्न सफल भएका हुन् भन्ने बुझ्नु आवश्यक छ। नेकपा (एमाले)ले एउटै पनि योग्य राजनेता नपाउने भयो त? यसबारे एमालेको मध्य तथा पछिल्लो पंक्तिका नेताहरूले गम्भीरतापूर्वक अध्ययन गरी हस्तक्षेप गर्नु अपरिहार्य छ। नेतृत्व परिवर्तनका नाममा भूपूहरूको पुनरावृत्ति होइन प्रदीप ज्ञवाली, शंकर पोखरेल, गोकर्ण विष्ट, जगन्नाथ खतिवडासम्मका मध्यपंक्तिका खेलाडीहरूमध्येबाट एमालेको युवापुस्ता आफ्ना नेता चयन गरी मुलुकको संकट टार्न तयार हुनु पर्छ। भूपूहरूको जगजगीले एमाले विचारशून्य र दिशाहीन हुनुका साथै राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्ति केन्द्रको गोटी हुने खतरा बढेको छ। ■

# अब कडा प्रावधान

**बैंक तथा वित्तीय** संस्था स्थापनामा रहेका खुकुला प्रावधानहरूमा नेपाल राष्ट्र बैंक केही कडाइका साथ प्रस्तुत भएको छ। यसले नेपालको बैंकिङ क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने विश्वास मात्रै गरिएको छैन, भविष्यमा निम्तिन सक्ने वित्तीय अराजकतामा पनि कम हुने आशा गरिएको छ। तर, केन्द्रीय बैंकको सुपरिवेक्षणमा रहेका कमजोरीहरू समयमै सच्चिएनन् भने अहिलेका कडा प्रावधानहरू लगानीकर्ताका लागि थप जटिलता मात्रै सिद्ध हुन सक्छन्।

लगानीका लागि आकर्षक क्षेत्रका रुपमा मौलाउँदै गएको बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धिलाई हतोत्साहित गर्न राष्ट्र बैंकले चुक्तापुँजी दोब्बर राख्नु पर्ने निर्णय गरेको छ। अपारदर्शी नेपाली लगानीकर्ताका लागि त्योभन्दा पनि मुख्य चुनौती बनेको छ, यस क्षेत्रमा गरिने पुँजीको स्रोत सार्वजनिक गर्नु पर्ने बाध्यता। राष्ट्र बैंक संचालक समितिको चैत १५ गतेका यी निर्णयले बैंकिङ क्षेत्रमा लगानीका लागि तयार लगानीकर्ताहरूलाई निरास बनाएको छ। बैंक संचालनको स्वीकृति पाएकाहरू उत्साहित भएका छन्। तर, कार्यान्वयनमा ल्याइएका नयाँ प्रावधानले नेपालको बैंकिङ क्षेत्रलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा उतार्न सकेमा त्यो नेपाली लगानीकर्ताका लागि दिगो उपलब्धि हात पर्नेछ।

नयाँ प्रावधानअनुसार क वर्गको वाणिज्य बैंक स्थापनाका लागि अब २ अर्ब रुपैयाँ चुक्तापुँजी राख्नु पर्नेछ। यसअघि १ अर्ब रुपैयाँ चुक्तापुँजीमा यस्तो बैंक स्थापना गर्न सकिने व्यवस्था थियो। पछिल्लो समयमा दुई वाणिज्य बैंकहरू ग्लोबल र सिटिजन्स इन्टरनेसनलको स्थापना र थप एक क वर्गको वाणिज्य बैंक स्थापनाको अन्तिम चरणमा रहेको अवस्थामा राष्ट्र बैंकले यस्तो निर्णय लिएको छ। सुधिएको राजनीतिक वातावरणमा लगानीकर्ताको ध्यान बैंक स्थापनातर्फ केन्द्रित देखिएपछि बैंकिङ व्यवस्थापनमा चुनौती महसुस गरेको राष्ट्र बैंकले लगानीकर्तालाई हतोत्साहित गर्न खोजिरहेको छ। लगानीका सीमित क्षेत्र रहेको तर बैंकहरूको संख्या अप्रत्यासित रुपमा बढ्ने क्रम सुरु भएपछि यस क्षेत्रको लगानी जोखिममा पर्न सक्ने स्थितितर्फ राष्ट्र बैंक र अर्थमन्त्रालय पनि सजग देखिएका छन्।

राष्ट्रियस्तरको विकास बैंक स्थापनाका लागि अब चुक्तापुँजी ६४ करोड रुपैयाँ पुऱ्याउनु पर्नेछ। यसअघि विकास बैंक ३२ करोड रुपैयाँ चुक्तापुँजीमा स्थापना गर्न सकिने प्रावधान रहेको थियो। फाइनान्स कम्पनीहरू र अन्य वित्तीय संस्थाहरूको स्थापनाका लागि पनि अब पहिलेको तुलनामा दोब्बर लगानी गर्नु पर्ने निर्णय केन्द्रीय बैंकले लिएको छ।

तर चुक्तापुँजी वृद्धि गर्नु पर्ने दायित्वबाट स्थापना भइसकेका वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले पनि उन्मुक्ति पाएका भने छैनन्। पुँजी वृद्धि गर्न उनीहरूले केही निश्चित समयावधि पाएका छन्। राष्ट्र बैंक अधिकारीहरूका अनुसार स्थापना भइसकेका वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०६९/०७० सम्म चुक्तापुँजी वृद्धि गरी तोकिएको मात्रामा दोब्बर पुऱ्याइसक्नु पर्नेछ। स्थापनाको क्रममा रहेका बैंक तथा वित्तीय संस्थाहरूका लागि २०६६/०६७ सम्मका लागि यस्तो समयावधि तोकिएको छ। नेपाल राष्ट्र बैंक संचालक समितिका सदस्य डा. विश्वम्भर प्याकुरेल नेपालको बैंकिङ क्षेत्रको गुणस्तर अन्तर्राष्ट्रिय तहमा पुऱ्याउन र वित्तीय जोखिमलाई न्यून गर्नका लागि बैंकहरूको चुक्तापुँजीमा व्यापक वृद्धि गरिएको बताउँछन्।

मुनाफा आर्जनका हिसाबले नेपालको बैंकिङ क्षेत्र अन्य क्षेत्रभन्दा अगाडि देखिएको छ। ठूला लगानीकर्ताहरू मात्रै नभएर सर्वसाधारण पनि बैंकमा लगानीका लागि निकै आकर्षित हुने गरेका छन्। बैंकहरूले सेयर जारी गर्दा त्यसमा लगानी गर्न चाहनेहरूको अत्यधिक चापले यसको पुष्टि गरेको छ। ठूला वाणिज्य बैंकहरूको सेयर लगानीको तुलनामा गुणात्मक हिसाबले वृद्धि हुँदै गएको पृष्ठभूमिमा लगानीकर्ताहरू सकेसम्म बैंक संचालन अनुमतिका लागि प्रयासरत देखिएका छन्। तर अन्य औद्योगिक क्षेत्रमा लगानी वृद्धि नहुने र मुलुकमा विकासको गति पनि सुस्त रहेको अवस्थामा बैंकहरूको संख्यात्मक वृद्धिले वित्तीय समस्या निम्तिन सक्ने तर्क विज्ञहरूको छ। नेपालमा बढ्दो बैंकहरूको संख्याप्रति अन्तर्राष्ट्रिय मुद्राकोषले पनि असन्तुष्टि जनाउँदै आएको राष्ट्र बैंक अधिकारीहरूले बताएका छन्।


नेपाल राष्ट्र बैंक

समय

## पारदर्शी लगानी

बैंक तथा वित्तीय संस्थाको लगानी पारदर्शी बनाउने प्रयास पनि राष्ट्र बैंकले सुरु गरेको छ। केही बैंकहरूको लगानी अपारदर्शी रहेको चर्चाले प्राथमिकता पाएका बेला यो निर्णय अगाडि आएको छ। गैरकानुनी रुपमा आर्जित रकमलाई वैध रकम बनाउन पनि बैंकिङ क्षेत्रमा यस्ता लगानी भित्रिने गरेको आशंका गरिएको छ। मुख्य लगानीकर्ता पर्दा पछाडि बस्ने र आफ्ना नातेदार वा विश्वासपात्रका नाममा बैंकमा लगानी गर्ने प्रचलन बढेर गएको छ। यस्ता अपारदर्शी लगानीलाई न्यून गर्न राष्ट्र बैंकले बैंक लगानीकर्ताहरूको पुँजीको स्रोत खुलाउनु पर्ने व्यवस्था गरेको छ। जसबाट गैरकानुनी रूपमा आर्जित रकम बैंकिङ लगानीमा निरुत्साहित हुने विश्वास गरिएको छ। नयाँ व्यवस्थाअनुसार बैंकमा लगानी गरिने रकमको कर तिरेको प्रमाण पेस गर्नु पर्नेछ भने अन्य वित्तीय संस्थाहरूबाट ऋण लिएर बैंक खोल्न नपाइने प्रावधान राखिएको छ। यसले खास गरी भ्रष्टाचार गरी कमाएको रकमले बैंक खोल्न नपाउने अवस्था सृजना गरिदिएको छ। नयाँ बैंक स्थापनाका लागि बैंक संचालनका लागि आवश्यक सक्षमताको समेत पुष्टि गर्नु पर्ने निर्णय पनि राष्ट्र बैंकले लिएको छ।

विश्व व्यापार संगठनमा आबद्ध हुँदा नेपालले सन् २०१० देखि नेपालमा अन्तर्राष्ट्रिय बैंक तथा शाखाहरूको विस्तारका लागि बजार खुला गरिदिने प्रावधानलाई स्विकारेको छ। जसअनुसार अबको तीन वर्षपछि नेपालका बैंकहरूले अन्तर्राष्ट्रिय बैंकहरूसँग प्रतिस्पर्धा गर्नु पर्ने बाध्यता छ। तर, बैंकिङ सक्षमताको अभावमा नेपाली बैंकहरू प्रतिस्पर्धामा उत्रिन कठिनाइ पर्न सक्छ। यो प्रावधानलाई पनि ख्यालमा राख्दै राष्ट्र बैंकले बैंकहरूको संख्या थप्नुको सट्टा स्थापित बैंकहरूको क्षमता अभिवृद्धि गर्ने र बैंकहरूलाई एकापसमा गाभिनका लागि प्रोत्साहित गरिरहेको छ।

■ **मधुसूदन पौडेल/काठमाडौं**




# पुनर्निर्माणलाई प्राथमिकता

■ ज्योति देवकोटा/काठमाडौं (तस्बिर पनि)

**माओवादी अन्तरिम सरकारमा जाने दिन पर्खेर बसेको योजना आयोग अहिले तीनवर्षे अन्तरिम योजनाको तर्जुमा र कार्यान्वयनका लागि तातेको छ। अन्तरिम योजनाकै नाम दिएर ल्याउन लागिएको तीनवर्षे योजनाले निर्माण, पुनर्संरचना र पुनःस्थापनालाई समेट्नुका साथै दसौं र एघारौं पञ्चवर्षीय योजनाको सेतुको काम गर्नेछ।**

**संविधानसभाको चुनाव** भएर स्थायी सरकार नबनुन्जेलका लागि योजना आयोगले तीनवर्षे कार्यकालका लागि पुनर्निर्माण तथा पुनर्संरचनालाई प्राथमिकता दिँदै योजनाको तयारीमा जुटेको छ। अपेक्षित रुपमा असफल मानिएको दसौं पञ्चवर्षीय योजनाको समयावधि आउँदो साउनमा सकिँदै छ। साउनपछि योजना आयोगले तर्जुमा गरिरहेको तीनवर्षे योजना लागू गरिने बताइएको छ।

महत्त्वाकांक्षी मानिएको दसौं पञ्चवर्षीय योजना मुलुकमा बढेको माओवादी जनयुद्धका कारण सफल हुन सकेको थिएन। 'अब माओवादी सरकारमा आइसकेपछि नयाँ नेपालको निर्माणका लागि तय गरिएका योजनाहरूलाई सफल पार्नु उनीहरूको पनि कर्तव्य हुन्छ। अब ल्याउन लागिएको योजना धेरै महत्त्वाकांक्षी नभए पनि सफल हुने विश्वास गरेका छौं', योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले *समय*लाई बताए।

अन्तरिम योजनामा ग्रामीण संरचना पुनर्निर्माण तथा पुनःस्थापनाको पक्षलाई बढी प्राथमिकतामा राखेको बताइएको छ। माओवादी द्वन्द्वले मुलुकको भौतिक संरचना लगभग ध्वस्त भएको र अहिलेको तीनवर्षे अन्तरिम योजनाले त्यसलाई पुनर्जीवन दिनु प्रमुख उद्देश्य भएका कारण अन्य क्षेत्रभन्दा पुनर्निर्माणको क्षेत्र प्राथमिकतामा परेको योजना आयोगले बताएको छ। माओवादी द्वन्द्व सुरु भएदेखि ३ अर्ब ६६ करोड रुपैयाँ बराबरको भौतिक संरचनाको मात्र क्षति भएको थियो। ती संरचनालाई अहिले पुनर्निर्माण गर्न करिब ५ अर्ब रुपैयाँ लाग्ने बताइएको छ।

सशस्त्र द्वन्द्वका अवधिमा ध्वस्त भएका ग्रामीण संरचना पुनर्निर्माण तथा पुनःस्थापनाका लागि मात्र करिब ४ अर्ब लाग्ने बताएको छ। 'यो कार्यक्रमअन्तर्गत ग्रामीण सडक, सिँचाइ, ग्रामीण विकास र ध्वस्त भएका भौतिक संरचना निर्माणलाई पहिलो प्राथमिकतामा राखिएको छ। दोस्रो चरणमा हामीले आर्थिक विकासको पक्षलाई पनि ध्यानमा राखेका छौं', उपाध्यक्ष डा. पोखरेल भन्छन्।

पाँचौं पञ्चवर्षीय योजनामा धराशायी भएको आर्थिक अवस्थालाई समेट्न त्रिवर्षीय योजनाको सहयोग पुऱ्याउने आयोगको भनाइ छ। उपाध्यक्ष डा. पोखरेल भन्छन्, 'दसौं पञ्चवर्षीय योजनाको सबैभन्दा असफल पक्ष भनेको आर्थिक अवस्था धराशायी हुनु हो, यसलाई समेटेर आर्थिक अवस्थालाई पुनर्जीवन दिनु अहिलेको त्रिवर्षीय योजनाको चुनौती हो।'

'मुलुकमा संविधानसभाको निर्वाचन भएर स्थायित्व कायम हुन कम्तीमा पनि तीन वर्ष लाग्ने र त्यो बेलासम्म योजना आयोग योजनाविहीन भएर बस्न नहुने भएका कारण त्रिवर्षीय योजनाको अवधारणा ल्याइएको हो', योजना आयोगका प्रवक्ता श्यामसुन्दर शर्मा भन्छन्। करिब ६ सय अर्ब रुपैयाँ खर्च गरिएको दसौं पञ्चवर्षीय योजनाले मुलुकलाई पाँच वर्षको अवधिमा नयाँ दिशामा पुऱ्याउने लक्ष्य लिइएको थियो। तर, मुलुकमा माओवादी समस्या चुलिएका कारण दसौं पञ्चवर्षीय योजनाले सफलता हासिल गर्न सकेन। 'भौतिक पूर्वाधारअन्तर्गत प्रतिगाविस एउटा टेलिफोन लाइन, ग्रामीण सडक र सिँचाइलाई पुनर्निर्माणपछि प्राथमिकतामा राखेका छौं', योजना आयोगले तयार पारेको त्रिवर्षीय योजनाको प्रारुपमा बताएको छ। तीनवर्षे योजनामा २ हजार किलोमिटर नयाँ सडक बन्ने, एक सयवटा पुल बन्ने समेत बताइएको छ।

'अब मुलुकले राजनीतिक निकास पाएको छ, यो बेला तय गरिएका योजना पूर्ण सफल हुनेमा योजना आयोग विश्वस्त छ', प्रवक्ता शर्मा अगाडि भन्छन्, 'तर त्रिवर्षीय योजनाको मुख्य उद्देश्य नयाँ विकास ल्याउन नभएर युद्धअवधिमा ध्वस्त भएका र रोकिएका भौतिक संरचनालाई मूर्तरूप दिनु हो', शर्माको भनाइ छ।

तीनवर्षे कार्यकाल रहेको अन्तरिम योजनाका लागि १ खर्ब ७५ अर्ब लगानी हुनेसमेत बताइएको छ। माओवादी सरकारमा आइसकेपछिको पहिलो योजनाले माओवादी जनयुद्धकै बेला ध्वस्त भएका भौतिक संरचना निर्माण गरिनेछ। ■

# 'आगामी तीन वर्षमा ६ प्रतिशतले आर्थिक वृद्धि गराउने लक्ष्य छ'



■ डा. जगदीशचन्द्र पोखरेल, योजना आयोग उपाध्यक्ष

**यो तीनवर्षे अन्तरिम योजना भनेको के हो ?**

अहिले दसौं योजना सकिन लागेको छ। राजनीतिक कारणले तुरुन्तै एघारौं योजना ल्याउन सकिने अवस्था छैन । अहिले मुलुकमा राजनीतिक, सामाजिक, आर्थिक मुद्दाहरू उठेका छन् र ती मुद्दालाई सम्बोधन गर्न र युद्धअवधिमा ध्वस्त भएका संरचनाहरू निर्माण नगरी नहुने अवस्था छ । तुरुन्तै निजीस्तरबाट कतै लगानी हुन सक्ने अवस्था छैन । यस्तो अवस्थामा सरकारले नै पुनर्निर्माणमा हात हाल्नु पर्नेछ । यिनै ध्वस्त संरचनालाई पूर्णरुप दिन तयार गरिएको छोटो अवधिको योजना हो ।

**यो योजनाको प्राथमिकताभित्र के पर्छ ?**

युद्धका कारण ध्वस्त भएका भौतिक संरचनाहरूलाई पुनर्जीवन दिनु नै यो योजनाको प्रमुख उद्देश्य हो । त्यसबाहेक जनआन्दोलनपछि उठेका जातीय, लैंगिक, वर्गीयरुपमा सहभागिता गराउनु योजनाको अर्को मुख्य उद्देश्य हो ।

**विगतका योजना र यो योजनामा के फरक छ ?**

विगतका योजनाहरूको कार्यकाल लामो हुन्थ्यो । दसौं पञ्चवर्षीय योजनाहरू तर्जुमा गर्दा मुलुकमा युद्ध जारी थियो । महत्त्वाकांक्षी योजनाहरू बनाइएका थिए, द्वन्द्वकै कारण सफल हुन सकेनन् । तर, अहिलेको त्रिवर्षीय योजना तर्जुमा गर्दा महत्त्वाकांक्षी देखाइएको छैन । भत्केका भौतिक संरचना ठड्याउने र सहभागितामूलक कार्यक्रमलाई बढी जोड दिइएको छ ।

**यो योजनाप्रतिको दाताहरूको धारणा के छ ?**

अहिले दाताहरूमा दुई प्रकारका सोच देखिएको छ । एक पक्ष अहिले धेरै लगानी नगरीहालौं भन्नेमा छ । अर्को नेपाल शान्तिको बाटोमा हिँडिरहेको छ, यस्तो बेला सहयोग गर्नु पर्छ भनिरहेको छ । तर, सबैको सहयोग अनिवार्य छ ।

**विगतमा झैं यो योजना पनि आयोगले केन्द्रमा बसेर बनाएको हो ?**

हामीले योजना आयोगको इतिहासमा पहिलोपटक अहिलेको त्रिवर्षीय अन्तरिम योजना बनाउँदा गाविसस्तरमा पुगेर त्यहाँ चाहिने योजनाका बारेमा छलफल गरेका छौं । पक्कै विगतमा केन्द्रमा बसेर योजना बनाइएका कारण कतिपय योजना असफल भएका हुन् । धेरै गुनासा आएका कारण यसपालिदेखि योजना तर्जुमा गर्दा समेत गाउँमै पुगेर छलफल गरेका छौं । यस अर्थले पनि विगतको भन्दा अहिलेको अन्तरिम योजना सफल हुने ठानेका छौं ।

**अबको तीन वर्षमा के परिवर्तन हुन्छ ?**

भत्किएका भौतिक संरचना बनाइन्छन् । मुगु, हुम्ला र डोल्पा बाहेकका सबै सदरमुकामलाई सडक यातायातले छुनेछ । हरेक गाविसमा टेलिफोन लाइन बन्नेछन् । महिला, दलित, जनजातिका क्षेत्रमा लगानी गरिनेछ । आगामी ३ वर्षमा ६ प्रतिशतले आर्थिक वृद्धि गराउने लक्ष्य छ ।







# वैधानिक बाटो, अवैध काम

डडेल्धुरा जोगबुढाबाट ट्रकमा लगिँदै गरेका सालको काठहरू

■ **श्याम भट्ट/डोटी** (तस्बिर पनि)

आधा दशकदेखि सुदूरपश्चिमका पहाडी जिल्लामा काठ कटानी बढ्दो छ। यहाँबाट उत्पादित काठले काठमाडौंसम्म ख्याति कमाइसकेको छ। दिनहुँ ठूलो मात्रामा काठ यहाँका वनबाट तराईका विभिन्न स:मिल हुँदै राजधानीसम्म पुगिरहेको छ, जसबाट प्रतिदिन वन समेत पातलिँदै गएको छ, तैपनि कटानी रोकिनुको साटो बढ्दो छ।

यसपटक वन विनाशको पराकाष्ठा नाघ्दै डोटीमा १ लाख ४५ हजार क्युफिट कटानी गर्न विभागले नै निर्देशन दिएपछि राजमार्गछेउमा काठका ठूलाठूला चट्टा लागेका छन्। यति ठूलो मात्रामा पहिलोपटक काठ कटानीको निर्देशन विभागले दिएको हो। कञ्चनपुरका वन अधिकृत देवेशमणि त्रिपाठीका अनुसार यति ठूलो मात्रामा काठ काट्नु पनि गलत हो भने निर्देशन दिनु पनि गलत हो। डोटीका १५ वटा सामुदायिक वनबाट यो काठ धमाधम कटानी भइरहेको छ। गत जेठमा आएको हुरीबतासका कारण ठूलो संख्यामा सल्लाहरू ढलेपछि सामुदायिक वनहरूले लागत लिई ढलापडाका नाममा काठ काट्न अनुमति पाएका हुन्। डोटीका जिल्ला वन अधिकृत रमेशबहादुर चन्दका अनुसार सामुदायिक वनले ढलापडाको लागत लिई क्षेत्रीय वनलाई जानकारी गराएपछि स्थलगत निरीक्षण गरी केन्द्रमा पठाइएको थियो। ठूलो संख्यामा रहेकाले सात दलबीच पनि कटानीका लागि छलफल भएको थियो। क्षेत्रीय प्रशासकले समेत ढलापडा क्षेत्रको स्थलगत निरीक्षण गरेका थिए।

मुख्यतया सामुदायिक वनहरूले आफ्नो विधान कार्ययोजनाअनुरूप वनभित्रका काठ कटानी गर्न पाउँछन्, जसमा जिल्ला वन कार्यालयको प्रत्यक्ष सहभागिता रहेको हुन्छ। सामुदायिक वनका विधानहरू वन ऐन र नियमावलीसँग बाँधिएका हुन्छन्। यस कारण वनकर्मी र सामुदायिक उपभोक्ताहरू बदमासी नहुने दाबी गर्ने गर्छन्। तर ठेकेदार उपभोक्ता र वनकर्मीको मिलोमतोमा ठूलो संख्यामा काठ तस्करी भइरहेको यथार्थ भुक्तभोगीहरू बताउँछन्। वन ऐन २०४९ पछि वन संरक्षणको जिम्मा समुदायको हातमा परेर केही वनहरूको राम्रो संरक्षण नभएको होइन, तर राजमार्गछेउमा रहेका अधिकांश सामुदायिक वनहरूले आफ्नो कार्ययोजनाभन्दा बढी ढलापडा र सुख्खा खडाका नाम व्यापक कटानी गरी वन विनाश बढाएको यी वनहरू देख्दा जो कोहीले पनि अनुमान गर्न सक्छ। तस्करहरूको मिलोमतोका कारण वनरक्षकसमेत लोभिएका हुनाले दिनानुदिन पहाडी क्षेत्रमा रहेका काष्ठसम्पदा नाश हुँदै गएको छ। कटानीपश्चात् चट्टा लगाइएका काठमा टाँचा नहुनु र छुट पुर्जीको फोटोकपी अवैध निर्यात रोक्न खडा भएका चेकपोस्टले स्वीकार गर्नु र अधिकांश निर्यात रातिको समयमा हुनुले वन विनाशको बढ्दो संजाललाई इंगित गर्दछ। डोटी मात्र होइन, डडेल्धुरा, बैतडी लगायत तराईका जिल्लामा काठमाथि तस्करहरूका गाडिएका गिद्धेदृष्टिलाई कसले सहयोग गरिरहेको छ त ? अनुसन्धानको विषय हुन सक्छ।

सामुदायिक वनभित्र अवैध ढंगले हरिया सल्लाहरू काटिन्छन् भन्ने प्रमाण गत महिला जिल्ला वन कार्यालय डडेल्धुराले आफैं भेटाएको छ। यो अवैध काममा संलग्न चारजनालाई जिल्ला वन अधिकृत बुद्धि रिजालको नेतृत्वमा गएको वनकर्मीहरूको टोलीले कोटेली गाविस-८ स्थित पल्धार सामुदायिक वनमा अवैध ढंगले सिंगो वन सखाप पार्ने गरी सयौं हरिया रूख ढालिरहेकै अवस्थामा पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमध्ये तीनजना मजदुर र एकजना सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी रहेका छन्।

सामुदायिक वनमा एक सयभन्दा बढी सल्लाका रूखहरू काटिएको अवस्थामा रहेका छन् एकजना स्थानीय वनकर्मीले समयमै खबर गरेपछि यो कार्यमा संलग्न ठेकेदार गोरख खडायत घटनास्थलबाटै फरार हुन सफल रहेका थिए। ठेकेदारलाई संरक्षण गर्ने वनकर्मीका बारेमा भने कार्यालयले चासो नदेखाउँदा वनकर्मीको मिलोमतो प्रस्ट हुन्छ।

जिल्ला वन अधिकृत बुद्धि रिजालका अनुसार वन माफियाहरूविरुद्ध कारबाही गर्न थालेपछि विभिन्न नेताहरूवाट दबाब आइरहेको छ। पहिलादेखि नै परिपाटीका रूपमा वन तस्करी बढ्दै गएको अवस्थामा एक्कासि कारबाही गर्दा दबाब आइरहेको हो। रिजालले आफू जिल्लाको भित्रीमधेस क्षेत्रतिर गएर वनमाफियाहरूको

सञ्जालका बारेमा जानकारी लिने तयारीमा रहेको बताए ।

सामुदायिक वनमा ढलापडा काठ बिक्री गर्ने नाममा विगतका वर्षहरूमा हरिया रूखहरू काटेर खुलेयाम बिक्री वितरण भइरहेको अवस्थामा जिल्ला वन कार्यालयले हरिया रूखहरू बेच्ने सामुदायिक वन र वन माफियाहरूमाथि कारबाही गर्न थालेपछि जिल्लाको भित्रीमधेस क्षेत्रमा रहेका अधिकांश सामुदायिक वनहरूले रुख सुकाउने नयाँ प्रक्रिया अपनाएको पाइन्छ ।

वन माफियाहरूको निर्देशनमा भइरहेको यो कार्यका लागि आवश्यक रकम वनतस्करहरूले व्यहोर्ने र मजदुरी लगाएर भए पनि रूख सुकाउन राति घेरा लगाउने काम गर्ने गरेका छन् । तर विद्यालय सञ्चालन गर्ने निहुँमा सामुदायकि वन पदाधिकारीहरू यस्ता काममा आफैं सक्रिय रहेको बताइन्छ । डडेल्धुरामा बहुमूल्य काठको लागि जोगबुढा उपत्यकालाई धनी मानिन्छ । विगतका वर्षमा सामुदायिक वनहरूले काँचा, बूढो, रोगी र ढलापडाको नाममा ६५ हजार क्युफिट काठ काठिएको रेन्जर मुन्नाचन्द घले बताउँछन् । घलेका अनुभवमा वन स्रोत सर्वेक्षण निर्देशिकाअनुरूप सही मूल्यांकन र अनुगमन भएमा मात्र वनहरूलाई फाइदा छ, नत्र भने छैन । मुख्य कुरा त संरक्षण नै हो ।

शाही शासनकालमा क्षेत्रीय प्रशासकका आदेशले काठ कटानी एक वर्षका लागि रोकिएपछि काठ तस्करहरू छटपटिएका थिए । द्वन्द्व चरमचुलीमा पुगेका बेला माओवादीले वनबाट युद्धकर भन्दै १० प्रतिशत लिने गरेका कारण यस्तो आदेश दिइएको थियो । यस्तो आदेश दिनुअघिको अवस्थामा ठूलो संख्यामा वन्य तस्करहरूको सञ्जाल फैलिएको थियो । माओवादीका पूर्व केन्द्रीय सदस्य खगराज भट्टका अनुसार त्यति बेला हामीले यस्तो काम गरे पनि अहिले आएर हामीले महाकाली अञ्चलमा काठ कटानी रोक्नका लागि छलफल गरेका छौं भने डोटीमा भइरहेको विनाशको क्षेत्रीय ब्युरोमा छलफल भएको छ । आफूहरूले अहिले वनबाट कुनै पनि कर नलिएको उनले खुलाए ।

बढेको वन फडानी रोक्न सम्बन्धित निकायले चासो नदिएपछि स्थानीय बासिन्दाहरू अग्रसर भएका छन् । जोगबुढा क्षेत्रमा लामो समयदेखि भइरहेको वन विनाश रोक्न नरबहादुर जाग्रीको अध्यक्षतामा समूह गठन भएको हो । गठित समूहले तस्करहरूबाट १९ बनचरा, ६ नाम्ला र १ आरा बरामद गरेका छन् ।

आफ्नो काष्ठसम्पदाका लागि मुलुककै अग्रणी कैलालीमा समेत अवैध कटानका लागि विभिन्न समूह सक्रिय छन् । शान्ति प्रक्रिया अघि बढेपछि शिविरमा बस्ने अनुमति पाएका माओवादीहरूले समेत विनाशलाई गति दिए । गत फागुनमा माओवादी शिविरभित्र हावाहुरीका कारण ढलेका रूखहरूका कारण दुई छापामारको मृत्यु भएपछि अन्य ढलेका रूखहरू काट्ने क्रम तीव्र भयो ।

हावाहुरीले मुख्य शिविर तालबनद र अन्य तीनवटा सहायक शिविरमा सयौं रूखहरू खसेका थिए । शिविर क्षेत्रभित्र खसेका र सम्भावित खतरा उत्पन्न हुने खालका सालका काँचो रूखहरू सबै काट्ने भन्ने डिभिजनबाट आदेश आएपछि कटान सुरु गरिएको एकजना माओवादी बताउँछन् ।

बडैपुर सहायक शिविरमा मात्र ढलेका र ठाडा गरी ६० भन्दा बढी सालका काँचो रूखहरू काटिएका छन् । माओवादीले शिविर क्षेत्रदेखि सय मिटर वरपरका रूखहरू पनि काट्ने भनेपछि सामुदायिक वनका उपभोक्ताले विरोध जनाएका छन् ।

यसै बेला कैलालीको मसुरियास्थित सुनपाल प्रस्तावित सामुदायिक वनमा भएको अवैध खयर कटानीकाण्डमा १९ जनालाई कारबाही गरिएको छ । गत पुस महिनामा मसुरियाको उत्तरमा पर्ने प्रस्तावित सुनपाल सामुदायिक वनमा वन कर्मचारी, सामुदायिक वनका पदाधिकारी र केही स्थानीय राजनीतिक नेता एवं बुद्धिजीवीको मिलेमतोमा सयौं खयरका काँचा रूखहरू काटिएका थिए । घटना लुकाउन चाहे पनि केही समयपछि सो सार्वजनिक भएको थियो ।

खयरकाण्डलाई लिएर गत माघ १ गते आठ राजनीतिक दलका जिल्लास्तरका नेताहरूले मसुरिया गई ५ दिनभित्र प्रतिवेदन बुझाउने भन्दै ९ सदस्यीय छानबिन समिति गठन गरेको थियो । प्रतिवेदनअनुसार खयरकटानीमा संलग्न मसुरिया रेन्जपोस्टका तत्कालीन रेन्जर राजकिशोर स्वर्णकारलाई १५ हजार जरिवाना र ५ वर्षसम्म मसुरिया रेन्जपोस्टमा आउन नदिने निर्णय गरिएको छ । स्वर्णकारलाई जिल्ला वनले तत्कालै २ महिनाका लागि निलम्बन गरेको थियो । यसैगरी वन कार्यालयका मुखिया शिवराज जोशीलाई पनि छानबिन समितिले ३ हजार जरिवाना र आत्मालोचना गर्ने गरी सजाय तोकेको छ ।

वनरक्षक राजबहादुर कुँवरलाई १ हजार सामुदायिक वनका उपाध्यक्ष एवं खयरकाण्डका नाइके भनेर चिनिएका एनबहादुर कलेललाई ५ हजार रुपैयाँ जरिवाना गरिएको छ । मसुरिया क्षेत्रका बुद्धिजीवी भनेर चिनिने भीम देउवालाई समेत ५ हजार जरिवाना र २ वर्षसम्म सार्वजनिक पदहरूमा नियुक्त नगर्ने निर्णय गरिएको छ ।

अवैध कटानपछि काँचा रूखका ठुटाहरूमा पराल र मट्टितेल हाली आगो लगाएर प्रमाण मेटाउने प्रयाससमेत गरिएको थियो ।

अवैध कटानलाई निरन्तरता दिंदै यसै महिनाको पहिलो साता कैलालीकै रामशिखरझाला गाविस-७ मा पर्ने सिमथडी जंगलमा स्थानीय बासिन्दाले ६० रूख काँचो साल अवैध रूपमा कटान गरेका छन् । अवैध फडानीमा संलग्न तीनजनालाई जिल्ला वन कार्यालयले पक्राउ गरेको छ भने वनले पक्राउ गरेपछि स्थानीय बासिन्दाले पनि तीनजना वनरक्षकलाई कब्जामा लिई चक्काजाम गरेका थिए । स्थानीय बासिन्दाले सडक चौडा बनाउन र राजमार्गबाट गाउँ देखिएन भन्दै वन क्षेत्रका झन्डै ६० वटा सालका रूख कटान गरेका थिए । जिल्ला वनसँग कुनै समन्वय नगरी अवैध रूपमा भएको कटानीमा २५ सय क्युफिट जति काँचो साल रहेको अनुमान जिल्ला वनले लगाएको छ । झन्डै ७ लाख मूल्य बराबरको काठ कटानी गर्ने उपेन्द्र शाही नामका मुख्य योजनाकार पनि पक्राउ परेका छन् । उनीसँगै भीमबहादुर बुढा र नरबहादुर कठायत पनि वनले पक्राउ गरेको छ ।

झन्डै ५ मिटर चौडाइ रहेकको सडक चौडा बनाउन रूख कटान गरेको भन्ने स्थानीय बासिन्दाको भनाइ गलत रहेको कैलालीका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर खत्री बताउँछन् ।

कुनै बेला हरियो वन नेपालको धन भनेर चिनिन्थ्यो । अहिले यो अवस्था छ-छैन अनुसन्धानको विषय हुनसक्छ । जैविक विविधताको खानी यो क्षेत्रमा रहेका सम्पदा संरक्षण गर्ने जिम्मेवारी स्थानीय जनताकै हो । सामुदायिक वन हस्तान्तरण गर्दैमा वनले आफ्नो दायित्वबाट पन्छिन मिल्दैन न त तस्करसँग साँठगाँठ गर्न मिल्छ । कानुनमा रहेका त्रुटिलाई पनि परिमार्जन गर्न सम्बन्धित निकायले सोच्नु पर्ने बेला आएको छ । ■



डोटीको बुडर क्षेत्रमा तराई लग्न तयार पारिएको काठ



# आउनुस्, रमाउनुस्

## पुष्पव्यापारमा अहिलेसम्म ५० करोडभन्दा बढी लगानी भएको छ ।

तपाईंलाई फूलप्रति झुकाव छ भने एकचोटि भृकुटीमण्डपको पुष्पव्यापार मेलामा जानुस् । तपाईंको मनलाई लोभ्याउने फूलहरूले स्वागत गर्नेछन्, भृकुटीमण्डपको प्रदर्शनीकक्षमा । फूलको व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले विगत १२ वर्षदेखि पुष्प व्यवसायको विकासका लागि सक्रिय रहेको फ्लोरिकल्चर एसोसिएसन नेपालले बिहीवारदेखि भृकुटीमण्डपमा पुष्पव्यापार मेला आयोजना गरेको छ ।

मुलुकमा पुष्पबजारको ठूलो सम्भावना रहे पनि यो व्यापारलाई बुझ्न नसकेका कारण फस्टाउन सकेको छैन । 'हरेक वर्ष पुष्पव्यापार मेला प्रदर्शनी गर्नुको उद्देश्य पनि पुष्पबजारको सम्भावनाको खोजी गर्न हो', फ्लोरिकल्चर एसोसिएसन नेपालका महासचिव अरुण क्षेत्रीले भने ।

फ्लोरिकल्चर एसोसिएसनले विगतमा नौवटा राष्ट्रियस्तरका प्रदर्शनी र एउटा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी गरिएको छ । पाँच दिनसम्म चल्ने भृकटीमण्डपमा पुष्पव्यापार मेलाले फूलको उत्पादनलाई समेत हौसला थप्ने बताइएको छ । मेलामा व्यवसायिक ६० वटा स्टल राखिएका छन् ।

मौसमी फूल, आलंकारिक बोट, ड्राइफ्लावर, सुनाखरी जस्ता फूलका वीउहरू बिक्रीको लागि समेत राखिएका छन् । २५ भन्दा बढी प्रकारका फूलहरूमा प्रदर्शनीमा राखिएका छन् । फूलसम्बन्धी जानकारीका लागि समेत चारवटा स्टल राखिएका छन् ।

नेपालमा ५ हजार ८ सय ३३ प्रजातिका फूलहरू पाइने तथ्यांक छ । फूलको प्रदर्शनी र व्यापारले फूलको व्यवसायबाट हुने फाइदालाई इंगित गर्ने र व्यवसायीहरूलाई हौसला बढाउने बताइएको छ । 'पुष्पव्यापारमा अहिलेसम्म ५० करोडभन्दा बढी लगानी भएको छ । यसलाई व्यवसायिक बनाउने हो र बाहिरी देशमा निर्यात गर्न सक्ने हो भने विदेशी मुद्रा आर्जनमा समेत सम्भावन रहेको देखेका छौं', महासचिव अरुण क्षेत्री भन्छन् ।

काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे र धादिङ बढी फूल उत्पादन हुने जिल्लामा गनिन्छन् । पुष्पव्यापार मेलाले कृषकहरूलाई यो व्यवसायमा लाग्न झन् हौसला थपेको समेत आयोजकले बताएका छन् ।

■ ज्योति देवकोटा/काठमाडौं

# फूलको मौसम



■ वर्षा कुँवर

ढकमक्क फूलहरूले वसन्त ऋतुको आगमन भएको संकेत गरिरहेका छन् । फूल देवीदेउताको पूजाआजामा मात्र प्रयोग नभई व्यक्तिको सुरुचि, सम्पन्न संस्कार र सभ्यताको चिनारी दिने माध्यम बनेको छ, अहिले । धनाढ्यको बगैंचामा मात्र देख्न पाइने फूल आजभोलि मध्यमवर्गले पनि घरकोठा वा बगैंचामा सजाइरहेका छन् । पर्यटकको स्वागत गर्न होस् वा चाडबाड मनाउन सबैलाई फूल चाहिन्छ । हरेक कार्यालय, होटल, संघसंस्थामा फूलबिरुवाको बढ्दो प्रयोगले व्यवसायिक सफलता हासिल गर्नसम्म फूललाई माध्यम बनाउन थालेको महसुस हुन्छ । चौतर्फी प्रयोगले यो व्यवसाय फस्टाउँदो गतिमा अगाडि बढिरहेको छ । आज पुष्पव्यवसाय उद्योगका रूपमा स्थापित भइरहेको छ ।

पुष्पजन्य र जंगली वस्तुको व्यवसायिक कृषिलाई हामी पुष्प व्यवसाय भनेर बुझ्छौं । यो व्यवसायमा मौसमी फूल, पेरेनल बिरुवा, आलंकारिक बोट, कटफ्लावर, ड्राइफ्लावर, टिस्युकल्चरबाट बनाएका बिरुवा, फूलको गानोदेखि जरासम्म पर्छन् । नर्सरी व्यवसाय पुष्पव्यवसायले समेटेको विधामध्ये एउटा विधा हो । मौसमी फूल, पेरेनल र आलंकारिक बोटबिरुवा लगायत बगैंचा बनाउन प्रयोगमा आउने विभिन्न जातका दूबो समेत उमार्ने, हुर्काउने र बेचबिखन गर्ने स्थललाई नर्सरी भनिन्छ । पुष्प व्यवसायले मुख्यतया मौसमी फूल, पेरेनल बिरुवा, आलंकारिक बोट, कटफ्लावर, ड्राइफ्लावर, टिस्युकल्चरबाट बनाएको बिरुवालाई समेट्ने गर्छ ।

मौसमी फूल फुलिसकेपछि बोट मरेर जान्छ, अर्को मौसममा त्यस्ता बिरुवा फेरि रोप्नुपर्छ । पेरेनल बोट कहिल्यै मर्दैन, तर फूल भने मौसममा मात्र फुल्छ । यस्तो बोटलाई बाह्रै महिना स्याहार्नु पर्छ । जंगली बिरुवालाई आलंकारिक विरुवा भनिन्छ । यस्ता बिरुवाहरू घरभित्र वा बाहिर सजाउन राखिन्छन् । यी बिरुवाहरू सधैं हरिया हुन्छन् । यसमा फूल फुल्दैन । यसको हरियोपन तथा यसको आकार अनि यसलाई सजाउने स्थान र तरिकाले यो सुन्दर देखिन्छ । जंगली प्रजातिका बोटबिरुवाहरू सानादेखि ठूलासम्म हुन्छन् । यिनलाई साना भाँडा वा गमलामा हालेर रुचिअनुकूलको आकार दिन सकिन्छ, जसलाई बोनसाई भनिन्छ । कटफ्लावर ती फूललाई भन्ने गरिन्छ, जुन फूल काटिसकेपछि पनि पानीमा हालेर राख्दा लामो समयसम्म रहन्छन् । यस्ता फूल होटल, घरका कोठा र कार्यालयहरूको कलशमा सजाएर राखिन्छन् । यसको प्रयोग बुके बास्केट आदिमा विभिन्न रूपले हुन्छ ।

पुष्पव्यवसायमा अर्को प्रचलित क्षेत्र टिस्युकल्चर हो । कुनै पनि बिरुवाको एउटा भागबाट प्रयोगशालामा आवश्यकताअनुसार धेरै बिरुवा उत्पादन गर्ने विधिलाई टिस्युकल्चर भनिन्छ । यसरी उत्पादित बिरुवाको मुख्य गुण जीवाणुरहित हुनु हो । त्यस्तै सुकाइएको फूललाई ड्राइफ्लावर भनिन्छ । फूललाई सुकाएर विभिन्न रङले सजाउने प्रचलनसँगै यसको माग पनि आन्तरिक तथा बाहय दुवै बजारमा विस्तार हुँदै छ । व्यवसायीहरू हाल यिनै फूल बिरुवाको बजार मागलाई ध्यानमा राखेर आफ्ना उत्पादन तथा व्यवसाय बढाउन क्रियाशील देखिएका छन् ।



गहनापोखरीमा गहना खोज्दै भक्तजनहरू

भास्वर ओझा

# हाडीगाउँमा जात्रैजात्रा

यति बेला मुलुककै पुरानो बस्ती काठमाडौंको हाडीगाउँ क्षेत्रमा चहलपहल छ। टुँडालदेवी जात्रा र त्यससँगै हुने तीनदेवीको १५ दिने जात्राका लागि स्थानीय बासिन्दालाई भ्याइनभ्याइ छ। चैत्र १४ गते सुरु भएको यो जात्रा लगातार १५ दिनसम्म चल्नेछ। टुँडालदेवी, नक्साल भगवती, नुवाकोट भैरवी यी तीन देवीहरू दिदीबहिनी हुन् भन्ने गरिन्छ। एकपछि अर्को गर्दै सुरु हुने जात्रा सर्वप्रथम नक्साल भगवतीबाट सुरु भई टुँडालदेवी हुँदै अन्त्यमा नुवाकोट भैरवीसम्म पुगी अन्त्य हुन्छ।

जात्राको पहिलो दिन दूबो खुर्किने, दोस्रो दिन तेल लगाउने, तेस्रो दिन राँगा काट्ने (पञ्चबलि दिने), पाँचौं दिन भाटभटेनीलाई टुँडालदेवी अगाडि लिएर आउने र मदिरअगाडि झुन्ड्याएर राखिने गरिन्छ। यसरी भाटभटेनीलाई टुँडालदेवीअगाडि झुन्ड्याएर राख्नुमा पनि आफ्नै किंवदन्ती छ।

टुँडालदेवी विकास समितिका सहसचिव कृष्णनारायण श्रेष्ठ भन्छन्, 'किंवदन्तीअनुसार एक दिन बारीको डिलमा बसेर भाट र भटेनी दुवैजना बिस्कुन सुकाउँदै गर्दा उनीहरूका तीनजना बच्चालाई चिलले लगेछ, समाउन जाँदा ती दुवैजना रूखमा झुन्डिएर बसे पनि आफ्ना बच्चाहरू समाउन सकेनछन्।'

यही किंवदन्तीलाई आधार मानी आजसम्म पनि टुँडालदेवीको मन्दिरअगाडि भाट र भटेनी अनि तीनजना बच्चालाई झुन्ड्याएर राखिन्छ। उनीहरूलाई मन्दिरभित्र प्रवेश नगराउनुसँग पनि अर्को एउटा किंवदन्ती जोडिएको छ। श्रेष्ठ भन्छन्, 'भटेनी टुँडालदेवीको आफ्नै छोरी भए पनि उनले आफूसँग जात नमिल्नेसँग विवाह गरेकाले उनलाई मन्दिरभित्र नलगिएको हो भन्ने भनाइ छ।'

छैटौं दिन भाटभटेनीलाई पुनः भाटभटेनी मन्दिरमै लगिन्छ। सातौं दिन टुँडालदेवीको मूर्तिलाई गहनापोखरीमा लगिन्छ र रथलाई पोखरीमा डुबाइन्छ। यसको संकेत टुँडालदेवीको हराएको गहना पोखरीमा खोज्नु हो। टुँडालदेवी विकास समितिका सचिव अनिशराम भट्टराई भन्छन्, 'तीनवटै देवीहरू पोखरीमा नुहाउन जाँदा टुँडालदेवीको गहना उक्त पोखरीभित्र हरायो। दिनभरि खोजी गर्दा पनि फेला नपरेको र साँझ पर्न लागेकाले नुवाकोट भैरवीले आफूलाई अबेर भयो भनी दिदीबहीनीसँग जाने अनुमति लिई गहना पाए वा नपाएको खबर तुरुन्त आफूलाई दिन अह्राएर नुवाकोटतर्फ लागिन्। अरू दुई दिदीबहिनीले भोलिपल्ट प्रतिपदाको दिन पुनः दहमा आई गहना खोजे। सो खोजिएको समयमा नक्साल महामाया भगवतीले दह बाहिरबाट कसैले दुःख नपरोस् भनी चारैतर्फ घुमी सुरक्षा गरिन् अनि टुँडालदेवी दहभित्र गई गहना खोजी गरी फेला पारिन्। गहना फेला परेको खबर दिदीलाई दिन तुरुन्त नक्साल गई त्यतैबाट महामाया भगवती नुवाकोटतर्फ लागिन् भन्ने कथन छ। पोखरीको जात्राको क्रममा टुँडालदेवीको खट पोखरीभित्र घुम्दा महामायाको खटले चारैतर्फ घुम्ने र टुँडालदेवीको खट पोखरीको डिलमा निकालेपछि तीनपल्ट खटलाई घुमेर ढोग गरी तुरुन्तै नक्साल पुगी त्यहाँ आएका व्यक्तिलाई मुकुट हस्तान्तरण गरी सोह्रखुट्टेबाट सो व्यक्ति अगाडि निश्चित स्थानको व्यक्तिलाई दिन जान्छन्। सोही क्रमले मुकुट एक-अर्कालाई बुझाउँदै भोलिपल्ट नुवाकोट भैरवीको जात्रा सुरु हुनुपूर्व पुऱ्याइन्छ।

भट्टराईका अनुसार टुँडालको अर्थ नेवारीमा गोडा हो। सतीदेवीको गोडा पतन भएको ठाउँमा टुँडालदेवीको उत्पत्ति भएको हो भन्ने मान्यता रहेको छ। जात्राको क्रम तथा गुठीको समयमा नक्साल महामाया भगवतीको मन्दिर नभएको र गुठियारको घरमा मूर्ति पालैपालो राख्ने गरेको हुँदा टुँडालदेवी मन्दिरको मूल ढोकाको दायाँपट्टि रहेको शिलालाई पुजारीले पूजा गर्छन्। विस २०५७ भन्दाअघि टुँडालदेवीको खटलाई पोखरीभित्र एकपल्ट घुमाइन्थ्यो भने २०५८ देखि दर्शकको भीड र दर्शन गर्ने चाहनालाई ध्यानमा राखी पोखरीभित्र तीनपल्ट घुमाउन थालिएको छ।

भट्टराई अगाडि भन्छन्, 'आजभन्दा ४-५ वर्षअगाडिसम्म पनि टुँडालदेवीमा जात्राको बेलामा मन्दिर विशालमिलन केन्द्रसम्म दर्शनार्थीको लाइन देख्न सकिन्थ्यो।' यसपालिको जात्रामा भने त्यो मात्रा निकै कम देखिन्थ्यो। यद्यपि पहिलेको तुलनामा टुँडालदेवीको आवश्यक मर्मत तथा निर्माण कार्य हेर्दा भने सन्तोषलाग्दो भएको छ। यसको संरक्षणको कार्य वडाकार्यालय तथा टुँडालदेवी विकास समितिले गरेको छ।

टुँडालदेवी जात्राको बारेमा संस्कृतिविद् सत्यमोहन जोशीको भनाइमा टुँडालदेवीको स्थापना लिच्छवि राजाहरूले गर्न लगाएका हुन्। यसको स्थापना त्यति बेलाको राज्यको संरक्षितक देवीको रूपमा गरिएको हो।

■ मीना बोगटी/काठमाडौं







पुरस्कार ग्रहण गर्दै विजयी खेलाडी

# दीपकको ऐतिहासिक जित

**दीपक थापा मगरले** नेपाली गल्फ इतिहासलाई नै गौरवान्वित पारेका छन्। उनले नेपाली गल्फ इतिहासमा आफ्नो नाम सुनौलो अक्षरले लेख्ने क्रममा गत साता सर्वाधिक धनराशि पुरस्कार भएको सूर्य नेपाल मास्टर्स-२००७ को उपाधि जितेका छन्। प्रतियोगिता सञ्चालन भएको १३ वर्ष लामो अवधिमा दीपकले पहिलो नेपाली गल्फरको रूपमा व्यवसायिक गल्फ प्रतियोगिता जितेका हुन्।

'म अझै पनि विश्वस्त हुन सकिरहेको छुइनँ', आफ्नो प्रदर्शनबाट चकित ३९ वर्षीय गल्फरले चैत १७ गते गोकर्ण फरेस्ट गल्फ रिसोर्ट एन्ड स्पामा उपाधि जितेपछि प्रतिक्रिया दिए। उनले पहिलो भएबापत तीन लाख २४ हजार रुपैयाँको चेक ग्रहण गर्न एक ओभर ७३ को प्रदर्शनमा कुल आठ अन्डर २ सय ८० को कार्ड बनाए। 'सूर्य नेपाल मास्टर्स उपाधि जित्ने पहिलो नेपाली व्यवसायिक खेलाडी बन्न पाउँदा गर्व लागेको छ। आजको दिनलाई बिर्सन सक्दिनँ', चौथो चरणसम्म नौ स्ट्रोकको अग्रता लिएका दीपकले *समय*सँग भने। यसपालि तीन व्यवसायिक नेपाली गल्फर दीपक थापा मगर, सविन सापकोटा र दीपक आचार्यले स्मरणीय प्रदर्शन गरे। यी तीनै गल्फरले पहिलो, दोस्रो र तेस्रो स्थान जिते।

धरान गल्फ क्लबका २८ वर्षीय युवा गल्फर सविन सापकोटाले त उपाधि जितेका दीपकलाई राम्रो टक्कर दिएका थिए, अन्तिम दिनसम्म। निर्णायक दिन पाँच अन्डरको स्थितिमा रहेका सविन र दीपकबीच 'प्लेअफ'को अनुमान गरिए पनि अन्तिम दुई होलमा बर्डी गर्दै दीपकले विजय सुनिश्चित पारेका थिए। अन्तिम दिन दीपकले चार फुटे पट गुमाउँदै बोगीका साथ खेल प्रारम्भ गरेका थिए। तर, उनले लगत्तै अर्को होलमा बर्डी बनाएर स्थिति नियन्त्रणमा राखेका थिए। छैटौं होलमा अर्को बर्डी बनाए पनि त्यसपछिका दुई होलमा बोगी भएपछि उनी पुनः सुरुकै स्थितिमा फर्किए।

विश्राम लिँदा उनलाई पाँच स्ट्रोक पछि रहँदै अर्का गल्फर दीपक आचार्यले पछ्याइरहेका थिए। आरएनजिसीका व्यवसायिक खेलाडीले त्यसपछि १२ र १६ औं होलमा थप दुई सट गुमाए।

वास्तवमै अन्तिम दिनको स्टार खेलाडी सविन नै रहे। उनले ६ अन्डर ६६ को कार्ड बनाउँदै साताकै उत्कृष्ट प्रदर्शन गरे। यस प्रदर्शनले उनलाई पाँच अन्डर २ सय ८३ को स्कोर सहित दोस्रो स्थानमा उभ्याएको थियो। उनले दोस्रो भएबापत २ लाख २४ हजार रुपैयाँ नगद पुरस्कार जिते।

प्रतियोगितामा सहभागिता जनाइरहेका तीन मलेसियाली खेलाडीमध्ये शशिधरनले उत्कृष्ट प्रदर्शन गरे। उनले एक अन्डर २ सय ८७ को कार्ड बनाउँदै दीपक आचार्यसँगै तेस्रो स्थानमा चित्त बुझाए। दुवैले तेस्रो भएबापत पुरस्कार स्वरुप १ लाख १४ हजार रुपैयाँ जिते।

भारतका फिरोज अली एक ओभर २ सय ८९ सहित पाँचौं स्थानमा रहे। पहिलो दिन अग्रता लिएका सुलेमान अलीले २ सय ९५ स्कोर गरे पनि ११ औं स्थानमा चित्त बुझाए। फिरोजले ८२ हजार रुपैयाँ पाए भने सुलेमान ४२ हजार रुपैयाँको हकदार मात्र भए। दुई मलेसियाली खेलाडी पन्ध्रौं स्थानभित्र रहे। २ सय ९३ स्कोर गरेका फरिदिल अत्रास आठौं स्थानमा रहे भने लाम कोङ लुमले २ सय ९७ स्कोर गरेर बाह्रौं स्थान ओगटे।

प्रतियोगितामा सहभागी पहिलो महिला गल्फर पर्निता गेरेवालले ५५ औं स्थान ओगटिन्। युवा खेलाडी सुमन सापकोटा 'मोस्ट प्रोमिसिङ नेपाली गल्फर'बाट सम्मानित भए। उनले ९ हजार २ सय रुपैयाँ हात पारे।

### एमेच्योर उपाधि खड्कालाई

रवि खड्काले अन्तिम चरणमा ७५ को स्कोर गर्दै कुल ६ ओभर २ सय ९४ स्कोरका साथ एमेच्योर तर्फको उपाधि जिते। सूर्यप्रसाद शर्माले ३ सय ३ को कार्ड बनाउँदै दोस्रो स्थान हात पारे भने पहिलो दुई दिन अग्रता बनाएका टासी घले ३ सय ५ का साथ तेस्रो स्थानमा रहे।

■ नवीन अर्याल/काठमाडौं

'म अझै पनि विश्वस्त हुन सकिरहेको छुइनँ', आफ्नो प्रदर्शनबाट चकित ३९ वर्षीय गल्फर दीपक थापा मगरले चैत १७ गते गोकर्ण फरेस्ट गल्फ रिसोर्ट एन्ड स्पामा उपाधि जितेपछि प्रतिक्रिया दिए।



# थपियो हौसला


एलबी क्षेत्री

**तीन वर्षअघि** बाँकेमा महिला क्रिकेट प्रतियोगिता सुरु हुँदा धेरैलाई अचम्म मात्र लागेको थिएन, लैंगिक समानताको नारा घन्काउँदै महिलालाई क्रिकेट जस्तो अप्ठेरो खेलमा सम्मिलित गराउने नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य तथा नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान लेखबहादुर (एलबी) क्षेत्रीमाथि 'बढ्ता महत्त्वाकांक्षा' पालेको आरोप पनि लागेको थियो । महिलाहरूले पनि क्रिकेट खेल्न सक्छन् र ? त्यति बेला धेरैको प्रश्न थियो ।

तीन वर्षको अन्तरालमा क्षेत्रीमाथि उठेका शंका-उपशंका अहिले आएर समाप्त भएका छन् । यति बेला बाँकेमा हुने गरेको महिला क्रिकेट देशभित्र मात्र नभई, विदेशमा समेत बयान हुन थालेको छ । यतिमात्र होइन, प्रतियोगिता सुरु गर्न अग्रणी भूमिका खेलेका क्षेत्रीलाई चारैतिरबाट बधाईको सन्देश आउन थालेको छ ।

एसियाली क्रिकेट महासंघ (एसिसी)बाट पुरस्कृत भएको महिना दिन नबित्दै क्रिकेट खेलको शक्तिशाली निकाय अन्तर्राष्ट्रिय क्रिकेट महासंघ (आइसिसी)बाट पनि यहाँको महिला क्रिकेट सम्मानित भएको छ । महिला क्रिकेटको सुरुवात गर्ने क्रिकेट विकास समिति क्षेत्र नम्बर-५ लाई दुई साताअघि मात्र आइसिसीले 'ग्लोबल अवार्ड'बाट सम्मानित गरेको छ । 'महिलाहरूलाई पनि पुरुषसरह क्रिकेटमा मौका दिनु पर्ने मान्यता हामीले अघि सार्‍यौं । यो कामको प्रशंसा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट भएको छ । यसले हामीलाई ठूलो प्रेरणा दिएको छ', क्षेत्र नम्बर ५ का अध्यक्ष तथा क्रिकेट संघका केन्द्रीय सदस्य क्षेत्रीले *समय*लाई प्रतिक्रिया दिए ।

आइसिसीले महिला क्रिकेटको विकास एवं प्रवर्धनको लागि पुर्‍याएको योगदान स्वरुप क्षेत्रीय क्रिकेट विकास समिति क्षेत्र-५ लाई पुरस्कारस्वरूप २ हजार अमेरिकी डलर र क्रिकेटका सामान उपलब्ध गराएको छ । नेपाल क्रिकेट संघ (क्यान) र अन्य स्रोतबाट अर्थ संकलन हुन नसक्दा २०६१ सालमा प्लान नेपालको सहयोगमा बाँकेमा पहिलोपटक महिला क्रिकेट प्रतियोगिता सुरु भएको थियो । प्लान नेपालकै सहयोगमा क्षेत्रीय क्रिकेट विकास समितिले दुई वर्ष यो प्रतियोगितालाई निरन्तरता दिएको थियो । यो वर्ष तेस्रो महिला क्रिकेट प्रतियोगिता हुँदा भने आयोजक समितिले स्थानीय स्रोतबाटै रकम संकलन गरेको थियो । 'सुरुमा महिला क्रिकेट प्रतियोगिता आयोजना गर्न जमर्को कस्दा हामीलाई नपत्याएका व्यक्तिहरूले यसपालिको प्रतियोगितामा ठूलो सहयोग गरे', क्षेत्रीले बताए ।

पछिल्लो दुईवटा संस्करणमा टेनिस बल प्रयोग गरेर माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई प्रतियोगितामा समावेश गराइएको थियो । यो वर्ष भने उच्च माध्यमिक तहका छात्राहरूलाई पनि प्रतियोगितामा समावेश गराइयो । त्यसैगरी टेनिस बलको सट्टा पहिलोपल्ट लेदर बल प्रयोगमा ल्याइएको थियो । यति बेला यहाँका छात्राहरू राम्रो क्रिकेट खेल्न सक्ने भइसकेको बताउँदै क्षेत्री भन्छन्, 'ग्रामीण भेकमा विस्तारै महिला क्रिकेटबारे चासो बढिरहेको छ ।' नेपाल क्रिकेट संघले आगामी असारमा मलेसियामा आयोजना हुन लागेको आठ राष्ट्र सम्मिलित एसियन क्रिकेट प्रतियोगितामा नेपाली महिला टोलीले पनि भाग लिने बताइसकेको छ । 'पहिलोपल्ट विदेशमा खेल्न लागेको नेपाली महिला टोलीमा बाँकेका खेलाडी पनि सामेल हुनेछन्', उनले बताए ।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्विर पनि)





# अस्ट्रेलिया बलियो

**नवौं विश्वकप** क्रिकेटको 'सुपर-एट'को खेल सञ्चालन हुँदा फेरि पनि उपाधिको दाबेदार अस्ट्रेलिया देखिएको छ। अस्ट्रेलियाले समूह चरणको उत्कृष्ट गतिलाई 'सुपर-एट'मा पनि कायम राखेको छ। लगातार तेस्रोपल्ट विश्वकप जितेर ह्याट्रिक गर्ने अभियानमा रहेको कंगारु टोलीले 'सुपर-एट'को दुई खेलमा सानदार प्रदर्शन गरेको छ। यो टोलीले वेष्ट इन्डिजलाई पहिलो खेलमा एक सय तीन रनले हराइसकेको छ भने लिग चरणको खेलमा भारतलाई हराएर भाग्यले 'सुपर-एट'मा समावेश भएको बंगलादेशलाई १० विकेटले जितेको छ। यो विश्वकपमा अस्ट्रेलियाले विजयी रन पछ्याएको पहिलो हो। वर्षाले प्रभावित खेलमा बंगलादेशले २२ ओभरमा ६ विकेट गुमाएर एक सय चार रन बनाएको थियो। प्रत्युत्तरमा अस्ट्रेलियाले २२ ओभरको खेल सकिन ४९ बल बाँकी हुँदा विकेट नगुमाउँदै एक सय ६ रन बनायो।

'सुपर-एट'का सुरुका केही खेल सकिँदा अस्ट्रेलिया, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, श्रीलंका र इङ्ल्यान्डबाट छानिँदै चार देश सेमिफाइनलमा प्रवेश गर्ने सम्भावना बलियो बनेर गएको छ। आयोजक वेष्ट इन्डिज तीनवटा देश अस्ट्रेलिया, न्युजिल्यान्ड र श्रीलंकासँग 'सुपर-एट'को सुरुकै खेलमा नराम्ररी पराजित भएका कारण सेमिफाइनल पुग्ने सम्भावना न्यून बनेको छ। 'सुपर-एट'को पहिलो खेलमा अस्ट्रेलियासँग एक सय तीन रनले हारेको वेष्ट इन्डिज न्युजिल्यान्डसँग सात विकेट र श्रीलंकासंग १ सय १३ रनले पराजित भएको थियो।

यसपालि पनि 'सरप्राइज टोली'को रूपमा दोस्रो चरणमा समावेश भएका बंगलादेश र आयरल्यान्डको भने बाहिरिने सम्भावना बलियो बन्दै गइरहेको छ। यी दुवै टोलीले 'सुपर-एट'को सुरुको दुई खेल नै हारिसकेका छन्।

सेमिफाइनलमा समावेश हुने अर्को बलियो राष्ट्रको रूपमा रहेको न्युजिल्यान्डले बंगलादेशलाई नौ विकेटले हरायो। श्रीलंका 'सुपर-एट'को पहिलो खेलमा दक्षिण अफ्रिकाबाट एक विकेटले पराजित भए पनि उत्कृष्ट गतिमा देखिएको थियो। श्रीलंकाको प्रारम्भिक बलर मालिंगाले चार बलमा चार विकेट लिँदै विश्वकप क्रिकेटमा इतिहास रचे। अर्को खेलमा भने वेष्ट इन्डिजलाई हराएर श्रीलंकाले सेमिफाइनल पुग्ने सम्भावना यथावत् राखेको छ। श्रीलंकालाई हराइसकेको दक्षिण अफ्रिकाले वर्षाले प्रभावित खेलमा आयरल्यान्डलाई सात विकेटले हरायो। इङ्ल्यान्डले पनि पहिलो खेलमा आयरल्यान्डलाई ४८ रनले हराएको थियो।

श्रीलंकन बलर मालिंगा



पाकिस्तानी टोली

# पाकिस्तानको भविष्य

■ नवीन अर्याल/काठमाडौं

**सन् १९९६ को** विश्वकपअगाडि पाकिस्तानी वातावरण क्रिकेटमय बनाउने उद्देश्यले त्यहाँको सरकारी च्यानल पिटिभीले एउटा विशेष कार्यक्रम सञ्चालन गर्‍यो। त्यो कार्यक्रममा पहिलोदेखि पाँचौं विश्वकपसम्मको रोचक खेल र घटना समावेश गरियो। सन् १९९२ विश्वकप क्रिकेटको बारेमा जानकारी दिँदा पिटिभीले पाकिस्तानले त्यति बेला खेलेका सबै खेल प्रसारण गर्‍यो। पाकिस्तान सन् १९९२ विश्वकपको विजेता भएका कारण पनि आगामी विश्वकपमा दर्शकको समर्थन बटुल्न पिटिभीले विशेष कभरेज गरेको थियो। तर, भयो के भने १९९२ को विश्वकपमा पाकिस्तान विजयी भएको घटनालाई फूलबुट्टा भरेर कार्यक्रम प्रसारण गर्दा पिटिभीले बहुचर्चित कप्तान इमरान खानको नाम उच्चारण पनि गरेन। यतिमात्र कहाँ हो र, त्यति लामो कार्यक्रममा एकपल्ट पनि इमरानलाई टेलिभिजन स्क्रिनमा देखाइएन। यो घटनाबाट चकित इमरानले तत्कालै स्थानीय पत्रिकाहरूलाई एउटा रोचक प्रतिक्रिया दिए, 'के पाकिस्तानले सन् १९९२ को विश्वकप कप्तानविना नै जितेको हो ?'

उनको यो प्रश्न थियो, तत्कालीन प्रधानमन्त्री बेनजिर भुट्टोलाई। सन् १९९२ को विश्वकप पाकिस्तानलाई पहिलो र अन्तिमपल्ट (सन् २००७ सम्मका लागि) जिताएपछि इमरान राजनीतिमा होमिएका थिए। उनी विश्वकप जितेको चार वर्षको अन्तरालमा देशभित्र यति लोकप्रिय भएकी प्रधानमन्त्री भुट्टोले सबैभन्दा ठूलो राजनीतिक





इमरान खान

प्रतिद्वन्दीको रूपमा इमरानलाई लिइन् ।

वास्तवमै पाकिस्तानमा क्रिकेटलाई राजनीतिको पर्याय मानिन्छ । सम्भवतः सन् १९८७ को जिया उल हकको 'क्रिकेट डिप्लोमेसी' यसैको उदाहरण थियो । पाकिस्तानीहरूका लागि क्रिकेट एउटा जेहाद (धर्मयुद्ध) पनि हो । घात, प्रतिघात र मिलेमतो पाकिस्तानी क्रिकेटको अर्को रूप हो । यसमा पनि भर्खरै विश्वकपमा पाकिस्तानको नमिठो पराजय र विश्वचर्चित प्रशिक्षक बब उल्मरको हत्यापछि अहिले पाकिस्तानी क्रिकेट क्षतविक्षत भएको छ । सन् १९४७ मा भारतबाट छुट्टिएपछि अन्तर्राष्ट्रिय क्रिकेटमा बेग्लै अस्तित्व बनाएको पाकिस्तान ५५ वर्ष लामो क्रिकेट इतिहासमा यति ठूलो संकटमा पहिलोपल्ट देखिएको छ ।

विगतमा कप्तानको प्रभावशाली पदका लागि टोलीभित्र बन्ने गुट, उपगुटका कारण पाकिस्तानी क्रिकेट जहिले पनि बदनाम छ । पाकिस्तानी टेस्ट क्रिकेटका दोस्रा कप्तान फजल महमुद हुन् वा अहिलेसम्मका सबैभन्दा प्रभावशाली कप्तान इमरान खान, यी सबैले आफ्नो समयमा टोलीमा व्याप्त गुटबन्दीको सामना गर्नु पर्‍यो । इमरानको छायाँमा परेका आसिफ इक्वाल गुटबन्दीकै कारण १९८० मा १६ वर्ष लामो क्रिकेट जीवनलाई बिदा पनि भन्न नपाउँदै पाकिस्तान छोडेर संयुक्त अरब इमिरेट्स (युएई) लाग्नु पर्‍यो । पछि उनले शेख बुखातिरको सहयोगीको रूपमा सरजहामा अन्तर्राष्ट्रिय क्रिकेट मैदान बनाउन योगदान गरे ।

सन् २००० मा जस्टिस कैयुमको रिपोर्टमा पाकिस्तानका सात स्टार खेलाडी एकैपल्ट खेल मिलेमतोको आरोपमा मुछिएपछि सहिद अफ्रिदीको चर्चित यौनकाण्डभन्दा पनि यो काण्डले देश हल्लायो । सन् १९९७ मा सिंगापुरमा भएको त्रिकोणात्मक एकदिवसीय प्रतियोगिता खेल्न जाने क्रममा लाहोरको एउटा होटलमा खराब महिलाहरूसँग अनैतिक सम्बन्ध गाँसेको आरोपमा त्यति बेला सहिद अफ्रिदी, हसन रजा र विकेटकिपर अतिक उज जमान फसेका थिए । जमान यसअघि वेष्ट इन्डिजमा २ बच्चाकी आमालाई बलात्कार गरेको आरोपमा फसेका थिए ।

खेल मिलेमतो काण्डका कारण पूर्व कप्तान सलिम मलिक र अता उर रहमानको खेलजीवन नै समाप्त भयो । बाँकी पाँच खेलाडी वासिम अक्रम, वकार युनिस, मुस्ताक अहमद, सइद अनवर, इन्जमाम उल हक र अकरम रजा जरिवानामा छुटे । पाकिस्तानका पूर्व कप्तान एवं विकेटकिपर रसिद लतिफ खेल मिलेमतोमा संलग्न पाकिस्तानी खेलाडीहरूको पोल खोलेका कारण सन् २००३ देखि टोलीमा अटाउन सकेनन् ।

सइद अनवर र इन्जमामले आफ्नो इमेज सुधार्न पछि इस्लाम धर्मको सहारा लिए । अनवरले सन् २००३ को विश्वकपपछि संन्यास लिइसकेका छन् । धर्मको नाममा लामो समय पाकिस्तानी टोलीलाई एकजुट गर्दै आइरहेका अनुभवी ब्याट्सम्यान इन्जमाम उल हकले पनि यो विश्वकपमा असफलताका कारण १५ वर्ष लामो एकदिवसीय क्रिकेट समाप्त गरेको घोषणा गरेका छन् । तर, उनी बब उल्मरको हत्याको आरोपीको रूपमा जमैका पुलिसको निगरानीमा छन् । यसैगरी अब्दुल कादिरपछि पाकिस्तानी क्रिकेटमा कहलिएका लेग स्पिनर मुस्ताक अहमद र टोली व्यवस्थापक तारत अली पनि शंकाको घेरामा छन् । विश्वकपको खराब प्रदर्शन र उल्मरको हत्याका कारण पिसिबीका डाइरेक्टर सलिम अल्ताफले पद गुमाएका छन् भने उनको स्थानमा पाकिस्तानका पूर्व तीव्र बलर जाकिर खानलाई पदस्थापन गरिएको छ ।

सन् १९९७ मा टोरन्टोमा दर्शकमाथि इन्जमाम जाइलागेको मुद्दा होस् वा खेल-मिलेमतो काण्ड, विगतमा यौनकाण्डमा फसेका पाकिस्तानी खेलाडीहरू आफ्नो विश्वव्यापी प्रसिद्धिका कारण प्रतिकूल स्थितिमा पनि जोगिँदै आइरहेका थिए । उल्मरको हत्याले अहिले सारा पाकिस्तान स्तब्ध छ । यदि यो घटनामा शंका गरिएका पाकिस्तानी खेलाडीहरूको संलग्नता पुष्टि भएको खण्डमा पाकिस्तानी क्रिकेटका लागि योभन्दा ठूलो दुर्भाग्य अरू कुनै हुनेछैन । 'भगवान्ले बचाऊन् पाकिस्तानी क्रिकेटलाई ।' ■

## सम्भावना ओलम्पिकको

**बाहौं फिना** विश्व पौडी प्रतियोगितामा नेपालको प्रदर्शन त्यति सुखद हुन सकेन । गत साता अस्ट्रेलियाको मेलबर्न सहरमा सम्पन्न यो प्रतियोगितामा भाग लिन नेपालबाट चार खेलाडी, एक प्रशिक्षक र टोली व्यवस्थापक गरेर ६ जना त्यसतर्फ गएका थिए । महिलातर्फ ५० मिटर फ्रिस्टाइलमा करिश्मा कार्की र ५० मिटर ब्रेस्ट स्ट्रोकमा विभिता रिमालले भाग लिएकी थिइन् । पुरुषतर्फ ५० मिटर फ्रिस्टाइलमा दुई पौडीबाज राजीव चित्रकार र प्रसिद्धजंग राणाले भाग लिएका थिए ।

१ सय ९१ पौडीबाजहरूले भाग लिएको पुरुष ५० मिटरतर्फको प्रतिस्पर्धामा प्रसिद्धजंग १ सय ४१ औं स्थानमा र राजीव १ सय ५९ औं स्थानमा रहन सफल भए । प्रसिद्धले निर्धारित दूरी २७ दशमलव ९४ सेकेन्डमा पूरा गरेका थिए । राजीवले भने २९ दशमलव ६८ सेकेन्डमा दूरी पूरा गरे । यो प्रतिस्पर्धामा भाग लिएकामध्ये १ सय ७५ पौडीबाजले मात्र दूरी पूरा गरेका थिए । बाँकी १६ जनाले बीचैमा खेल परित्याग गरेका थिए ।

करिश्माले ५० मिटर फ्रिस्टाइल दूरी ३४ दशमलव ९७ सेकेन्डमा पूरा गर्दै १ सय २९ औं स्थानमा चित्त बुझाइन् । उनले भाग लिएको प्रतिस्पर्धामा १ सय ४३ महिला पौडीबाजले भाग लिएका थिए, जसमा १ सय ३६ ले मात्र दूरी पूरा गरे । ८२ महिला पौडीबाजले भाग लिएको ब्रेस्ट स्ट्रोकमा विभिता ६७ औं स्थान ओगट्न सफल भइन् । उनले निर्धारित दूरी ४१ दशमलव २३ सेकेन्डमा पूरा गरिन् । यो प्रतिस्पर्धामा ७४ पौडीबाजले दूरी पूरा गरेका थिए भने आठ पौडीबाजले बीचैमा छोडे ।

'खेलाडीहरूको प्रदर्शनप्रति सन्तोष हुने ठाउँ छैन । तर, विश्व च्याम्पियनसिप जस्तो यत्रो ठूलो प्रतियोगितामा नेपालको तयारी र त्यसबाट आएको नतिजाबाट भने सन्तोष नै मान्नु पर्छ', नेपाली टोलीका प्रबन्धक रहेका नेपाल पौडी संघका महासचिव अशोक बज्राचार्यले *समय*लाई प्रतिक्रिया दिए । आगामी वर्ष चीनको बेइजिङमा आयोजना हुने ओलम्पिक गेमका लागि छनोटको मापदण्ड पनि मानिएको विश्व पौडी च्याम्पियनसिपमा नेपालको प्रदर्शन उपलब्धिपूर्ण नभए पनि ओलम्पिकका लागि दुई नेपाली खेलाडी छनोट हुन सक्ने सम्भावना रहेको प्रशिक्षक ईश्वर कार्की बताउँछन् । 'ओलम्पिकमा छनोट भएको खेलाडीहरूको नाम अहिले सार्वजनिक भएको छैन । तर, दुई नेपाली खेलाडी छनोट हुने सम्भावना छ', उनले *समय*सग भने । ■




बन्दी छँदा सयौँपल्ट मारिने धम्की पाएका, सम्भावित मृत्युको भयानक डरबीच बाँचेका र प्रत्येक दिनजसो चरम यातनाको सिकार भएका जितमान बस्नेत आशा, साहस र दृढताका जिउँदा चित्र हुन् ।

| | | |
|---|---|---|
| किताब | : | अँध्यारा २५८ दिनहरू |
| लेखक | : | जितमान बस्नेत |
| पृष्ठ | : | ९९७ |
| मूल्य | : | १००/– |
| प्रकाशक | : | एड्भोकेसी फोरम/एसियन ह्युमनराइट्स कमिसन |

# आँधी चलेको मन

**एउटा सामान्य** युवक बिहान डेरा नजिकको रेस्टुराँमा चिया पिइरहेको छ । अचानक सादा पोसाकमा आएका सैनिहले उसलाई नियन्त्रणमा लिन्छन् र आँखामा बाँधेर अज्ञात स्थलतर्फ लैजान्छन् ।


शाही सत्तामा मानवअधिकार, मौलिक हक र न्याय राजदरबारमा कैद भएका बेला यसरी समातिएको युवकको मनमा कस्तो आँधी चल्ला ? दर्जनौं निर्दोष नागरिकहरू शाही सत्ताका सेनाले बेपत्ता पारेका र मारेका घटनाहरू एकपछि अर्को सार्वजनिक भइरहेका बेला पिइरहेको चिया आधा नहुँदै हठात् बाजभन्दा आततायी शाही सैनिकको कब्जामा परेको युवकको चेतना कसरी विलुप्त होला ?

माओवादी, आतंककारी र राजद्रोहीको आरोपमा निर्दोष नागरिकहरू समातेर यातनाका सबै रूपहरू परीक्षण गर्ने शाही सत्ताका सेनाको हातमा एकचोटि पर्नु परेको मृत्युको मुखबाट गुज्रिनु थियो । राजनीतिक आस्थाका आधारमा समातिएका केही र अधिकांश निर्दोष बन्दीहरूलाई गोली हानेर, विद्युतीय झट्का दिएर र कुन्देकुन्दाले हिर्काएर मार्नेमात्र होइन, सामूहिक नरसंहारसम्म गर्न पछि नपर्ने शाही सत्ताका सेनाले कसैलाई समात्नु भनेको नरभक्षी बाघको पञ्जामा पर्नुजस्तै थियो ।

त्यस्तै हाल भयो, वकालतसँगै पत्रकार पेसामा आफूलाई क्रियाशील राख्दै आएका युवक जितमान बस्नेतको । राजाको शासनकालमा यातनागृहका रूपमा परिचय बनेको भैरवनाथ गणमा महिनौं बन्दी हुँदा एउटा सुकोमल युवकले आममानिसले कल्पना गर्न नसक्ने यातना व्यहोरेको हुन्छ । बन्दीहरूको पीडा, चित्कार र रोदनका कथाहरू थाहा पाउन कि बन्दी नै हुनुपर्छ, कि सुन्नुपर्छ चियापसलमा समातिएका तिनै युवकका दारुण अनुभव ।

जितमानले बन्दी जीवन बिताउँदा पाएका सास्ती, यातना र दुःखका कथाहरू प्रकाशित गरेका छन्, 'अँध्यारा २५८ दिनहरू' शीर्षक पुस्तकका रूपमा । यातनागृहमा उनले बटुलेको व्यक्तिगत अनुभव यो किताबमा पढ्ने हो भने जस्तै कठोर हृदयको मानिस पनि आँग जिरिंग पार्छ । कुनै दोषविना तत्कालीन शाही सरकारले कसरी उनलाई समातेर भैरवनाथ गण पुऱ्यायो र झन्डै नौ महिनासम्म शारीरिक र मानसिक यातना दिइरह्यो भन्ने उनकै शब्दमा पढ्दा शाही सुरक्षाकर्मीका राक्षसी व्यवहार र निर्ममताको पराकाष्ठाको नमूनामात्र मिल्दैन, उनीहरूका विकृत दिमागको झलक पनि थाहा लाग्छ ।

जितमानको सानो आकारको पुस्तकले स्वतन्त्रता, मानवअधिकार र मौलिक हक खोसिएको नेपालमा नागरिकहरू कस्तो जीवन बाँच्न बाध्य थिए भन्नेबारे अभिलेखीकरण गरेको छ । उनले लेखेका छन्, विकृत मन भएका सुरक्षाकर्मीका व्यवहारहरूबारे, शाही सत्तामा बन्दीको कारुणिक अवस्थाबारे, नेपाली सेनाको संसारमै 'उत्कृष्ट' शारीरिक र मानसिक यातना पद्धतिबारे । शाही सत्ताकालको नेपाली



सेनाको चरित्र र बाघको खोरमा थुनिएको बाख्राजस्तो भएर बाँचिरहेका नागरिकहरूको अवस्थाबारे बुझ्न जितमानको पुस्तक सान्दर्भिक बनेको छ ।

भैरवनाथ गणका ९७ औं बन्दीका आवाजहरू त्यसबेला सैनिकहरूले बारिएको पर्खालभन्दा कहिल्यै बाहिर निस्कन सकेन । तर, यातनागृहबाट बाहिरिएपछि त्यसबेला सुन्न नसकिएका उनका स्वर ध्वनित भएका छन् । यातनागृहबाट बाहिर निस्केपछि आफूमा देखिएको मानसिक विक्षिप्तता, चोट र त्रस्त मनस्थितिबारे पनि उनले पुस्तकमा लेखेका छन् । बन्दी छँदा सयौँपल्ट मारिने धम्की पाएका, सम्भावित मृत्युको भयानक डरबीच बाँचेका र प्रत्येक दिनजसो चरम यातनाको सिकार भएका जितमान मानिसमा हुने आशा, साहस र दृढताका जिउँदा चित्र पनि हुन् ।

पुस्तकमा उतारिएका घटनाहरूका साक्षी जितमान आफैं भएकाले यो बढी विश्वसनीय र तथ्यपूर्ण छ । भैरवनाथ गणभित्रका ज्यादतीबारे यथार्थ कुरा आउन नसकिरहेका बेला यो सानो पुस्तकले त्यहाँका अमानवीय करतुत सार्वजनिक गरेको छ । अधिकांश समय आँखामा पट्टी बाँधेरै झन्डै नौ महिना यातनागृहमा बिताएको युवकको संवेदनशील मन र वरिपरिका घटना आँखा छोपिएरै महसुस गर्नसक्ने क्षमता जितमानले देखाएका छन् ।

भाषा राम्रो र मन छुने छ, सटिक र प्रभावकारी । तैपनि, कतिपय स्थानमा भाषागत कमजोरी र सम्पादन अभाव खट्किन्छ । अर्को संस्करणमा यसमा सुधार गर्नैपर्छ । अहिले नेपाली भाषामा लेखिएको यो किताब अंग्रेजी र हिन्दीसहित थप पाँच भाषामा अनुवाद हुने क्रममा छ । यसले नेपाली भाषामा पहुँच नभएका विदेशी र नागरिक अधिकारका शोधार्थीहरूलाई युद्धकालीन नेपालको पाषाणयुगीन यातनाप्रणालीबारे बुझ्न मद्दत पुग्छ । आखिर एक्काइसौं शताब्दीका नेपाली राजा र उनका क्रूर सुरक्षाकर्मीका विकृत र दानवी मनस्थितिबारे जान्ने हक सारा संसारसँग छैन र ?

■ **मनोज दाहाल**

# समयको क्यानभासमा

शर्मिला खड्का (दाहाल)

**'जोगबनी, जोगबनी' चर्को स्वरले एउटा ठिटो चिच्यायो । मेरो प्रिय कथाकार छेवैमा थियो । उ पनि आफ्नै धुनमा थियो**



**कथाकार दिवाकर** नेपालीज्यू- त्यो अभागी महिला म नै थिएँ, जसले कृतज्ञताका स्वरोच्चारित शब्दहरूले अभिषेचित हुन नपाई बिछोडिनुपरेको थियो । सायद तपाईंले भुलिसक्नुभयो होला - त्यो समय र त्यो दिन, तर म कसरी भुल्न सक्छु र त्यो समय र त्यो दिन ! सम्भव भए त्यो समय सूर्यको किरण भइदेओस्, जसलाई म प्रत्येक बिहान ग्रहण गर्न सकूँ ! त्यो समय एउटा न्यानो सिरक भइदिओस्, जुन प्रत्येक चिसा दिनहरूमा म ओढ्न सकूँ । त्यो समय एउटा शीतल वासना बनिदेओस्, जुन प्रत्येक गर्मीमा म श्वास लिन सकूँ ! सम्भव भए त्यो समय एउटा क्यानभास भइदेओस्, जसमा हाम्रो कथा कोरिएको होस्, तर त्यो सम्भव छैन ।

विराटनगरबाट जोगबनी जाने बस - सदाझैं त्यो दिन पनि म जोगबनी जाँदै थिएँ । म बीच बाटाबाट चढेको हुनाले सिट पाउने सम्भावना नै थिएन । बरु चाउचाउ खाँदा कतै उपहार परिहाल्छ भन्ने सम्भावना होला तर जोगबनीको बसमा बीचबाटोमा चढेर सिट पाउनु करौडौं रुपैयाँको चिठ्ठा पर्नुबराबर हुन्छ । त्यसैसमय म झुन्डिएको छेउको सिटको मानिस अकस्मात् उठेर झरिदियो । मलाई साँच्चिकै चिठ्ठा पर्‍यो । त्यहाँ अर्को एकजना पनि मानिस थियो । उसलाई मैले त्यति ख्याल गरेकी थिइनँ । फ्रेन्च स्टाइलको टोपी लगाएको ऊ करिब पचास-पचपन्न वर्षको थियो । म बस्न के खोज्दै थिएँ, उसले 'यहाँ बस्नोस् न' भन्यो । उसको बोलीमा मैले आफ्नोपन भेट्टाएँ । त्यसपछि उसलाई मैले नियालेर हेरें । मैले उसलाई कतै देखेको हुनुपर्छ, सुनेको हुनुपर्छ अथवा पढेको हुनुपर्छ ।

'तपाईं कहाँ जाँदै हुनुहुन्छ ?'

म उसलाई विश्लेषण गर्दै जवाफ दिन्छु ।

-'जोगबनी ।'

-'ए ! म पनि जोगबनी हिँडेको, काठमाडौंबाट आएको, बाटो राम्रो थाहा छैन । तपाईंले सहयोग गरिदिनुभए राम्रो हुने थियो ।'

यो चिनेकोनजानेको मान्छे सहयोग माग्दै छ । म के भनूँ अहिलेको समय, कस्तो मानिस हो । म सोच्दासोच्दै 'हवस्' भन्न पुग्दछु ।

- 'तपाईं यहाँ कहाँ बस्नुहुन्छ ?'

'तीनटोलिया'- काठमाडौंको मान्छे, तीनटोलिया भनेको के थाहा होला ।

- 'कहाँ काम गर्नुहुन्छ ?'

- 'एउटा क्याम्पसमा लाइब्रेरियन छु ।'

- 'म दिवाकर नेपाली हुँ ! काठमाडौंबाट आएको, केही सामान किन्नु छ । बहिनीले सहयोग गरिदिनुहुन्थ्यो कि ?'

दिवाकर नेपाली भन्ने शब्द सुन्नेबित्तिकै म रोमाञ्चित हुन्छु । अहो ! मलाई मन पर्ने कथाकारसँग म यति नजिकबाट बोलिरहेछु । मैले आफ्नो जिन्दगीमा कहिल्यै कल्पनासम्म गरेकी थिइनँ । बिहानको समय, बाहिर सूर्यको किरण छरिन हुस्सुका कणसँग संघर्ष गरिरहेको थियो । गाडी ठाउँ-बेठाउँ रोक्दै अगाडि बढिरहेको थियो । मेरो मन भने थामिनसक्नुको खुसीको पंखा लगाएर उडिरहेको थियो । मलाई मन पर्ने कथाकारको बोली आज म सुन्न पाइरहेको छु । मेरो ढुकढुकी बढ्छ । म असंयमित र विचलित हुन पुग्दछु । म ईश्वरको सम्झना गर्न पुग्दछु । यस्तो अवस्थामा म प्रायः ईश्वरलाई सम्झने गर्छु । म आफूलाई केही असजिलोपन महसुस गर्दछु । सायद उसले ममा केही हडबडाहट भएको महसुस गर्‍यो होला ।

- 'तपाईंलाई अप्ठ्यारो पर्छ भने भइगो । म आफैं किनेर फर्कुंला । '

म आत्तिँदै भन्न पुग्छु, 'हैन.. हैन.. म सहयोग गरिहाल्छु नि । काठमाडौंबाट आउनुभएको मान्छे, यहाँ नयाँ मान्छे देख्नेबित्तिकै ठग्छन् ।' वास्तविक कुरा म उसलाई भन्न सक्दिनँ, म उससँग धेरैभन्दा धेरै समय बिताउन चाहन्थेँ । ऊ मेरो प्रिय कथाकार हो भनेर भन्न सकिरहेकी थिइनँ । यसो भनेमा उसले मलाई सामान्य व्यवहार नगर्न सक्थ्यो । म उसको सामान्य व्यवहार हेर्न चाहन्थेँ । म उसलाई खोलेर पढ्न चाहन्थेँ । उसलाई शब्दशब्दमा छरिएको हेर्न चाहन्थेँ । उसको असामान्य व्यवहारको प्रतिविम्ब त म उसको प्रत्येक कथामा पढिरहेको नै थिएँ नि । तर अहिले म उसलाई भौतिक रूपमा पढ्न खोजिरहेकी थिएँ । त्यसैले मैले उसलाई अपरिचितताको परिचय दिइरहेको थिएँ ।

म अन्तरिम योजना बनाउन थाल्छु । जोगबनीमा किनमेल सकिएपछि म उसलाई रिक्सामा लिएर आउनेछु । बाटामा झन्डै आधा घन्टा ऊ मसँगै हुनेछ । त्यस समय म उसलाई आफ्ना विषयमा सबै भन्नेछु अनि उसको मोबाइल नम्बर र ठेगाना पनि लिनेछु ।

मेरो साहित्यमा कसरी रुचि बढ्यो - त्यसको आफ्नै कथा छ । मेरो घरछेउमा हिन्दी पत्रपत्रिका बेच्ने थोक बिक्रेताको डेरा थियो । बिहे हुनुअघि मसँग प्रशस्त समय हुन्थ्यो । त्यस समयमा म गृहशोभा, मनोरमा, कादम्बिनी, सरिता आदि खुब पढ्थेँ । त्यस समयमा नेपाली पत्रपत्रिका उतिसाह्रो निस्कँदैनथे । ती पत्रपत्रिकामा भएका कथाले मलाई कथाप्रति निकै रुचि जगाउन थाल्यो । म हिन्दी कथाकार प्रेमचन्द, रवीन्द्रनाथ टैगोर, सत्यजीत रे आदिका कथाहरू खुब पढ्थेँ । उक्त थोक बिक्रेता पनि मलाई चाहेजति किताब पढ्न दिन्थ्यो । मेरो विवाह विराटनगरमै भयो । बिहेपछि एउटा क्याम्पसमा लाइब्रेरियनको काम पाएँ । लाइब्रेरीमा धेरैजसो फुर्सद हुने र किताबसम्बन्धी चर्चा-परिचर्चा हुने हुनाले मेरो आख्यानसाहित्यमा चासो बढ्दै गर्‍यो । विभिन्न नेपाली तथा विदेशी आख्यानकार र कथाकारका किताबहरू पढ्न थालें । पढ्ने क्रममा नेपाली कथाकार दिवाकरको कथाले मलाई अत्यन्त आकर्षित गर्‍यो । त्यसपछि उसका प्रत्येक कथाहरू पढ्न थालें । उसका कथामा नारी-पुरुषबीचको सम्बन्धलाई कसरी विश्लेषण गरेको हुन्छ भने प्रत्येक पाठकले आफू नारी हुँ कि पुरुष हुँ भन्ने कुरा नै भुल्थ्यो । उसको कथाशिल्पमा पाठक वर्तमानमा छु कि विगतमा छु वा भविष्यमा छु भन्ने कुरा नै भुल्थ्यो । उसको कथाका यिनै विशेषताले म उसको कथाप्रति मोहित भएकी थिएँ । उसका नयाँनयाँ कथाहरू प्राय वेभसाइटमा आउने गर्थे । त्यो म हेर्ने गर्थें । त्यसपछि पत्रिकामा छापिन्थ्यो । पत्रिकामा छापिएको मलाई बासी लाग्दथ्यो ।

उसका कथाको विषयमा लाइब्रेरीमा पनि चर्चा हुने गर्दथ्यो । लाइब्रेरीमा प्रायः पुस्तकसम्बन्धी चर्चा नै हुने गर्थ्यो । पुस्तकसम्बन्धी चर्चा हुँदा आफू केही नजानेको जस्तो हुनुभन्दा केही पढेर दुई-चारजना नेपाली तथा विदेशी लेखकको नाम भन्न सके आफैंलाई गौरव पनि लाग्थ्यो । अझ भनौं अंग्रेजीको कति नै धेरै ज्ञाताझैं विदेशी लेखकहरू मोपासाँ, काफ्का, लियो तल्सतोइ, नट ह्यामसुन, अर्नेस्ट हेमिङवे, नसलिमा तसरिन, समरसेट मम आदि लेखकका नाम भन्नसक्दा आफैं गमक्क परेको हुन्थेँ । त्यसैले धेरैजसो महिला सिरियल हेरेर बिताउँदा म भने पुस्तक पढेर समय बिताउँथेँ । कहिलेकाहीं आफैंलाई कथा लेखूँलेखूँ नलागेको कहाँ हो र ? एकपल्ट कथा लेख्ने भनेर लहड चलेको थियो । धेरै दिनदेखि एउटा कथावस्तुलाई जन्म दिएको पनि थिएँ । छुट्टीको समय थियो- म कथा लेख्न बसेँ । कथा लेख्न मात्र के बसेकी थिएँ छोरी 'भोक लाग्यो'

भन्दै आई । छोरीलाई दूध तताएर खुवाउनुपऱ्यो भनेर दूध बसाएकी मात्र थिएँ, छोरो 'चुङ्गी ( रबरको खेलौना) किन्न पैसा दिनोस्' भन्दै आयो । ब्यागमा खुद्रा पैसा थिएन । एक सयको नोट दिएर पठाए- 'फिर्ता ल्याऊ' भन्दै छोरी, छोरोसँगै 'म पनि जाने' भनेर गई दुवैजनाले सय रुपैयाँको टन्न सामान किनेर ल्याए । म सामान हेर्दै गाली गर्न थालेँ । दूध उम्लेर चौपट्ट । केही समयपछि दुवैजनालाई थामथुम पारेर कथा लेख्न बसेँ, छिमेकी दिदी आइन्, सिमेन्ट माग्न, छैन कसरी भन्नु, भएको कुरा । उनलाई पाँच किलोमात्र चाहिएको रे, खुला सिमेन्ट कतै पाइएन रे । म फेरि तानिएँ पसलतिर सिमेन्ट जोख्न । बल्ल फुर्सद मिलाएर कथा लेख्न बसेँ, फेरि साथीको फोन आयो । 'तपाईँसँग डिजिटल क्यामेरा छ, दिनोस् न आजलाई । मैले 'नाइँ' भन्न सकिनँ । चार्जर भए चार्ज पनि गरिदिनोस् है - ओहो ! कसरी माग्न अनि काम लगाउन सकेको होला सजिलै, यसलाई पनि कला नै मान्नुपर्छ । म डिजिटल क्यामेरा खोजेर ठिक्क पारिदिन्छु अनि ब्याट्री पनि चार्ज गरिदिन्छु । मुस्किलले छोराछोरी हेर्दै कथा लेखिसक्छु । त्यो कथा क्याम्पसको स्मारिकामा छापियो । कसैले त राम्रो भनिदेला भनेर म स्वयं कथाको चर्चा गर्न थालेँ तर कसैले राम्रो भनिदिएनन् । त्यसपछि मेरो कथा लेख्ने जाँगर त्यसै मरेर गएको थियो । तर कथाकार दिवाकर कसरी प्रत्येक पाठकको मन छुने कथा लेख्न सक्छन् । उसको कथामा लाग्छ सिंगो समाजको चित्र प्रतिविम्बित गरिएको छ । उसका कथा देशप्रेम र म हुनुको पीडाले निथ्रुक्क भिजेको हुन्छ । नारीका यौनसम्बन्धी पीडालाई कसरी नंग्याइदिएको हुन्छ भने त्यहाँ सम्पूर्ण समाज चित्रित भएझैँ लाग्छ । नारीका यौनसम्बन्धी पीडा जुन पीडालाई समाजले अहिलेसम्म बेवास्ता गरिरहेको छ, अझ भनौँ बेवास्ता मात्र हैन आरोप र लाञ्छनाका नुनचुक छरिरहेको छ घाउमाथि- त्यस्तो पीडा बुझेर पनि समाज बेखबर भएको नाटक गरिरहेको छ तर उसले डाक्टरझैँ चिरफार गरेर देखाइदिएको छ ।

-'जोगबनी, जोगबनी' चर्को स्वरले एउटा ठिटो चिच्यायो । मेरो प्रिय कथाकार छेवैमा थियो । उ पनि आफ्नै धुनमा थियो । यतिन्जेल हामीबीच कुनै संवाद भएको थिएन ।

-'दाइ... रिक्सामा चढौँ, अलिक चाँडो पुगिन्छ ।'

-'हुन्छ' उसले स्वीकृति जनायो ।

हामी एउटै रिक्सामा चढ्यौँ । ओहो ! मेरो प्रिय कथाकार मसँग टाँस्सिएर बसेको छ । ऊ कति महान् छ उसले आफ्नो थर नेपाली राखेको रे, नत्र उसको थर उपाध्याय थियो रे । मैले उसको अन्तर्वार्ता पढेकी थिएँ । हामी सबै नेपाली हौँ । नेपालीको जात एउटै नेपाली हो । हुन पनि हो अहिलेको समाज साम्प्रदायिकताको हुस्सुले ढाकेको समयमा यस्तो भावनाले उज्यालो किरण छर्न सक्थ्यो । अझ उसले बिजात केटी बिहे गरेर समाजमा थप उदारणीय काम पनि गरेको थियो । उसले सोचेको नै छैन होला म उसलाई कति नजिकबाट चिन्छु भनेर । ऊ र मेरा बीच कुनै दूरी थिएन । हावाको सानो झोका पनि पास नहुने गरी हामी बसेका थियौँ । सूर्यको किरणले हुस्सुमाथि आंशिक रूपमा विजय पाइसकेको थियो । यो समय रोकिए हुन्थ्यो भन्ने म चाहन्थेँ किनभने केही समयपछि हामीबीच कुनै अनभिज्ञता रहनेछैन । चाँडै नै म उसको कथाको कतिको प्रशंसक हुँ भन्न हतारिइरहेकी थिएँ । ऊ पनि सायद खुसी नै हुनेछ होला यति टाढा आफूलाई यति मन पराउने प्रशंसक रहेछ भनेर म उसको त्यो बेलाको मुखाकृति कस्तो हुन्छ होला भनेर हेर्न उत्सुक थिएँ ।

-'यहाँ पनि निकै जाडो हुँदो रहेछ हैन बहिनी... ! ' उसको बोलीमा कति आत्मीयता र मिठास छ ।

- 'हो दाइ... शीतलहर चलेको बेला यस्तै हुन्छ ।'

मलाई उसको हात चुमूँचुमूँझैँ लाग्छ । ती कथामा पोखिएका शब्दहरू कति मीठा थिए: रसबरीभन्दा मीठा ती संवाद कति रोमान्टिक थिए, पढ्दा आफैँलाई लाज लागेर आउने । भावहरू कति रसिला थिए यौनतुष्टिभन्दा कता हो कता माथि ।

मेरो कपालका रेसाहरूले उसको गाला छुन पुग्थे । सायद म कपाल भइदिएको भए । उसले मेरो मनोदशा पढ्न चाहेको थिएन क्यारे । नत्रभने मजस्तो साधारण महिलाको मनोदशा उसले बुझिसक्नुपर्ने हो । लाखौँ पाठकलाई आफ्नो कलमले नचाउने मान्छेलाई यो सामान्य कुरो थियो । उसले पनि आफूलाई सामान्य राख्न चाहिराखेको थियो क्यारे, नत्र ऊ मलाई छोडाउन सक्थ्यो, केलाउन सक्थ्यो र उघारेर हेर्न सक्थ्यो । तर उसले यो चाहेको थिएन । त्यसको कारण यो नयाँ परिवेश हुन सक्थ्यो अर्को कुरा लेखकहरू मुडी पनि हुन्छन् रे ।

मैले रिक्सालाई निकै तल रोक्न लगाएँ किनभने मैले चिनेको कुर्तासुरुवालको होलसेल पसल निकै तल थियो । ऊ आफ्नी पत्नीलाई निकै माया गर्छ क्यारे तर पत्नीले उसलाई माया नगरेकी हुन सक्छे किनभने साहित्यकारका आ-आफ्ना पति वा पत्नीलाई सन्तुष्टि दिन सक्दैनन् भन्ने कुरा मैले पढेकी छु । त्यसैले ऊ पत्नीको लागि कुर्तासुरुवाल किन्दै छ ।

'भाउजूलाई कस्तो रङ मन पर्छ दाइ'

'उसलाई गुलाबी मन पर्छ तर मलाई नीलो रङ मन पर्छ बहिनी, हेर्नोस न्... सबै गहिरा चीज कति नीला हुन्छन् । आकाशको रङ हेर्नोस् कति नीलो छ सागरको रङ हेर्नोस् कति नीलो छ ।' ऊ अलिकति पोखियो र मैले अञ्जुलीले उघाएर पिइदिएँ । उसभित्रको कथाकार थियो यो- हुन पनि हो आफूभित्रको अथाह भण्डारलाई मानिस कतिन्जेल रोकेर वा छेकेर राख्न सक्छ र ! तर उसले आफूलाई सम्हालिहाल्यो । त्यसैले त ऊ महान् र चर्चित कथाकार बन्न पुगेको थियो । म भने त्यस समयको प्रतीक्षामा थिएँ जुन समय हामी किनमेल सकेर जोगबनीबाट रिक्सामा विराटनगर फर्कनेछौँ । उसले दुइजोर कुर्तासुरुवाल किन्यो ।

'अरू के सामान सस्तो र राम्रो हुन्छ बहिनी.. ?'

मैले भनेँ, 'बिस्कुटहरू, कपडाहरू अनि भाँडाकुँडाहरू पनि सस्तैमा पाइन्छ दाइ ।'

'भइगो.. धेरै बोक्न गाह्रो हुन्छ अलिकति बिस्कुट किनौँ.. भइहाल्छ ।'

मैले चाहिँ आफू केही नकिन्ने सोच बनाएँ । किनभने जोगबनी त म फेरिफेरि आइरहन सक्छु तर कथाकार दिवाकरलाई कहिले भेट्न सक्छु र ? एउटा कुरो मैले पेन्टी र ब्राचाहिँ अवश्य किन्नुपर्ने थियो - कसरी किनूँ ? उसलाई लिएर जाँदा उसले के ठाल्ला ? नकिनी पनि भएको थिएन ।

-'दाइ,.. तपाईं यतै बस्तै गर्नुहुन्छ कि ! म केही सामान लिएर आइहाल्छु अनि सँगै फर्कौला ।'

-'हुन्छ,.. तपाइँ आफ्नो सामान पनि लिनोस् न । कतै ... मैले डिस्टर्ब गरिरहेको त छुइनँ ?'

उसले कति चाँडो मनको कुरा बुझेको होला । हुन पनि हो यति धेरै पात्रको मनोदशा बुझ्नेले म साधारण महिलाको मनोदशा किन नबुझ्नु र ?

-'छैन,... यस्तो डिस्टर्ब केही भएको छैन । यो त मेरो अहोभाग्य तपाइँजस्तो.. ऽ ....! झन्डै मेरो मुखबाट वास्तविक कुरा फुस्केको ! हुन पनि हो मानिस आफू आफैँमा केही होइन । उसले आफूलाई जतिसुकै नियन्त्रणमा राख्न खोजे पनि उसलाई डोऱ्याउने अरू कोही हुन्छ । म चाँडै नै रिक्सामा बसेर उसलाई मेरो मनको भावना पोख्ने कल्पनामा डुबिरहेकी थिएँ । त्यसैले चाँडै पेन्टी र ब्रा किन्न अर्को पसलमा पसेँ । तर ब्राको नम्बर नमिलेर मलाई केही समय ढिला हुन गयो । म हतारहतार गर्दै फर्कें तर अचम्म ! कथाकार दिवाकर त्यहाँ थिएनन्- म आत्तिएँ । मन शून्य भयो । नयाँ मान्छे कता छलिए होलान्, नयाँ ठाउँ हराउने पो हुन् कि अथवा व्यापारीहरूले जबरजस्ती सामान भिडाउने पो हुन् कि वा ठग्ने पो हुन् कि - मेरो प्रिय कथाकारलाई । कतै मैले नै उसको आत्मामा ठेस पुग्ने केही कुरा भनेँ कि ! 'लेखकहरू साह्रै संवेदनशील हुन्छन्' भन्छन् ।

मैले उसको मोबाइल नम्बर नमागेकोमा अहिले आएर मलाई पछुतो लाग्यो । रिक्सामा सँगै बसेर विराटनगर जाने अनि राम्रो रेस्टुराँमा बसेर गफ गर्दै खाजा खाने मेरो सपना सब चकनाचुर भयो । म बिलखबन्दमा परेँ । कहाँ खोजूँ कथाकार दिवाकरलाई यत्रो मानिसको भीडमा के भनेर खोजूँ । निकै समयसम्म म अन्योलमा परेँ । त्यसपछि केही सामान किनेँ र जोगबनीको बसस्टेन्डमा निकै बेर उसलाई भेट्नका लागि पर्खें । तर भेट हुन सकेन । अघि जाँदाको भरिएको गाडी अहिले रित्तो लाग्यो । केही हराएझैँ लाग्यो । आफ्नो छाया कतै छोडिएझैँ लाग्यो । मन ऊसँगै रिक्सामा बसेको अनि किनमेल गरेको समयमा अल्झिरहयो । म कति अभागी रहिछु । आफ्नो मन पर्ने कथाकारलाई यति नजिकैबाट छाम्ने मौका पाउँदा मैले आफैँले गुमाएँ । मैले पेन्टी र ब्रा नकिनेको भए पनि हुने ।

कथाकार दिवाकरज्यू- त्यो अभागी महिला म नै हुँ जसलाई तपाइँले जानेर वा अनजानमा जोगबनीमा छोड्नुभएको थियो । मैले तपाईंलाई आफ्नो परिचय पनि दिने मौका पाएको थिइनँ । अब त दिएर पनि के फाइदा होला ? भाउजूलाई कुर्तासुरुवाल मन पऱ्यो कि परेन ? मैले यतिबिघ्न मन पराएकी रहेछु भनेर रिसाउनुहुन्न होला ! म त एउटा नमुनामात्र हुँ- उहाँका देशभरि हजारौँ प्रशंसक हुन्छन् यसरी मन पराउने । हिमालले सौन्दर्य नछर्ने हो भने कोही पनि मन्त्रमुग्ध हुने थिएनन् होला - त्यस्तै फूलले आफ्ना सुन्दरता र वासना नछर्ने हो भने कसैले महत्त्व दिँदैनथे होला - भगवान्लाई मानिसले नपुजेको भए भगवान्को अस्तित्व धेरै अघि हराइसक्थ्यो । कृष्णका पछाडि हजारौँ गोपिनी त्यसै पछ्याउने थिएनन् - मन पर्ने गायकगायिकाको लागि हजारौँ मानिस अटोग्राफ लिन त्यसै तँछाडमछाड गर्दैनथे होलान् । पानी परेपछि मात्र इन्द्रेणी लाग्छ तर पानी पर्दैपिच्छे इन्द्रेणी लाग्छ भन्न सकिन्न, भाउजू । जीवन इन्द्रणीझैँ सप्तरंगी छ । जीवनको क्यानभासमा कहिले, कहाँ खुसी कोरिन्छ कसलाई थाहा हुन्छ र ? ■


जिरी बजार

■ मनोज दाहाल/जिरी

# रंगीन पहाड

**लालीगुराँसले ढाकिएका स-साना पहाडहरू पार गर्दै जिरी पुग्नुको बेग्लै मजा छ**


एरिक भ्याली र थिन्ले

**जिरीस्थित होटल** गौरी हिमालको पेटीमा एकजना चिने-चिनेजस्ता वृद्ध देखिए, थिन्ले रहेछन्। एक्लै गमेजस्तो हँसिलो मुद्रामा। काठमाडौंपूर्व भक्तपुर कहिल्यै नकटेका ६६ वर्षीय यी नायक उनी अभिनित सिनेमा 'क्याराभान'का निर्देशक एरिक भ्यालीसँगै जिरी हान्निएका रहेछन्। क्यान्सरको उपचार गराउँदै काठमाडौंमै बसिरहेका थिन्ले १ सय ८० किमी टाढाको बजार आइपुग्दा पनि थाकेका देखिएनन्। 'बाटो टाढो, आम्मामा.....! तर, चारैतिर पहाडै पहाड, ठाउँ रमाइलो छ', मुजा परेको गालामा हाँसो छर्दै थिन्लेले भने। तर, उनलाई खुला आकाशमुनि हजारौं दर्शकसँग बसेर आफ्नो बहुचर्चित सिनेमा हेर्नुको मजाभन्दा क्यान्सरको पीडाले चिन्तित बनाएको थियो। बोले, 'रोगले पिऱ्यो, खै, डाक्टरले ठिक हुन्छ भनेको छ !'

राजधानीबाट सात घन्टाको मोटरबाटो छिचोलेपछि पुगिने जिरीमा चलेको सिनेमा महोत्सवका मुख्य आकर्षक बनेका थिए थिन्ले र उनीसँगै आएका निर्देशक एरिक। ठूलै क्षेत्रफलमा फैलिएको यो सुन्दर र सफा उपत्यकामा महोत्सवको रंग कतिसम्म चढेको थियो भने चैत १६ गते साँझ खुला आकाशमा देखाइएको नौ वर्ष पुरानो सिनेमा 'क्याराभान' हेर्न सारा जिरीवासी ओइरिएका थिए। प्रदर्शित देखाइएका वृत्तचित्र र फिचर फिल्म गरी २० सिर्जनामध्ये अधिकांशका मेकर महोत्सवमा उपस्थित थिए। 'क्याराभान' निर्देशक भ्याली सम्भवतः नेपाली विषयमाथि अर्को सिनेमा निर्माण गर्ने सिलसिलामा अहिले नेपालमा छन्।

नेपालयको व्यवस्थापन र केही स्थानीय संस्थाहरूको आयोजनामा भएको महोत्सवमा नाम चलेका १७ वृत्तचित्र र तीन सिनेमा देखाइएका थिए, जसमध्ये 'क्याराभान' र नवीन सुब्बाको 'नुमाफुङ' खुला आकाशमुनि प्रदर्शन गरिएका थिए।


जिरी महोत्सवमा आएका ग्रामीण महिलाहरू

तस्वीरहरू: गिरीश गिरी

दुवै सिनेमा हेर्न साँझ ७ बजे दुई हजारभन्दा बढी जिरीवासी स्थानीय प्राविधिक शिक्षालयको आँगनमा भेला भएका थिए । पहिलोपल्ट यति धेरै दर्शकसँग बसेर खुला आकाशमुनि आफ्नो सिनेमा हेरिरहँदा थिन्ले र एरिक दुवै दंगदास थिए । 'म दर्शक देखेर खुसी छु', चौरमा बसेर दुई हात भुइँमा टेक्दै आरामी मुद्रामा सिनेमा हेरिरहेका एरिकले भने ।

सहरमा उति महत्त्व नराख्ने यस्ता महोत्सवले ग्रामीण भेकमा ठूलै प्रभाव छोड्छन् । नत्र किन ओइरिन्थे बालबालिका, युवा, वृद्ध सबै जिरी प्राविधिक शिक्षालयको आँगनमा ? बजार रंगीबिरंगी ध्वजापताकाहरूले चिरिच्याँट्ट पारिएको थियो, दुईतिर घर छोडेर काटिएको लामो सडकमा जताजतै तुल टाँगिएका । महोत्सव हाँक्न र सहभागी हुन काठमाडौंबाट गएको हुलले गतिलै स्वागत पाएको थियो जिरीमा ।

लालीगुराँसले ढाकिएका स-साना पहाडहरू पार गर्दै जिरी पुग्नुको बेग्लै मजा छ, यो वसन्त ऋतुमा । दोलखा सदरमुकाम चरिकोट काटेर तामाकोशी झरेपछि केहीबेर उराठलाग्दा पहाडहरू देखिए पनि अप्ठ्यारा मोडहरू पार गरेर जिरी उपत्यका छिर्नेबित्तिकै स्विसहरूले आधा शताब्दीअघि बसाएको यो सुन्दर बस्तीले मन लोभ्याउँछ ।

नाम सिनेमा महोत्सव भए पनि अरु थुप्रै आकर्षण थिए, जिरीवासीलाई लोभ्याउन यो मेलामा । स्थानीय उत्पादन र परम्पराहरूको प्रदर्शनमात्र गरिएको थिएन, स्थानीय युवाहरूलाई सिनेमा र पत्रकारितामा लोभ्याउन लघु कार्यशालाहरू पनि राखिएका थिए । पत्रकारिता कसरी सम्भावित पेसा बन्न सक्छ भनेर जिरीका जिज्ञासु युवालाई बताइदिए, पत्रकार कुन्द दीक्षितले । त्यसैगरी निर्देशक नवीन सुब्बा र केसाङ छेतेनले सिनेमामा आकर्षित युवाहरूका विभिन्न जिज्ञासा शान्त पारिदिए ।


तर, जिरीवासी निकै रिसाए, आफूले चाहेको वृत्तचित्र हाउसफुल भएर हेर्न नपाउँदा । सुरुमा आयोजकलाई आशंका थियो, यो सुदूरबस्तीका बासिन्दाले वृत्तचित्र र फिचर फिल्मको फरक र बेग्लाबेग्लै महत्त्व थाहा पाउलान् ? तर, जम्मा ८० दर्शक क्षमता भएको हलमा वृत्तचित्र देखाइरहँदा सिट नपाएका सयौं जिरीवासी चौरमा झुरुप्प भेला भएर मुर्मुरिरहेका थिए । बहुचर्चित वृत्तचित्रहरू 'उहिलेको नेपाल', 'रक्ताम्ये गराहरू', 'रातो मच्छिन्द्रनाथको यात्रा', 'जोगिमाराका ज्यूँदाहरू', 'भेंडाको ऊनजस्तो', 'टिम नेपाल', 'काठमाडौं ओडिसी'लगायत प्रदर्शन भइरहँदा बाहिर हेर्न नपाउनेहरूको भीड ठूलो थियो । महोत्सवकै लागि भनेर काठमाडौंबाट जिरी पुगेका एक दर्जन जति सिनेकर्मीहरूको सहयोगमा सुरु भएको 'डिभिडी लाइब्रेरी' सम्पन्न हुँदै गएपछि स्थानीयवासीले अहिले हेर्न नपाएका वृत्तचित्र र सिनेमा हेर्न पाउलान् !



पूर्व जनप्रतिनिधि तथा स्थानीय समाजसेवी इन्द्रबहादुर खड्काले बोकेका जिरीका सपना पनि कम्ता चाखलाग्दा थिएनन् । मेहनती स्वभावका खड्काले जिरीलाई 'स्वर्गीय' बनाउने परिकल्पना प्रस्तुत गरे, स्थानीयवासी तथा काठमाडौंबाट गएका सिनेकर्मी र पत्रकारहरूमाझ । उनका कल्पनाका उडान यथार्थमा परिणत हुन गाह्रो पर्ने खालका थिए, तर ती सपनाहरूमा लुकेको जिरीप्रतिको उनको माया र निष्ठा झल्काएको थियो, प्रस्तुतिले । 'स्विसहरूले बनाइदिएको जिरीमा जो खैरो छाला आए पनि हामीलाई स्विसजस्तै लाग्छ', उनले भने, 'अहिले पनि हामी यहाँ केही विकासनिर्माणका काम गर्नुपर्‍यो भने उनीहरूलाई नै गुहार्छौं ।'

कुनै जमानामा सगरमाथा पस्ने प्रमुख गौंडो जिरी अहिले शान्त छ, विकास निर्माण र गतिविधि दुवै हिसाबले । अहिले पनि पदयात्रा गरेर संसारको सर्वोच्च शिखर चुम्न खोज्ने आरोहीहरूले जिरीमा एकरात नबसी सुखै छैन । तर, लुक्लासम्म हवाईजहाज चढेर सगरमाथा क्षेत्रको यात्रामा निस्कनेहरू बढेपछि यो पूर्वी बजार अलि शान्त भएको हो । दुई दशकअघि स्विस सहयोगमा बनेको प्राविधिक शिक्षालयका गतिविधिहरू नै अहिले जिरीका रौनक हुन् । बजारबाट तीन घन्टा पदयात्रा गरेर चौरीखर्क उक्लिएपछि भेटिने चिज कारखानामा अहिले उत्पादन बन्द छ, तर जिरी पुग्ने देशीविदेशी पर्यटकहरूका लागि यो राम्रै आकर्षण हो ।

दुईदिने महोत्सवकै अवसर पारेर चित्र-पुस्तक 'लडाइँमा जनता'मा समेटिएकामध्ये छानिएका ७० तस्बिरको प्रदर्शन यात्रा सुरु भयो । जिरीबाट सुरु भएको तस्बिरयात्रा चौतारा, लहान, इलाम, नारायणगढ, नेपालगन्ज, धनगढी, तानसेन र पोखरा हुँदै एक महिनापछि काठमाडौंमा समापन हुनेछ । सबै स्थानमा प्रदर्शनीको उद्घाटन पुस्तकमा समेटिएका तस्बिरका कुनै स्थानीय पात्र वा फोटोग्राफरले गर्ने आयोजक नेपालयको योजनानुसार जिरीमा मैनापोखरीमा घटनामा पति गुमाएको क्षणमा आफ्नो काखे शिशुलाई स्तनपान गराइरहेकी नानीमाया काफ्लेले तस्बिरयात्राको उद्घाटन गरेकी थिइन् । ■




# शिल्पी उदाउँदै

**सम नाटकघर** अथवा गुरुकुलको अवधारणापछि नेपाली रंगमञ्चले नसोचेको उचाइ प्राप्त गऱ्यो। धेरै स्रष्टाहरूले मन पराए। गुरुकुलमा रंगमञ्चको रस लिन ओइरिने संस्कृतिले रंगमञ्चप्रतिको झुकाव धेरैमा रहेको प्रस्ट पाऱ्यो। स्रष्टाहरूले रंगकर्मीहरूप्रति देखाएको सम्मानका कारण रंगमञ्चले पुनर्जागरण पायो।

नेपाली रंगमञ्चको इतिहास लामो भए पनि पुनर्जागरणको जिम्मा गुरुकुललाई नदिई सुखै छैन। किताबका पानामा पढिने नाटकलाई गुरुकुलले हेर्नेसम्म बनायो। यही गुरुकुलबाट प्रशिक्षित भएको र रंगमञ्चप्रति गहिरो लगाव र झुकाव राख्ने युवाहरूको जमातले शिल्पी नामक अर्को रंगमञ्चको निर्माण गरेको छ।

दिनदिनै बढ्दो रंगमञ्चप्रतिको आकर्षण शान्त पार्न अझै पनि धेरै शिल्पीहरूको आवश्यकता छ। नेपाली रंगमञ्चले पुनर्जीवन पाउन थालेको धेरै भएको छैन। यसैलाई मनन गरेर एक अर्को रंगमञ्चको गठन भएको गरिएको बताउँछन्, संयोजक घिमिरे युवराज। 'हामी विश्वास गर्छौं शिल्पीले मनोरञ्जन मात्र होइन, सामाजिक सान्दर्भिकता र सापेक्षतालाई समेत समेट्नेछ', उनी अगाडि बताउँछन्।

रंगमञ्चले पक्कै पुनर्जीवन पाएको हो, तर विधिवत् रूपमा सम्मान पाउन सकेको छैन। 'हामी यसलाई सम्मानित बनाउन चाहन्छौं, स्थानीय लोकसंस्कृति हाम्रो उदयको आधार हो। सांस्कृतिक जगेर्ना गर्न नाटकको स्वरूपमा ढाल्नु हाम्रो काम हुनेछ', घिमिरे अगाडि बताउँछन्। सम नाटकघर गुरुकुलको स्थापनादेखि सक्रिय रहेका घिमिरेले रंगमञ्चप्रति स्रष्टाहरूको बढ्दो झुकावका कारण नयाँ थिएटरको परिकल्पना अगाडि सारिएको बताउँछन्, घिमिरे युवराज। उनको संयोजकत्वमा सातजना रंगमञ्चका शिल्पीहरूले शिल्पीको उदय गरेका छन्।

■ **ज्योति देवकोटा/काठमाडौं**

vianet
INTERNET
Unlimited Dialup Night Surfing
■ One Year - Rs. 2160/-
■ Six Months - Rs. 1200/-
■ Three Months - Rs. 660/-
■ One Month - Rs. 300/-
8 pm to 9 am &
Saturday Whole day
*Inclusive of all taxes
Just Call To Open An Account
Tel: + 977 1 5546410
vianet communications
info@vianet.com.np
www.vianet.com.np

# जिम्मेवारीमा प्रतिबद्ध

**सैनिक सेवाको** २७ वर्षभन्दा लामो अवधिमा निरन्तर मेधावी अधिकृतको परिचय बनाएका सहायक रथी रमिन्द्र क्षेत्री नेपाली सेनाको प्रवक्ताको भूमिकामा आइपुगेका छन्। पाँच वर्षअघि स्थापना भएको सेनाको जनसम्पर्क निर्देशनालयको प्रमुख नियुक्त भएपछि उनले प्रवक्ता बन्ने अवसर पाएका हुन्। बाह्रबुँदे समझदारीले कोरेको मार्गचित्रअनुसार नेपाली सेना र माओवादी सेना रूपान्तरणको चरणमा रहेका बेला क्षेत्रीको काँधमा उक्त जिम्मेवारी आएको छ। जनसम्पर्क निर्देशकको पदमा बहाली भएपछि समयसँगको कुराकानीमा उनले भने, 'जनसम्पर्क निर्देशनालयको संयन्त्रलाई जीवन्त राख्ने काम गर्नेछु। सूचना सम्प्रेषणाको काम अत्यन्त सौहार्दपूर्णरुपमा सञ्चालन गरिनेछ।'

जनसम्पर्क निर्देशनालयले आफ्ना सूचना र गतिविधिहरू सुरुदेखि वेबसाइटमार्फत सम्प्रेषण गर्दै आएको छ। आगामी दिनमा यसलाई अझै चुस्त बनाएर लैजाने उनी बताउँछन्। सेनाको आधारभूतदेखि गणपति तालिमसम्म सर्वोत्कृष्ट बनेका उनले पदीय जिम्मेवारीमा पनि अधिकांश सहकर्मीलाई उछिनेर रेकर्ड कायम गरेको मूल्यांकन अग्रजहरूको छ।

बेलायतलगायत मुलुकमा व्यवस्थापन, संगठन र युद्धकौशल जस्ता विषयमा तालिम लिँदा समेत आफ्नो उचाइ यथावत् राखेका क्षेत्री शारीरिक रूपमा अशक्त हुँदा पनि उही जोस र जाँगरका साथ कर्म गरिरहेका छन्, रतिभर थकान देखिँदैन उनीमा। माओवादीले पाँच वर्षअघि गरेको सांघातिक आक्रमणबाट बल्ल बल्ल बाँचेका क्षेत्री ह्विलचेयरको सहाराले हिँडडुल गर्न बाध्य छन्।


उनले माओवादी आक्रमणको स्थायी पीडा भोग्नुपरेको कष्टकर अवस्था छ। 'नहुनुपर्ने घटना भइहाल्यो, त्यसमा पश्चात्ताप गर्ने वा भुटभुटिने बानी मेरो छैन', क्षेत्रीले भने, 'त्यति बेला पनि पदीय जिम्मेवारी सम्हालिरहेको थिएँ, अहिले पनि मलाई संगठनको जिम्मेवारी उही जोसका साथ निर्वाह गरिरहेको छु।'

परिवारका अधिकांश सदस्य सेनामा जागिरे भए पनि उनलाई सुरुमा सेनाको जागिरप्रति रुचि थिएन। डाक्टर बन्ने लक्ष्यसाथ २०३२ सालमा त्रिचन्द्र क्याम्पसमा आइएस्सी भर्ना भएका उनी अन्ततः सेनामै भर्ना भए। पढाइलाई निरन्तरता दिने क्रममा उनले त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा एमए गरेका छन्। सेनाभित्र उनले प्राज्ञिक व्यक्तिको रूपमा पहिचान बनाएका छन्।

यसअघि सेनाको युद्धकौशल मनोविज्ञान विभागका प्रमुख भएर पाँच वर्ष काम गरिसकेका उनले जागिरेजीवनका क्रममा पोखरा, वीरगन्ज, इटहरी, कोशी टप्पुलगायत स्थानमा गुल्म र गणपति भएर जिम्मेवारी निर्वाह गरिसकेका छन्। शमशेरदल गणको गणपतिको हैसियतमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै २०५७ सालमा लेवनानमा शान्ति स्थापनार्थ खटिएका उनी नेपाली सेनालाई हेर्ने दृष्टिकोण अत्यन्त राम्रो रहेको बताउँछन्। मुलुकको परिवर्तित सन्दर्भमा सेनाको प्रवक्ताको जिम्मेवारी पाएका ४८ वर्षीय क्षेत्री भन्छन्, 'नेपाली सेना राष्ट्रिय र जनताको सेना भएकाले पारदर्शी हुनु आवश्यक छ।' ■



निरज सापकोटा





युवराज घिमिरे

# नाराको महानतामा लुकेको स्वार्थी राजनीतिक समीकरण

> अन्तरिम सरकार गठनको मुख्य आधार साझा सहमति र गन्तव्यमा प्रतिबद्धता हो । तर, आन्तरिक राजनीतिको प्रचुरता तथा सहयात्रीहरूमध्ये नै कसैलाई काखा र कसैलाई पाखा लगाउने खेलको परिणति मुख्य हुनेछैन । माओवादीले पूर्णरूपमा वा अपवादबाहेक संसदीय आचरण अनि संसदीय व्यवस्थाप्रति प्रतिबद्धता जनाउन केही समय कुर्नै पर्छ होला ।

**अन्तरिम सरकारको** गठनले सिद्धान्ततः नेपालमा राजनीतिक स्थिरता र स्थायित्वको वातावरण बनाउन उपयुक्त वातावरण बनाउँछ कि भन्ने आशा जगाएको छ । त्यो स्वभाविक हो । तर सरकार गठनमा भएको ढिलाइ र ती ढिलाइसँग जोडिएको मुद्दा र राजनीतिक व्यक्तित्व तथा दलहरूको चरित्र हेर्दा त्यो आशाको आधार पत्यारिलो देखिँदैन । अर्कोतिर कमसेकम नेपाली कांग्रेस तथा कांग्रेस प्रजातान्त्रिकको एकीकरण अब कठिन बन्दै गएको मात्र हैन, ठूलो संख्यामा गिरिजाप्रसाद कोइरालासँग दुखी भएका उनका नेता र कार्यकर्ताहरूले पनि नयाँ परिस्थितिमा अन्यत्रै ओत लाग्नुपर्ने स्थिति नआउला भन्न पनि सकिँदैन ।

स्पष्टरूपमा कोइराला र माओवादी नेतृत्वबीचको अघोषित समीकरण वा साँठगाँठले सबभन्दा दुखी बन्न पुगेको छ, नेकपा एमाले । माओवादी र कोइरालाबीच एमालेलाई अन्तरिम मन्त्रिपरिषद्मा दुई नम्बरको स्थान दिन नहुने सहमति मात्र बनेन, अन्तरिम सरकार गठनपूर्व माओवादीकै दबाबमा एमालेका सम्बन्धित मन्त्रीहरू खड्ग ओली र मंगलसिद्धि मानन्धरलाई क्रमशः राजदूत र विश्वविद्यालयका उपकुलपतिहरू नियुक्त हुनसमेत नदिएको एमालेको ठहर छ । अर्कोतिर कोइरालाले व्यक्तिगतरूपमा शेरबहादुर देउवालाई माफ नगरेको मात्र हैन, राजनीतिक रूपमा बढी कमजोर पार्न खोजेका संकेतहरू देखापरेका छन् । अन्तरिम सरकारको भागबन्डामा कांग्रेस प्रजातान्त्रिकलाई ३ क्याबिनेटस्तर र एक राज्यमन्त्रीस्तरका ठाउँ दिने सहमति भए पनि कोइरालाले ठिक उल्टो अथवा ३ राज्यमन्त्री र १ क्याबिनेट मन्त्री सामेल गरेका छन्, उक्त पार्टीबाट । यद्यपि ज्ञानेन्द्र कार्की र रमेश लेखक स्वतन्त्र राज्यमन्त्री पदमा छन् ।

राजनीतिक आक्रोश र खिचातानीलाई उक्साउने देखिन्छ, कोइरालाको एमाले र कांग्रेस प्रजातान्त्रिकप्रतिको व्यवहारले । यस सन्दर्भमा माओवादी र कांग्रेसबीचको गोप्य समझदारीअनुसार गृहमन्त्रालयमा कृष्ण सिटौलाको पुनर्नियुक्तिले त मधेसलाई थप आक्रोशित गरेको मात्र हैन, कांग्रेसभित्रै सुशील कोइराला र सम्पूर्ण तराई आन्दोलनमा व्यक्तिगतरूपमा खतरा मोलेर पनि पार्टीको चिन्तन र अडानमा उभिएका कांग्रेस सहमहामन्त्री डा. रामवरण यादवसमेत खिन्न छन् । अर्जुननरसिंह केसी, चक्र बास्तोला सहितका नेताहरूले कोइरालाको निर्णयबारे दलभित्रै असन्तोष व्यक्त गरेका छन् । अहिले मन्त्रिपरिषद्को एउटा तह र प्रधानमन्त्रीलाई घेरेको एउटा गैरसंवैधानिक शक्ति केन्द्र जनपद प्रहरी र सशस्त्रलाई पूर्णरूपमा राजनीतिक खल्तीमा राखी सेनालाई जिस्काउने र उक्साउने काममा लागेको तथ्यलाई प्रधानमन्त्रीसमक्ष सुरक्षानिकायका विभिन्न तह र कांग्रेसका केही नेताहरूले पनि उठाएका छन् । प्रधानमन्त्री निवासमै संसद् मातहत ल्याइएको सेनाविरुद्ध 'षड्यन्त्र' भइरहेको र यो कुरालाई पर्याप्त सूचना र सिकायत पाउँदा पनि प्रधानमन्त्रीले गम्भीरताका नलिएकाले आक्रोश र आशंका दुवै बढेको हो, कोइरालाविरुद्ध । राजालाई पदमुक्त गर्ने नाममा सेनाको मानमर्दन हुँदा रक्षामन्त्रीको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री चुप रहेर सेनालाई थप असुरक्षित बनाएको सुरक्षाविद्हरूको विश्लेषण छ ।

र तेस्रो अनुपयुक्त वातावरण, अपर्याप्त गृहकार्य, सबै राजनीतिक दल र पक्षहरूलाई समान राजनीतिक अवसर नदिइएको र आवश्यक कानुनी व्यवस्था नगरिएकै अवस्थामा पनि असार ६ मा चुनाव गराउने रटानले कोइराला अति महत्त्वाकांक्षीका साथै जनचाहना मतमा परिणत होस् भनी इमानदार नरहेको रायमा विस्तार भएको देखिन्छ । विश्वसनीयताविहीन र उपयुक्त वातावरणको अभाव अनि स्वभाविक प्रक्रियालाई छोट्याएर गरिएको चुनाव शाही शासनमा भएको चुनावभन्दा अलग त हुँदैन नै स्वीकार्यताको हिसाबले, कोइराला र माओवादीमाथि गैरप्रजातन्त्रवादमा हैकम चलाउन खोजेको आरोप लाग्नेछ । र, त्यसलाई आधाररहित भन्न मिल्नेछैन ।

अन्तरिम सरकार गठनको मुख्य आधार साझा सहमति र गन्तव्यमा प्रतिबद्धता हो । तर, आन्तरिक राजनीतिको प्रचुरता तथा सहयात्रीहरूमध्ये नै कसैलाई काखा र कसैलाई पाखा लगाउने खेलको परिणति मुख्य हुनेछैन । माओवादीले पूर्णरूपमा वा अपवादबाहेक संसदीय आचरण अनि संसदीय व्यवस्थाप्रति प्रतिबद्धता जनाउन केही समय कुर्नै पर्छ होला । तर बेलायती मन्त्रीसमक्ष माओवादी नेता सुरेश आले मगरले भनेजस्तै संसदीय व्यवस्थामा विश्वास नगर्ने माओवादी प्रतिबद्धता हो भने अन्तरिम सरकार गठनसम्मका सबै प्रक्रिया नाटक सावित हुनेछन् । अब त वास्तवमा, माओवादीसहितका नेताका रूपमा स्थापित भई कोइरालाले माओवादीलाई आफ्ना वचनअनुरूपका व्यवहार प्रस्तुत गर्न दबाब दिन सक्नुपर्छ, खासगरी माओवादीलाई रिझाउन नै एमाले र कांग्रेस प्रजातान्त्रिकलाई पाखा लगाएको सन्दर्भमा ।

प्रजातन्त्रको स्थिरता र स्थायित्वलाई यस्ता गतिविधिहरूले आघात पुऱ्याउछन् नै । कानुन बनाएर संसद्बाहिरका दलहरूलाई निषेध गर्ने गैरप्रजातान्त्रिक कार्यमा लिप्त हुनुको साटो अझै पनि प्रजातान्त्रिक शक्तिहरूलाई न्यूनतम साझा कार्यक्रमसहित कुनै सहज मोर्चामा ल्याउने काम नभएमा क्षणिक स्वार्थमा आधारित राजनीतिक समीकरण बन्नेछन्, जसले मुलुकलाई अस्थिरता र अराजकता मात्र दिन सक्छ । ■